# अध्याय एक (Unit-One)

# परिचय (Introduction)

## १.१. अध्ययनको पृष्ठभूमि (Background)

बर्गीय, जातीय, धार्मिक, राजनैतिक,सामाजिक तथा साँकृतिक उत्पीडनको बिरुद्ध शसस्त्र आन्दोलन गरेको नेपाल कम्युनिष्ट पार्टी माओबादीले बि.स.२०६२/६३ सालमा राजतन्त्र उन्मुलन गर्न सात राजनैतिक दलसँग ७ बुदे सहमती गरि टुंगियो । नेपाल सरकार र तत्कालीन बिद्रोही ने.क..पा माओबादी बीच भएको सहमतीमा बिघटित प्रतिनीधि सभाको पुन:स्थापना तथा नेपालको अन्तरिम संबिधान घोषणा भयो । अन्तरिम संबिधानमा राज्यको पुन:संरचनाको सवाल नसमेटिएकाले २१ दिने मधेस आन्दोलन भयो । माओबादीले द्धन्दकालमा कार्यान्वयनमा ल्याएका तथा सुषुप्त अबस्थामा रहेको संघीयताको सवाल मधेस आन्दोलनले सतहमा उजागर गर्‍यो । ७ राजनैतिक दल र माओबादी बीच भएको सहमति बमोजिम नेपालमा संबिधानसभाको चुनाब सम्पन्न भयो । २ वर्षे कार्यकाल रहेको संबिधान सभाले थप गरिएको २ बर्ष गरि ४ बर्षमा पनि संबिधान घोषणा हुन सकेन । संबिधानको अन्य मुद्धामा सहमत भएपनि संघीय राज्य निर्माणको आधार र संख्या कति भन्ने बिषयले अड्कियो । संघीयताको मुख्य आधार पहिचान वा सार्मथ्य कुनलाई बनाउने भन्ने बिषयमा राजनैतिक दल बीच कुरा मिलेन । पहिचानको आधार त्यसभित्र पनि जातीय आधारमा संधीय राज्य निर्माण गर्नु पर्ने र गर्न नहुने बीच बिबाद बढ्यो, परिणामत: संबिधान सभाबाट संबिधान घोषणा हुन सकेन । बिभिन्न कालखण्डमा आन्दोलन गर्दै आएका आदिबासी जनजाती तथा गैर जनजाती बीच संघीयता, आत्मनिर्णयको अधिकार, धर्मनिरपेक्षता र आरक्षण जस्ता मुद्धाहरुलाई हेर्ने दृष्टिकोण झन् फराकिलो बन्दै गएको छ ।

कुनै पनि समाजको विकास वा परिवर्तनको क्रममा आन्दोलनको महत्वपूर्ण भूमिका रहेको हुन्छ । आन्दोलन एउटा प्रक्रिया हो, जुन परिवर्तन चाहेको लक्ष्य हासिल

नभएसम्म निरन्तर कायम रहन सक्छ र असफल भएको खण्डमा कुनै बेला टुट्न सक्छ । आन्दोलनहरु विभिन्न प्रकारका हुन सक्छन् । जस्तै : राजनैतिक आन्दोलन, भाषिक आन्दोलन, सामाजिक आन्दोलन, सांस्कृतिक, धार्मिक र वैचारिक आन्दोलन ( भट्टचन) ।

इतिहासभरि नै विश्वमा जातीय संघर्षका काल्पनिक र बास्तबिक कथाहरु सुन्न एवम पढ्न पाइन्छन् । अमेरिका, अफ्रिका मुलुकहरुमा सेता र काला बीचमा मध्यपूर्वमा यहुदि र मुस्लिमका बीचमा हाम्रै छिमेकी देश भारतमा हिन्दू र मुस्लिमबीचमा भारत वर्षका इतिहासमा हिन्दू र वौद्धकाबीचमा थुप्रै हिंसात्मक घटनाहरु घटेका थिए र घट्दै पनि छन् । यसले अनावश्यक बलिदान र नरसंहार गरेको छ । यसबाट सीमित व्यक्तिले आंशिक र क्षणिक फाइदा पाउलान् तर अन्ततोगत्वा देश र बहुसंख्यक जनतालाई फाइदा पुगेको देखिएको छैन । त्यसैले समस्यालाई सामान्यीकरण गर्दा हुन्छ । जनजाती सवालको सहि हल निकालेर राम्रो गोरेटोमा डोऱ्याउन सकिएन भने राज्यलाई ठूलो क्षति हुनेछ (तामाङ, (ङ्ग)।

नेपालमा पनि जाति/जनजाती आन्दोलनहरुले आर्थिक, राजनीतिक, सामाजिक, शैक्षिक आदि अवसरहरुको प्राप्ति, आरक्षण, स्वशासन, संघीय राज्य वा आत्मनिर्णयको अधिकार प्राप्ति जस्ता विषयलाई लिएर जुन समग्र गतिविधि गरिरहेका छन् । वास्तवमा यहि जातीय आन्दोलन हो ।

नेपालमा जातीय सवाललाई हेर्दा वास्तवमा यो मूलतः यहींको सामाजिक विशिष्टताको उपज हो । विभिन्नखाले भाषा, धर्म, संस्कृतिको उपस्थितिमा तिनीहरुले समानताको व्यवहार नपाउनु र कुनै जातीय समुदायले आफ्नै पूर्ण जीवनपद्दति नपाउनु नै यो समस्याको केन्द्रीय पक्ष हो । यस्तो अवस्था त्यस्तो समुदायले या त अर्को समुदायसँग समानताको व्यवहारको माग राख्दछ या यस्तो प्राप्ति हुने स्थिति नभएमा आफ्नो छुट्टै स्थिति बनाउने कोशिस गर्दछ । त्यसैले वर्तमान नेपालमा देखिएको समस्या मूलतः विकसित जातीय समुदायका उच्च वर्गका मानिसहरुको शोषण उत्पीडनको

विरुद्धमा शोषित दलित तथा उत्पीडित जातिहरुकोमुक्ति आन्दोलन हो (अधिकारी, २०५७) ।

### १.१.१ जनजाती समूह (Ethnic people)

शाव्दिक वा सैद्धान्तिक परिभाषा जेसुकै भए पनि नेपालको सन्दर्भमा १८५४ को मुलुकी ऐनले तागाधारी, अछुत र पानी नचल्ने भनी परिभाषित गरेका बाहेकका निम्न विशेषता भएका समूहलाई जनजाती भनिन्छ ।

- अलग पहिचान
- आफ्नै भाषा, धर्म, परम्परा, संस्कृति, सभ्यता र आफ्नै समतामूलक सामाजिक बनोट ।
- लिखित वा मौखिक इतिहास ।
- सामुदायिक भावना ।
- आधुनिक नेपालको राजनीति र सरकारमा निर्णायक भूमिका नभएको ।
- जसले आफूलाई जनजाती भन्छ ।

**जनजातीको अर्थ** : अरु भन्दा भिन्दै खालको संस्कृति भएका मानिसहरुको समूहलाई जनजाती भनिन्छ । जनजातीको निर्धारण बनोटका आधारमा मूल्य, मान्यता, व्यवहार, भाषाका आधारमा गरिन्छ ।

### १.१.२ आदिवासी समूह (Indigenous peoples)

कुनै भाग उपनिवेश बनाइनुभन्दा पहिले आदिकालदेखि त्यहाँ बसोवास गरिरहेका समूहलाई आदिवासी भनिन्छ । आदिवासी शब्द बसोवाससँग सम्बन्धित छ भने जनजाती शब्द वंशज वा उद्भवसँग सम्बन्धित छ ।

नेपालमा एकल शासनपद्दति, बाहुनवाद र खस भाषाले जरो गाडेको देश हो । यहाँ अधिकांश जनताहरु बाहुन/क्षेत्रीको संख्याभन्दा धेरै छन् तर सरकारले अन्य जातजातीको भाषा, संस्कृति, चाडपर्व, सामाजिक मूल्य मान्यताको कदर गरेको छैन ।

यसै कारणले गर्दा पनि जनजातीका भाषा, धर्म, संस्कृति आज लोप हुँदै गएको पाइन्छ ।

आदिवासी जनजातीहरु नेपाल राज्यको अभिन्न अंग हुन् । नेपाल राज्यको निर्माण,विकास र विस्तारमा नेपालका आदिवासी जनजातीहरुले महत्वपूर्ण योगदान पुऱ्याएका छन् । तर अठारौं शताव्दीमा निर्मित आधुनिक नेपाल राज्यले नेपालका आदिवासी जनजातीहरुलाई संस्थागत रुपबाटै र अपहेलना गर्दै आएको छ । नेपाली समाजको विकसित, बहुजातीय, बहुभाषिक, बहुधार्मिक र बहुसांस्कृतिक भएर पनि नेपाल राज्यको स्वरुप र चरित्र केन्द्रिकृत र एकात्मक भएकोले राज्य संरचनाको विभिन्न निकाय र तहहरुमा नेपालका आदिवासी, जनजातीहरु समाहित हुन सकेका छैनन् । राज्यले नेपालका आदिवासी जनजातीहरुलाई जाती, भाषा, धर्म, लिङ्ग, वर्ग र क्षेत्रको आधारमा विभेद गरेको हुँदा राष्ट्रिय, राजनैतिक जीवनको मूलप्रवाहबाट नेपालका आदिवासीहरु अलग्गिएका छन् । राज्यको नीति निर्माण, नीति निर्णय र नीति कार्यान्वयनको प्रक्रियाहरुमा आदिवासी जनजातीहरुको सहभागिता नभएकोले देशको स्रोत, साधन र सामाजिक आंर्थिक अवसरहरुबाट आदिवासी जनजातीहरु बञ्चित बनाइएका छन् । फलस्वरुप नेपालका आदिवासी जनजातीहरु दिनप्रतिदिन सीमान्तकृत गरीब बन्दै गएका छन् (गुरुङ, २०६७) ।

१८५४ मा मुलुकी ऐनजस्तो बुहजातीय वर्णवादी एकल संरचनाभित्र हाल्ने प्रयास गऱ्यो । उक्त मुलुकी ऐनले कानून ब्राह्मण र क्षेत्रीलाई उच्च सामाजिक मर्यादा दियो, दलितहरुलाई शुद्र वा तल्लो (पानी नचल्ने) स्तरमा राख्यो र आदिवासीहरुलाई पनि शुद्रकै पानी नचल्ने स्तरमा राख्यो । कानुनी दण्ड अवस्था पनि जातीय आधारमा गरियो । एउटै मुद्दामा उच्च जातकाहरुलाई जातिच्युत मात्र सीमित गरिन्थ्यो भने अछुत जातका र आदिवासीहरुलाई मृत्युदण्ड दिइन्थ्यो (तामाङ, (•)) ।

## आदिवासी जनजातीहरुको परिभाषा

अन्तर्राष्ट्रिय श्रमसंगठन (ILO) ले सन् १९२३ मा आदिवासी (Indigenous) श्रमिकहरुको अधिकारको कुरा उठायो भने संयुक्त राष्ट्रसंघ (UNO) ले सन् १९९३ मा

Indiginous Year (आदिवासी वर्ष) नै मनायो । अब शव्द के राख्ने भन्ने बारेमा धरै तर्कवितर्कहरु भए । कसैले भने 'Indigenous' (रैथाने) कसैले भने 'Eutonomous' ( त्यहीबाट उत्पत्ति भएको) कसैले भने 'Aborigion' (सुरुदेखि बसेको) अब सुरुदेखी भन्ने त कोही पनि हुँदैन । नेपालको तिब्बती-वर्मन भाषा बोल्नेहरु जसलाई सिनोमङ्गोता जाति भनिन्छ । उनीहरु हिमाली भेग हुँदै आएका हुन् । आज होइन तर ५००० वर्ष अगाडि आएका हुन् । अर्कोतिर सुरुदेखि नै बसेको भए पनि जातीय मिश्रण भएको हुन्छ । जस्तो, नेवारहरुको उदाहरण दिन सकिन्छ । वुद्धको समयमा कपिलवस्तुमा बनारसका राजा विरुदेवले हमला गरेर शाक्य जातिलाई मार्न लाग्दा वौद्धमार्गी भिक्षु, भिक्षुणीलाई जबरजस्ती विवाह गराइदिएर भिक्षुप्रथा नै समाप्त गरे ।

आदिवासीको खास स्वीकृत परिभाषा छैन । यसलाई संयुक्त राष्ट्रसंघ, अन्तर्राष्ट्रिय श्रमसंगठन र विश्व बैंकले बेग्लाबेग्लै हिसाबले परिभाषित गरेका छन् । तर सामान्य हिसाबले परिभाषित गर्दा आदिवासी भन्नाले आफ्नै ऐतिहासिक निरन्तरता भएको, खास भौगोलिक क्षेत्रसँग सम्बन्ध रहेको, त्यस ठाउँमा वर्तमान अवस्थामा वा पहिले बसोवास गरेको, राष्ट्रिय राज्यका नागरिकहरु भन्दा केही बाहिर परेको, आफ्नो भाषा, संस्कृति र समाज रहेको र आफूले आदिवासी भन्ने र अरुले पनि स्वीकार गरेको समूह हो । आदिवासी (Indigenous) सँगसँगै आउने अरु अंग्रेजी शव्दहरुमा aborigines, native people, first people, fourth world, first nation र autochthnous (मुनिबाट निस्किएको) हरु हुन् । यी विभिन्न शव्दहरुमध्ये संयुक्त राष्ट्रसंघले भने आदिवासी (indigenous) शब्द रुचाउँछ । यहाँ Indigeneous भन्नाले खास ठाउँबाट आएको भन्ने बुझिन्छ । आदिवासी अहिलेको विश्वको जनसंख्या करिब ३५ करोड र कुल जनसंख्याको ६ प्रतिशत अनुमान गरिएको छ । यस्ता मानिसहरु ७२ देशमा छरिएर करिब ५००० जति प्रकारका छन् । आदिवासीको मूल विशेषता आत्मनिर्भर स्थितिमा रहेका पशुपालन र फलफुल व्यवसायमा लागेका घुमन्ते र शिकारमा निर्भर रहने खालका हुन्छन् भनि व्याख्या गरिएको छ (कंडेल, २०६३) ।

### १.१.३ आदिवासी आन्दोलनको विकास

दोस्रो विश्वयुद्धपछि मानव अधिकारबारे जुन चेतनाको लहर विश्वमा फैलियो त्यसलाई आवश्यकीय रुपमा ग्रहण गर्न आदिवासी/जनजाती समुदाय निकै पछि परेका छन् । तर ढिलै भए पनि अमेरिकी रेड-इण्डियनहरु लगायत दुनियाँका आदिवासी जनताहरुले गरेको आन्दोलनका क्रियाकलापले आज भिन्नै प्रकारको स्थितिको विकास भइरहेको छ । द. अमेरिका अमाजन क्षेत्रमा पर्ने भेनेजुयला, कोलोम्विया, पेरु, ब्राजिल, गायना र सुरिनामका आदिवासीहरुले 1980 मा “अमाजन आदिवासी संघर्ष समिति” गठन गरी आन्दोलन शुरु गरेका र यसै अवधिमा उष्ण-प्रदेशिय जङ्गल क्षेत्रका आदिवासी जनताको अन्तर्राष्ट्रिय एकता समाजको समेत स्थापना भएको हुँदा त्यस समाजबाट पनि अमाजन आदिवासी हक हीतको रक्षार्थ आवाज उठाइएकोले त्यहाँका राज्य सरकारहरु र विदेशी कम्पनीहरुले पनि आदिवासीका लागि केही न केही कार्यक्रम दिन बाध्य हुन परेको छ (तामाङ, २०५८) ।

आज विश्व भरिनै आदिवासी आन्दोलन उठिरहेको छ । सम्भवतः जातीय आन्दोलनहरुमा आदिवासी/जनजाती आन्दोलन मात्र यस्तो आन्दोलन हो, जो विश्वकै पीछडिएको मानव जातिले गरेको एक संयुक्त आन्दोलन हो ।

### १.१.४ नेपालको सामाजिक संरचना

भाषा र धर्मका आधारमा जनसंख्या लिए पनि जातीका आधारमा नेपालमा जनगणना सन् १९८१ सम्म नै लिइएको थिएन । सर्वप्रथम जनजाती आन्दोलनले जातीहरुको सांस्कृतिक अस्तित्व र पहिचानलाई मुद्दा बनाई दबाब दिएपछि सन् १९९१ को राष्ट्रिय गणनापछि जातीगत आधारमा जनसंख्याको गणना गर्ने कार्य शुरु भएको छ ।

#### (क) जातिगत संरचना

सन् २००१ को राष्ट्रिय जनगणनाअनुसार नेपालको कुल जनसंख्या २,२७,३६,९३४ र जातजाति, जनजाती र धार्मिक समुदाय गरी १०३ समूह छन् । तिनीहरु सानो संख्यामा १६४ देखि ठूलोमा ३५ लाखभन्दा बढी जनसंख्या भएको

जातिहरु छन् । नश्लका आधारमा तिनलाई चार समूह : १ भारतीय आर्य (ककेसियन), २ मंगोलमूल (वंशी), ३ अस्ट्रोइड र ४ द्रविड परिवारमा बाँड्न सकिन्छ । संख्यात्मक हिसाबले ५ प्रतिशतभन्दा बढी जनसंख्या भएका जनजातीमा क्षेत्री (१५.८०%) र बाहुन (१२.७४%) जातजातीहरु मध्ये मगर (७.१४%), थारु (६.७५%), तामाङ (५.६%) र नेवार (५.४८%)सहित केवल ६ वटा समुदाय मात्र छन् । १ देखि ५ प्रतिशत जनसंख्या हुने जनजातीहरुमा राई (२.७९%), गुरुङ (२.३९%), लिम्बू (१.५८%) र जातजातीमा ठकुरी (१.४७%), कामी (३.९४%), दमाई (१.७२%), सार्की (१.४०%), चमार (१.१९%), यादव (३.९४%), तेली (१.३४%), काहरी (१.११%) र मुस्लिम (४.२७%) छन् । बाँकी अरु सबैको १ प्रतिशतभन्दा कम छन् । जातजातीहरु उच्च-निच चारजातहरु ब्राह्मण, क्षेत्री, वैश्य र शुद्ध (अछुत) मा विभक्त छन् । नेपालमा जनजातीहरुको आफ्नो पूर्ख्यौली क्षेत्र छ । अन्य समुदायहरुको नेपालमा पूर्ख्यौली क्षेत्र छैन र जताततै फैलिएका छन् ।

**(ख) धार्मिक संरचना**

सन् २००१ को राष्ट्रिय जनगणनाले सातवटा धर्म हिन्दू (८०.६%), वौद्ध ( १०.७%), इस्लाम (४.२%), किराँत (३.६%), इसाई (०.५%), जैन (०.०%), शिख ( ०.०%), अन्य (०.४%) इत्यादिको सूचि प्रकाशित छ । सन् १९९१ को गणनामा हिन्दूहरुको प्रतिशत ८६.५% थियो । वौद्ध ७.८ बाट १०.७ प्रतिशत र किराँत १.७ बाट ३.७ प्रतिशतमा बढ्दा हिन्दू धर्मावलम्बीको संख्या घट्न गएको हो । हिन्दूहरुको प्रतिशत भविष्यमा झन् घट्ने सम्भावना बढी छ । कुल वौद्धमध्ये डा. हर्क गुरुङका अनुसार ९७.१ जनजाती र ३ प्रतिशत जात समूह पर्दछ (गुरुङ सन् २००४ : ८) । जनजाती समूहमा तामाङ (५९%), गुरुङ, नेवार (७.८%), शेर्पा लगायत २१ वटा हिमाली समुदायहरु (६.७%) कच्छड र मधेशका जनजाती (१.५%) छन् । किराँती धर्म मान्नेहरुमा राई र लिम्बू छन् ।

**(ग) भाषिक संरचना**

सन् २००१ को राष्ट्रिय जनगणनाअनुसार नेपालमा ४ भाषा परिवारका ९२ भाषाहरु बोलिन्छन र तिमध्ये भारोपेली (७९.१%), चिनियाँ भोटबर्मेली (१८.४%),

आग्नेली (०.२%), द्रविण (०.१%) र अन्य (३.३३%) छन् । नेपालको राष्ट्रभाषा र सरकारी कामकाजको भाषा भनिने खस भाषिको संख्या ४८.६१% छ । ५ प्रतिशतभन्दा ठूलो वक्ता संख्या भएका भाषाहरु मैथली (१२.३०%), भोजपुरी (७.५३%), थारु (५.८६%) र तामाङ (५.१९%) छन् । १ देखि ५ प्रतिशतसम्मका वक्ता संख्या भएका भाषाहरु नेवार (३.६३%), मगर (३.३९%), अवधि (२.४७%) वान्तवा (१.६३), गुरुङ (१.४९), लिम्वु (१.४७) र वैजिका (१.०५%) छन् । बाँकी सबै भाषाहरुको वक्ता संख्या एक प्रतिशतभन्दा कम छ । नेपाली वक्ताहरु क्षेत्री, बाहुन, ठकुरी, सन्यासी, कामी, दमै, सार्की र गाइने हुन् । कर्णालीका डोट्याली भाषाले नेपाली भाषासँग नाता तोड्न थालेपछि नेपाली भाषाको निश्चित वक्ता क्षेत्र देखिदैन । अन्य एक प्रतिशतभन्दा बढी संख्यामा बोलिने भाषाहरुको आफ्नो वक्ता क्षेत्र रहेको छ । वक्ताको विस्तारका दृष्टिले नेपाली थारु, तामाङ, नेवार, केन्द्रीय (राष्ट्रिय) र मैथली, भोजपुरी, अवधी, वान्तावा, लिम्बू, वैजिक भाषाहरु क्षेत्रीय (निश्चित क्षेत्रमा केन्द्रित) भाषा हुन् । नेपालको उत्तरी क्षेत्रमा बोलिने भोटेभाषा राष्ट्रिय स्वरुपको भाषा हो तर जाति सम्बन्धी जनजाती उत्थान प्रतिष्ठा कार्यदलको गलत सुझावका कारण सामुहिकरण हुन नसकी ओझेलमा परेको छ ।

### (घ) उच्च जात समूह, दलित र जनजाती वर्गीकरण अनुसार नेपालको संरचना

राज्यको हिमाली २१ (०.८२%), पहाडी २० (२६.५१%), भित्रि मधेश ७ (१.११%) र तराई ११ (७.८५%) गरी जम्मा जनजाती ५९ (३७.३१%) पहाडे दलित ५ (७.०९%) र तराई दलित १५ (६.७४%) गरी दलित २० (१३.८३%) मानेका छन् र सन् २००१ को गणनामा बाहुन, क्षेत्री, ठकुरी, सन्यासी चार पहाडे उच्च जात (३०.८९%) र तराई उच्च जात २३ (१२.३६%) र दुई धार्मिक समुदाय मुसलमान (४.२९%) र पहिचान खुल्न नसकेको करिब ५ प्रतिशत समुदायहरु छन् (तामाङ, २०६२) ।

नेपालमा देखापरेको जातीय आन्दोलन राज्यको एकात्मक संरचनाको विपक्षमा अभिव्यक्त भएको देखिन्छ । यस आन्दोलनले जातीय साझेदारीको आकांक्षा जाहेर गरेको छ । नेपालमा देखापरेको जातीय आन्दोलन हाल चारवटा धारहरुमा रहेका

छन् । जसमा, जनजातीय संघसंस्थाहरुको धार, जातीय मोर्चाहरुको धार, बहुजातीय मोर्चाहरुको धार र क्षेत्रीय मोर्चा वा पार्टीहरुको धार आदि पर्दछन् । यी सबै धारहरुको एउटै मत आरक्षण, स्वशासन र आत्मनिर्णयको अधिकारतर्फ केन्द्रित देखिन्छ ।

आजसम्मको मानिसको इतिहास, प्रवृत्ति र वर्गहरुबीचको संघर्ष कै इतिहास हो । संघर्ष, आन्दोलन र युद्धहरु पनि न्यायपूर्ण र अन्यायपूर्ण हुन्छन् । आक्रमक, हस्तक्षेप र प्रतिरक्षात्मक प्रकृतिका हुन्छन् । सबै युद्ध आन्दोलन वा संघर्षहरु नत पूर्ण रुपमा उचित र सकारात्मक नै हुन्छन् नत पूर्ण रुपमा अनुचित र नकारात्मक नै हुन्छन् । यस्ता आन्दोलन संघर्ष वा युद्धहरु जुन शोषित, उत्पीडन र अन्यायको विरुद्धमा लडिएका छन् भने तिनीहरुलाई उचित र न्यायपूर्ण मान्नुपर्छ ।

खासगरी नेपालमा जनजाती आन्दोलन राणाकाल देखिनै शुरु भएको मानिएता पनि यसले व्यापक र आफ्ना सवालहरु केन्द्रमा राखेर २०६२/२०६३ को जनआन्दोलनपछि मात्र चर्को रुपमा देखापरेको हो भन्न सकिन्छ । यो आन्दोलन चर्को रुपमा देखापर्नुको पछाडि मुख्य सवालहरुमा आरक्षण, आत्मनिर्णयको अधिकार, मातृभाषा, धर्म निरपेक्षता र संघीयता प्रमुख छन् । हुनत यस आन्दोलनले आर्थिक, सामाजिक, सांस्कृतिक, राजनैतिक अधिकारका सम्बन्धमा पनि वकालत गरेको छ तर यसमा पनि निर्णय गरी माथि भनिएका सवालमा जनजाती आन्दोलन बढी केन्द्रित देखिन्छ । नेपालमा जनजाती आन्दोलन, जनजातीले भोग्नु परेका समस्या, राजनैतिक क्षेत्रमा पनि उनीहरुको हिस्सा, जनजातीका भाषाहरुलाई राष्ट्रभाषामा प्रयोग गर्न पाउने अधिकार, आत्मनिर्णयको अधिकार, आरक्षण र जनजातीले चाहेको खण्डमा छुट्टै राज्यको निर्माण गर्न पाउने हक, अधिकारका सम्बन्धमा जनजाती आन्दोलन नेपालमा स्थापित हुँदैछ ।

## १.२ अध्ययनसँग सम्बन्धित समस्याको कथन (Statement of The problem)

नेपाल राज्यले उत्पीडित जातजाति, पिछडिएका क्षेत्र, महिला, मधेसी तथा मुस्लिम आदिलाई बिभिन्न सरकारी तथा सेवा क्षेत्रमा बिशेष आरक्षणको व्यवस्था गरेको छ । राज्यले प्रदान गरेको व्यवस्थाले सरकारी सेवामा प्रवेश गर्न चाहने गैर

जनजाती युवायुवतीमा एक प्रकारको हिनताबोध र बितृष्णा फैलाएको पाईन्छ । यसको असर शहर देखि ग्रामीण क्षेत्रका कुना काप्चा सम्म फैलिएको पाईन्छ भने अर्कोतर्फ सरकारी सेवामा सक्षम र गुणस्तरीय उम्मेदारको प्रवेश भएन भन्ने सुन्नमा आईरहेको छ ।

अर्कोतर्फ आदिबासी जनजाती, पिछडिएका क्षेत्र, महिला तथा मधेसीहरुलाई राज्यले राज्यको मुलधारबाट बहिस्करणमा पार्‍यो भनेर बिभिन्न कालखण्डमा अधिकारका लागी अभियान तथा आन्दोलनहरु सञ्चालन गर्दै आएका छन् । फलत: आदिबासी जनजाती, पिछडिएका बर्ग, क्षेत्र महिला मधेसी आदिलाई राज्यले बिशेष आरक्षको व्यवस्था गरेको छ । पछिल्लो कालखण्ड, बि.स.२०६२/६३ को दोश्रो जनआन्दोलन, अन्तरिम संबिधानको घोषणा तथा तत् पश्चात भएको मधेस आन्दोन र संबिधानसभाको चुनाबपछि नेपालमा अन्य मुद्दासँगै बिशेषगरि आदिवासी जनजाती र मधेसीहरुले उठाएका संघीयता, आत्मनिर्णयको अधिकार, आरक्षण र धर्मनिरपेक्षता माथी प्रशस्त छलफल र बहस भए । आदिबासी जनजातीहरुले उठाएका सबाल प्रति पक्ष र बिपक्षमा बहस, पैरवी गर्नेको संख्या बढ्यो, संबिधान सभामा निर्बाचित आदिबासी जनजाती सभासद्हरु छुट्टै समूह (ककस) वनाई संघीयता, आत्मनिर्णयको अधिकार तथा आदिवासी जनजातीको अन्य मुद्धामा वकालत गरे भने गैर जनजाती सभासदहरुले मुद्धा अनुसार आफ्नो तर्कहरु राख्दै आएका छन । जसकाकारण नेपाली समाज दूई ध्रुबमा ध्रुबिकृत भईरहेको छ । संबिधान सभाबाट संबिधान जारी हुन नसकेपछि नेपालमा पहिचान सहितको संघीयतालाई उठाउदै नयाँ राजनैतिक पार्टीहरुको स्थापना भईरहेका छन ।

आदिवासी जनजाती महिला, मधेसीले उठाएका मुद्धामा स्थानीय स्तरमा गठन हुने समिती देखि माथिल्लो निकाय सम्म समाबेशीको मुद्धा स्थापित भईरहेको छ । संघीयता, धर्मनिरपेक्षता, आत्मनिर्णयको अधिकार र आरक्षण जस्ता मुद्धामा नेपालको ग्रामीण तहदेखि राष्रियस्तरसम्म बहश र विबादमा रहेको मुद्धामा बैज्ञानिक ढंगबाट अध्ययन अनुसन्धान कम भएको पाईन्छ । आदिबासी जनजाती र गैरजनजातीहरुले आ

आफ्नो ढंगबाट अनुसन्धान भएपनि जनजातीहरुले उठाएका मुद्धा प्रति ब्राहमण र क्षेत्रीहरुको के कस्तो धारणा छ भन्ने बिषयमा खोज अनुसन्धान भएको छैन । अत प्रस्तुत शोधपत्रले आदिबासी जनजातीहरुले उठाएका मुद्धाहरुमा गैर जनजातीहरुको धारणा बुझ्न निम्न प्रश्नहरुको उत्तर खोज्ने प्रयास गरिएको छ

- आदिवासी जनजातीहरुले उठाएका प्रमुख मुद्धाहरु के के हुन ?
- आदिबासी जनजातीहरुले ती मुद्धा उठाउनका पछाडि रहेको तर्कहरु के-के हुन ?
- आदिबासी जनजातीहरुले उठाएका मुद्धाहरुमा गैर जनजातीहरुको के कस्तो धारणा रहेको छ ?
- गैर जनजातीहरुको फरक मत आउनुका तार्किकताहरु के के छन ?

## १.३ अध्ययनको उद्देश्य (Objective of the Study)

प्रस्तुत अध्ययनको सामान्य उद्देश्यको रुपमा आदिवासी जनजाती आन्दोलनले उठाएका सवाल प्रति गैर जनजातीहरुको धारणा बुझ्न रहेको छ । यस अध्ययनको विशिष्ट उद्देश्य देहाय बमोजिम रहेका छन् :

(१) आदिवासी जनजाती आन्दोलनले उठाएका सवालहरुको पहिचान गर्न र ती सवालहरुलाई प्राथमिकरण गर्न ।

(२) आदिवासी जनजातीले उठाएका सवालहरुप्रति गैर जनजतिको धारणा पत्ता लगाउनुका साथै ती सवालहरु प्रति सहमति वा असहमतिका कारण पत्ता लगाउन ।

## १.४ अध्ययनको महत्व (significance of the Study)

आदिवासी जनजातीहरुलाई राज्यले राजनैतिक, आर्थिक, सामाजिक, सास्कृतिक, जातीय, भाषिक, धार्मिक, लैङ्गिक तथा क्षेत्रिय उत्पीडनमा पार्‍यो भनेर बिगतका वर्षहरु देखि आन्दोलन गरिरहेका छन् । आदिवासी जनजाती आन्दोलन २०४६को आन्दोलन तथा २०६२/६३ को दोस्रो जनआन्दोलन पछि झनै शसक्त भएर आएको छ ।

२०६२/६३ पछिको मधेस आन्दोलन भएपछि झनै उत्कर्षमा आयो, जसले राज्यको पुर्नसंरचनालाई सतहमा छरपक्ष्ट पार्‍यो । संबिधानसभाको ४ बर्षको अबधिमा पनि राज्यको पुन-संरचना गर्दा पहिचानको मुद्दालाई प्रमुख कारण देखाउदै संबिधानसभा भंग भयो । त्यस कारण पहिचानको मुद्दा झन् उत्कर्षमा छ । एकल जातीय संघीयताको मागले आदिवासी जनजाती र गैर जनजाती बीचको मनमुटाब बढाई दिएको छ । त्यसकारण आदिवासी जनजातीले उठाएका मुद्दामा गैर जनजातीहरुको धारणा बुझ्न यो शोधपत्रले केहि हदसम्म सहयोग गर्ने छ ।

- यस अध्ययनबाट आदिवासी जनजातीहरुले उठाएका सवालहरुलाई स्वयं जनजाती/आदिवासीहरुले कसरी व्याख्या गर्छन् र त्यसप्रति बाहुन तथा क्षेत्री (गैर आदिवासी) हरुले कसरी हेरेका छन् भन्ने कुरा प्रष्ट पारेको छ ।
- यस अध्ययनले  जनजातीहरु उत्पीडन र शोषणमा पर्नु गैर जनजाती (वाहुन तथा क्षेत्री) यसका कारक तत्व हुन कि होइनन् भन्ने कुरा बुझ्न सहयोग गर्दछ ।
- आजसम्म आदिवासी जनजातीहरुले उठाएका सवालबारे गैर जनजातीको धारणा बुझ्न अध्ययन अनुसन्धान नभएकाले आगामी दिनमा शोधपत्र लेख्न चाहने बिद्यार्थीका लागि सन्दर्भ सामाग्री हुनसक्छ ।

# अध्याय दुई (Unit-Two)

## अध्ययनसँग सम्बन्धित साहित्यको पुनरावलोकन

## (Review of literature)

पृथ्वीनारायण शाहले एकीकरण गर्नुपूर्व, गरेपश्चात र शाह बंशीय अन्त्य नहुँदासम्म शासकहरुले जात र धर्मको आधारमा राज्य सञ्चालन गरे । जात र धर्मका आधारमा शासकहरुले सत्ता संचालन गरेका कारण जातीय उत्पीडन र शोषणका बिरुद्ध बिभिन्न समयमा ब्यक्तिगत वा संगठित रुपमा आन्दोलनहरु भएका उदाहरण नेपाली इतिहासमा छ । राज्यले आदिवासी जनजातीलाई राजनैतिक, प्रशासनिक, आर्थिक, सामाजिक, धार्मिक, सास्कृतिक, लैङ्गिक र क्षेत्रिय रुपमा बिभेदमा पारेको भन्दै बिभिन्न कालखण्डमा आदिवासी जनजातीहरुको हकहितका लागि आन्दोलनहरु भएका छन् । जातीय बिभेद, उत्पीडन, शोषणबाट मुक्ति पाउन, राष्ट्रिय मुलधारमा समाहित हुनका लागि आदिवासी जनजातीहरुले बिभिन्न सवालहरु उठाएका छन् । जस्तो, संघीयता, धर्मनिरपेक्षता, आरक्षण, आत्मनिर्णयको अधिकार, भाषिक, लैङ्गिक आदि सवालहरु हुन् । आदिवासी जनजातीले उठाएका बिशेष गरि संघीयता, धर्मनिरपेक्षता, आरक्षण, आत्मनिर्णयको अधिकारका बारेमा बिभिन्न पुस्तक, लेख रचना प्रकाशित अप्रकाशित लेखरचनाको बारेमा गरिएको साहित्यको पुनरावलोकन तल प्रस्तुत गरिएको छ ।

### २.१ संघीयता, धर्मनिरपेक्षता, आत्मनिर्णयको अधिकार, आरक्षण र जनजाती आन्दोलन

संघ अर्थात Federation भन्ने शब्द ल्याटिन भाषाको Foedas भन्ने शब्दबाट आएको हो, जसको अर्थ सन्धि(तचभबतथ), वा सम्झौता (covenant) हुन्छ । राज्यको उद्भबका हिसाबले महासंघीय राज्यको सार हो । संघीय व्यवस्था राज्यको त्यस्तो स्वरुप हो जुन बिभिन्न राज्यहरुबीचको सम्भौताबाट एउटा नयाँ संघ राज्य उद्भब भएको हुन्छ (श्रेष्ठ, २०६६, पृ.३) ।

फोरम अफ फेडेरसनको शब्दाबली अनुसार सङ्घीयता भन्नाले एक बृहत प्रकारको राजनीतिक प्रणालीलाई जनाउँछ जसमा एकात्मक प्रणालीको जस्तो राजनैतिक तथा कानुनी अधिकारको एकल तथा केन्द्रिकृत स्रोतको बिपरित दुई वा सो भन्दा बढी सरकारका तहहरु संबिधान मार्फत स्थापित भएका हुन्छन् । यस प्रणालीमा सरकाारका हरेक तहहरु प्रत्यक्ष निर्वाचनमार्फत गठन भएका हुन्छन् भने अधिकारको बाँडफाँडका आधारमा हरेक तहको सरकारलाई अर्कोतहबाट केहि स्वायत्तता प्राप्त हुन्छ । सङ्घीय प्रणालीभित्र साझा सरकारको प्रबन्धका माध्यमद्धारा सत्ता साझेदारी( सहकार्यको सम्बन्ध) र एकाईका सरकारहरुलाई क्षेत्रिय स्वशासन (अङ्गीभूत एकाइको स्वायत्तता) का तत्वहरु समाबेश हुन्छन् ।

अंग्रेजीमा संघीयतालाई Federalism भनिन्छ । यो ल्याटिन शब्द Fodus बाट पैदा भएको हो । जसको अर्थ हो - सम्झौता । यसको तात्पर्य सम्झौताबाट सत्ताको साझेदारी गर्नु नै संघीयताको चुरो कुरा हो । नेपालमा संघीयता तत्कालिन रुपमा तराई आन्दोलनको उपज हो । संविधान राज्यले माग गर्छ । २०६३ सालको हिउँदमा नेपालको पूर्वी तराई क्षेत्रमा अभूतपूर्व ढङ्गले मधेशी समुदायको जनआन्दोलन चर्किएपछि फागुन २५, २०६३ मा तत्कालिन आठ राजनीतिक दलको सहमतिबाट नेपालको भावि राज्यप्रणाली संघीय स्वरुपको हुने घोषणा गरेपछि हाम्रो मुलुकमा २३८ वर्ष लामो केन्द्रिकृत र एकात्मक राज्यको विधिवत समाप्त भएको छ (श्रेष्ठ, श्याम) ।

संघीय राज्य भनेको केन्द्रीय र प्रादेशिक राज्यहरबीच  शक्तिको समझदारी हो । संघीय राज्यमा केन्दीय सरकार साझा शासनको आधारमा सञ्चालन हुन्छ भने प्रादेशिक सरकार स्वशासनको आधारमा सञ्चालन भईरहेको हुन्छ । विश्वमा संघीय राज्यको सुरुवात इतिहासको एउटा कालखण्डमा छुट्टाछुट्टै भईरहेका देशहरु सामुहिक सुरक्षा र बृहत बजारबाट फाइदा लिनका लागि एउटै शासनभित्र रहने सन्धी गरेर भएको हो । एउटै जातीय पहिचान भएका छुट्टै देशहरु यही मान्यता अनुसार एउटै भएको इतिहास पाईन्छ । आजकाल एउटै केन्द्रिकृत राज्य भित्र जातीय, भाषिक तथा क्षेत्रिय उत्पीडनका कारणले उत्पन्न द्धन्द समाधान गर्नका लागि बिभिन्न समुदायलाई

सामुहिक अधिकार अनुसार स्वायतता दिएर सहमतिको आधारमा शासनसत्ता सञ्चालन गर्ने सुरुवात भएको छ -श्रेष्ठ, २०६६) ।

नेपालको सन्दर्भमा संघीयता वा संघीय राज्य प्रणालीको मुद्दालाई उठाउने काम मुख्यतः आदिवासी जनजातीहरु र तराई-मधेसका जनसमुदायहरुले गरेका छन् । निरङ्कुश राजतन्त्रका विरुद्ध जनआन्दोलनले जोड पक्रँदै जाने क्रममा त्यसले अझै प्रखरतापूर्वक मुखरित हुने मौका पायो (थापा, परी (ङ) ।

अर्को शब्दमा भन्ने हो भने संघीयता भनेको स्वशासन र स्वायत्तता हो । स्वशासनको मतलव हो आफ्नो शासन स्वयंमले गर्नु हो । यस हिसाबले स्वशासन भन्नाले देशव्यापी रुपमा अल्पसंख्यामा रहे पनि आफ्नो क्षेत्रमा सघन रुपमा र बहुमत वा बहुलताको स्थितिमा रहेका अल्पसंख्यकहरुले आफ्नो जातीय वा सांस्कृतिक पहिचान सहित आर्थिक, सामाजिक र राजनीतिक मामलामा स्वायत्त ढंगले आफ्नो शासन आफै बनाउनु हो । संघीयतामा स्वशासन भन्नाले एकाइहरुलाई राजनीतिक, अर्थनीति र भाषा/संस्कृतसम्बन्धी नीति लगायत थुप्रै मामलामा आत्मनिर्णय गर्ने हक हुन्छ (श्रेष्ठ, श्याम) ।

विश्व तहमा देखिएको नेपालमा आन्दोलन कुनै नयाँ कुरा होइन तर आन्दोलनको पृष्ठभूमि कस्तो छ ? आन्दोलनका सवल र निर्वल पक्ष कस्ता छन् र आन्दोलनले के-कस्ता सवालहरुलाई उठाएको छ ? यसले नेपाली समाजमा कस्तो असर पार्न जान्छ र आन्दोलन वर्तमान समाजको उपज हो की आन्दोलनका बाध्यकारी पक्ष हो की ऐतिहासिक पक्ष हो की होइन भन्ने कुरा महत्वपूर्ण हुन जान्छ । आन्दोलन विभिन्न प्रकारका हुन्छन् । जस्तै : राजनैतिक आन्दोलन, सांस्कृतिक, धार्मिक आन्दोलन, वैचारिक आन्दोलन यस्तै प्रकारको आन्दोलन हो, वर्तमान समायमा देखिएको जनजाती आन्दोलन ।

वर्तमान विश्व मानिस बीचका अन्तरविरोधहरुले ग्रस्त छ । सम्भवतः यो हिजोभन्दा आज बढ्दै गएको छ । आज विश्वका हरेक देशहरुमा कुनै न कुनै प्रकारका जातीय समस्याहरु देखिएका छन् । यस्ता समस्याहरु कहीकही सुषुप्त देखिन्छन् भने

कहीँ त विष्फोटक अवस्थामा समेत पुगेका छन् । यो समस्याबाट सम्भवतः कुनै पनि महादेश मुक्त छैन (अधिकारी, २०५७) ।

राणाशासन १९५० मा अन्त्य भयो तर हिन्दूकरणको प्रक्रिया रोकिएन । बहुदलिय प्रजातान्त्रिक अवस्था भएपछि संविधान (१९५८) ले “खस” भाषालाई नेपालको “राष्ट्रभाषा” (धारा - ७०) परिणक्षण गऱ्यो । त्यसपछि बनेको निरंकुश पञ्चायती संविधानले (१९६०) नेपाललाई “हिन्दू राज्य” (धारा ३) बनायो । सन् १९५२/५८ को बीचमा खसभाषा बोल्नेको संख्या ४७ बाट ५९ प्रतिशत पुगेको देखाइएको थियो भने आदिवासीहरुको भाषा बोल्नेको संख्या २६.२ बाट १६.४ प्रतिशत झारेको देखाइएको थियो । उक्त समयमा वुद्ध धर्म पनि ९ बाट ५ प्रतिशत झरेको देखाइएको थियो । जनजातीको संघर्षको कारण १९९१ को जनजागरणमा भने उक्त संख्यामा केही परिवर्तन भएको थियो । तर तराईमा भने अवधि बाहेक अन्य भाषाहरु (आदिवासी भाषा बाहेक) बोल्नेको संख्या जुन रफ्तारमा बढिरहेको देखिन्छ त्यसको कारणमा भारतबाट नेपाल भित्रिनेको संख्यामा भइरहेको वृद्धि पनि एक रहेको छ ।

विश्वमा आदिवासी आन्दोलनले आत्मनिर्णयको अधिकारलाई राज्यको दया, मायाबाट पाउने अधिकार होइन, आदिवासी, जनजाती अविभाज्य नैसर्गिक अधिकारका रुपमा लिने गरेको छ ।

जनजाती आन्दोलनले जतिजति तीव्र र व्यापक रुपमा प्रगति गर्दै गयो, त्यसले त्यति नै अनुपातमा आफ्नो आन्दोलनका मुद्दाहरु जातीय पहिचान सहितको सामाजिक, आर्थिक तथा राजनैतिक हक, अधिकारहरुप्रति केन्द्रित गर्दै लग्यो । फलस्वरुप अब जनजाती आन्दोलन शीर्ष भाषाका संस्कृतिको विकास र जातीय पहिचानको सवालमा मात्र केन्द्रित नभएर राज्यमा जनजातीहरुको जातीय पहिचान सहितको प्रतिनिधित्व सम्बन्धी सवालमा सशक्त रुपमा अगाडि बढ्यो । सन् १९९० ले जनआन्दोलनद्वारा स्थापित बहुदलीय प्रजातन्त्रबाट नेपाली जनता र खासगरी देशको कुल जनसंख्याको अग्रस्थान ओगट्ने तर सामाजिक-सांस्कृतिक, भाषिक, धार्मिक र मनोवैज्ञानिक रुपबाट समेत विस्तापित भएका आदिवासी जनजातीहरुको आशा, आकांक्षा र चाहना पूरा हुन

सकेन । राज्यशक्ताको स्वरुप पहिलाकै जस्तै सामन्ती केन्द्रिकृत र एकात्मक भएकोले राज्यसत्ताको संरचनामा नेपालका आदिवासी जनजातीहरु बहुसांस्कृतिक राज्यको रुपमा मान्यता प्रदान गरेता पनि व्यवहारमा नेपालका आदिवासी जनजातीहरुले बहुजातीय, बहुसांस्कृतिक, बहुभाषिक तथा बहुधार्मिक समाजको अनुभूति गर्न सकेनन् । राज्यले निरन्तर संस्थागत रुपमा एउटा जाति, एउटा भाषा, एउटा धर्म र एउटा संस्कृतिको नीतिलाई अवलम्बन गर्न छोडेन । राज्यको यस्तो विभेदकारी नीतिको कारण नेपालका आदिवासी जनजातीहरु राज्य संरचना र राष्ट्रिय राजनैतिक जीवन तथा विकास प्रक्रियाको मूलधारबाट वहिष्करणमा परे । फलस्वरुप नेपालका आदिवासी जनजातीहरु नेपालमा लामो समयदेखि जरा गाडेको हिन्दू धर्म संस्कृतिको आधिपत्य र नेपाली खस भाषाको एकाधिकारलाई चुनौति दिनुका साथै उनीहरुले कथित उपल्लो जातका हिन्दू शाषक वर्गको सामाजिक विभेद, आर्थिक तथा राजनैतिक उत्पीडन र दमनलाई पनि मूलरुपमा चुनौति दिनथाले । त्यसका अलवा राज्यको स्वरुप र चरित्र केन्द्रिकृत र एकात्मक भएकोले त्यसलाई पूर्ण समावेशी, सहभागी र समानुपातिक रुपमा प्रतिनिधिमूलक बनाउन आत्मनिर्णयको अधिकार र जातीय प्रादेशिक स्वशासनको आधारमा राज्यको संघीय संरचनाको मुद्दालाई जोडदार रुपमा उठाउन थाले (गुरुङ, २०६७) ।

नेपालको आदिवासी जनजाती आन्दोलनको एउटा अहम् मुद्दा आत्मनिर्णयको अधिकारसहितको आदिवासी जनजातीय स्वायत्तताका साथै स्वायत्त राज्यका भूमिको अग्राधिकार हो । यो चाहना बाइसे-चौविसे कालमा फर्कने कुरा नभएर एक्काइसौं शताव्दीको मानव अधिकार हो ( भट्टचन, (२०६५) ।

आदिवासी जनजातीको दृष्टिकोणमा आत्मनिर्णयको अधिकारलाई गैर आदिवासी जनजाती, राज्य र विश्व समुदायले कुनै सर्त, सीमा वा भेदभावविना सहज तरिकाले स्वीकार गर्नुपर्छ । यो अधिकार विश्वव्यापी अधिकार भएकोले यो अविभाज्य छ र यसलाई आन्तरिक र बाह्य आयाम भनेर विभाजन गर्नु ठीक छैन । यो निरपेक्ष अधिकार होइन । त्यसैले यसलाई अन्य जनताको अधिकारलाई बाधा नपार्नेगरी प्रयोग

गर्नुपर्छ । आदिवासी जनजातीलाई आत्मनिर्णयको अधिकार दिँदा अन्तराष्ट्रिय कानुनका आधारमा क्षेत्रिय अखण्डतालाई अक्षुण्ण राख्ने गरी भन्नु आवश्यक छैन ।

आत्मनिर्णयको सम्बन्धमा  प्राध्यापक मिश्रले रोजा लक्जम्बर्गले अगाडि सारेका तर्क उद्धृत गर्दै "आत्मनिर्णयको अधिकारलाई गरिबले सुनको थालमा खान पाउनुपर्छ भने जस्तै हो जसले दिनमा दुई पेट खान पाउदैन त्यसले आत्मनिर्ण कसरी गर्छ । खानकै लागि अरुमा भर पर्नेले राजनीतिक आत्मनिर्णय कसरी गर्छ । खाना र काम पाउने व्यवस्था गर अनिमात्र आत्मनिर्णयको औचित्यपूर्ण हुन्छ ।" मिश्र भन्छन् नेपालको सन्दर्भमा यहाँ धेरै जाति बस्छन् । कसको आत्मनिर्णय हुन्छ ? काठमाडौमा ३६ प्रतिशत नेवारको, कर्णालीमा २५ प्रतिशत मुनिका दलितको आत्मनिर्णय सम्भव छ? अर्कातिर, आजको संसारमा आत्मनिर्णय  भन्ने नै कहि छैन । अमेरिकाले त आत्मनिर्णय गर्न सक्दैन । चीनले के गर्छ,के गर्छ भन्ने आधारमा उसका नीति बन्छन । बिश्वब्यापीकरणले सबैका आत्मनिर्णयमा रोक लगाईसक्यो । युरोपेली युनियनले ग्रीसलाई आफ्नो नागरिकलाई कति बर्षमा अबकाश दिने भन्ने निर्णय गर्न दिएन । यहाँ एउटा ब्यक्तिले त आत्मनिर्णय गर्न सम्भब छैन भने जातिको कसरी सम्भब छ ? त्यसैले सुन्दा आनन्द आए पनि यसको सार्न्दभिकता छैन । यो सब फजुल कुरा हो (मिश्र,२०६८) ।

राष्टिय राजनीतिमा जातीय मुद्दा प्रमुख रुपमा स्थान पाइरहेको, राजनैतिक दलहरुले जातीय मुद्दालाई उठाएर बर्गीय मुद्दा ओझेलमा परिरहेको छ । नेपालमा संघीय राज्य बनाउँदा जातीयताको आधारमा नभई सार्मथ्यको आधारमा बनाउनु पर्दछ । जातीयता भनेको कुनै निश्चित कुरा होईन यौ इतिहास कममा बन्ने कुरा हो । फलानो जातको फलानो गुण हुन्छ भन्ने हुदैन, अर्थात बाहुनको फलानो गुण हुन्छ, राईको फलानो हुन्छ भन्ने । यो कालान्तरमा सम्बन्धको प्रकृतिले निर्माण गर्ने कुरा हो । नेपालमा खास किसिमको गुण भएको,पोशाक लगाउने वा शारीरिक बनोट भएको जनजाती हुन्छ भन्ने आम चलन रहेको छ । यो प्राज्ञिक समुदायमा पनि प्रबेश गरेको छ जुन गलत हो । जातीयता भनेको बन्दै बिग्रदै र फेरि बन्दै जाने कुरा हो । मिश्र भन्छन नेपालको सबै बाहुन सम्पन्न छैनन्,र सबै जनजाती पनि पिछडिएका छैनन् ।

हिमाली तथा पहाडी गाँउ ठाउमा बस्ने बाशुा पनि पिछडिएको छ खास शहरी क्षेत्रमा बस्ने बाहुनले फाईदा लिएका हुन । सबै बाहुनक्षेत्री तथा जनजातीलाई समग्रतामा हेरिनु हुदैन । राज्यले अनिबार्य रुपमा नामको पछाडि जात वा थर लेख्न लगाएर जातीयतालाइ बढवा दिईरहेको तथा बिभिन्न समूहमा बिभक्त हुन उत्प्रेरित गरिरहेको छ (मिश्र, २०६८)

संघीयता भन्नाले एक वृहत प्रकारको राजनीतिक प्रणालीलाई जनाउँछ जसमा एकात्मक प्रणालीजस्तो राजनीतिक तथा कानुनी अधिकारको एकल तथा केन्द्रिकृत स्रोतको विपरित दुई वा सोभन्दा बढी सरकारका तहहरु संविधान मार्फत स्थापित भएका हुन्छन् । यस प्रणालीमा सरकारका हरेक तहहरु प्रत्यक्ष निर्वाचन मार्फत गठन भएका हुन्छन् भने अकिारको बाँडफाँड प्रत्यक्ष निर्वाचन मार्फत गठन भएका हुन्छन् भने अधिकारको बाँडफाँडका आधारमा हरेक तहको सरकारलाई अर्को तहबाट केही स्वायत्तता प्राप्त हुन्छ । संघीय प्रणालीभित्र साझा सरकारको प्रवन्धका माध्यमद्वारा सत्ता साझेदारी (सहकार्यको सम्बन्ध) र एकाइका सरकारहरुलाई क्षेत्रीय स्वशासन का तत्वहरु समावेश हुन्छन् ।

कुनै जाति विशेष वा पीछडिएको वर्ग समुदायको हीत संरक्षण गर्नका लागि संघीय शासन व्यवस्था उपयुक्त हुन्छ भन्ने कुरा पनि मान्न सकिदैन । उदाहरणका लागि संविधानसभाको निर्वाचनका लागि राष्ट्रको कानुनले पीछडिएका केही वर्गहरु जस्तो : दलित, जनजाती, मधेशीका लागि खास प्रतिशतको संख्या किटानी गरिदिएको छ । जसअनुसार दलितका लागि १३ प्रतिशत (३१ सिट), जनजातीका लागि ९१ सिट ३७.८ प्रतिशत (करिब ९१ सिट) र मधेसीका लागि ३१.२ प्रतिशत (करिब ७५ सिट) हुन जान्छ । यो भनेको उनीहरुको राष्ट्रिय शक्ति हो । संघीय शासन व्यवस्थामा जानु भनेको स्वभाविक रुपमा यी समुदायको राष्ट्रिय शक्ति (National Strength) लाई विभाजन गर्नु हो र उनीहरुलाई झन् कमजोर बनाउनु हो (आचार्य, ) ।

धर्मको हिसाबले बहुसंख्यक हिन्दूहरुसँग अरु धर्मका मानिसहरुको साझेदारीलाई नेपाली राष्ट्रियता मान्नुपर्छ भन्न सकिन्छ । आधुनिक युगमा केवल धर्मको नाममा

राष्ट्रिय पहिचान बनाउनु उचित हुँदैन । सबै प्रजातिका हिसाबले बहुसंख्यक आर्यहरु र अन्य जनजातीहरुको साझेदारीलाई राष्ट्रियता भन्नुपर्ने मत पनि छन् । तर आर्यमध्ये पनि वैदिक र अवैदिक पहाड र तराईका साथै विभिन्न जातहरुको बनोटले गर्दा त्यसो गर्नु उचित  हुँदैन । संक्षेपमा आधुनिक प्रगतिशिल राष्ट्रियताको निर्माणमा धर्म र प्रजातिलाई जोड्नु उपयुक्त हुँदैन । किनभने त्यस्तो पहिचानले हाम्रो राष्ट्रिय पहिचानलाई समग्रमा जोड्दैन र राष्ट्रियतालाई कमजोर पार्छ । त्यसबाहेक त्यहाँको हिन्दू परम्परा र वौद्ध परम्परा यसरी जोडिएका छन् की उनीहरुलाई छुट्याउन आवश्यक छैन । मुस्लिम र हिन्दूबीच पनि अनुपम सम्बन्ध बनेको छ । पूरानो सत्ताको संसदमा २६५ जनताले मुलुकलाई धर्मनिरपेक्ष घोषणा गर्दा कुनै हिन्दू त्यस विरुद्ध सडकमा ननिस्केका वा पश्चिम प्रतिक्रियावादी मानवशास्त्रीहरुले केवल हिन्दूहरुले गैर हिन्दूहरुलाई गरेको शोषणको इतिहासका रुपमा नेपालको इतिहासलाई व्याख्या गर्न खोजे पनि कुनै गैर हिन्दूहरुले हिन्दूहरुका विरुद्ध विद्रोह नगरेको मुलुक हो यो । यी सबै सन्दर्भलाई हेर्दा नेपाल अनेक अल्पसंख्यक जातजातिहरुको साझेदारीले बनेको मुलुक हो र त्यही साझेदारीको एकता नै नेपालको राष्ट्रियता हो (भुसाल, २०६८) ।

धर्म प्रत्येक व्यक्तिको नीजि आस्था र विश्वासको कुरा हो । इतिहासका विभिन्न कालखण्डमा विभिन्न धर्महरुले सकारात्मक भूमिका खेलेको भए पनि मध्यकालमा ( केही अपवादमा अहिले पनि) धर्मको आधारमा राज्य सञ्चालन गरिएको भएता पनि लोकतन्त्रमा कुनै पनि राज्यले निश्चित धर्मलाई राज्य धर्मको अवलम्बन गर्न सक्दैन । राज्य धर्मको मामलामा तटस्थ रहनुपर्छ र प्रत्येक नागरिकको धार्मिक स्वतन्त्रताको संरक्षण र सम्मान गर्नुपर्छ । जनआन्दोलनको बलमा पुनःस्थापित प्रतिनिधिसभाले धर्मनिरपेक्षताको घोषणा गरेको भए पनि यसलाई व्यवहारमा कार्यान्वयन गर्न गर्नुपर्ने कामहरु बाँकी छन् । राज्यको पुनःसंरचनाभित्र यो प्रश्नलाई पनि सहि ढंगले सम्बोधन गरिनु पर्छ (ज्ञवाली, २०६८) ।

आत्मनिर्णयको अधिकार मानव अधिकारको विषय हो । संयुक्त राष्ट्रसंघले गरेको व्याख्याअनुसारको अधिकारको रुपमा हामीले यसलाई लिएका छौं । संयुक्त राष्ट्रसंघको आत्मनिर्णयको अधिकारवाला मानव अधिकार घोषणापत्रमा त नेपालले

सहि पनि गरिसकेको छ । त्यसले सम्बन्धित समुदाय, सांस्कृतिक, सामाजिक, आर्थिक अधिकारहरु सुनिश्चित गरेको छ । मधेशलाई चाहिएको आत्मनिर्णयको अधिकार यही हो । आत्मनिर्णयको अधिकार दिनासाथ देश टुक्रिन्छ भन्नेहरु पनि छन् । त्यसमा हाम्रो भनाई के छ भने पहिलो कुरा त हामी अलग राज्य बनाएर जाने आत्मनिर्णयको अधिकारको पक्षमा छैनौं, दोस्रो कुरा जनतालाई अधिकार दिँदा उसले मुलुक टुक्राउँदैन, त्यसले झन् एक गराउँछ । समुदाय, क्षेत्रको अधिकार सुनिश्चित हुन नदिन गरिने कुतर्कहरुको पछि लाग्न जरुरी छैन (यादव, (ड्ड) ।

नेपालजस्तो सानो र पीछडिएको देश कैयौं राज्यहरुमा बाँडिएर पछि उनीहरुसित आफ्नो अस्तित्व वा विकासका लागि पर्याप्त आधार, स्रोत वा साधनहरुको कमि हुनेछ । बेग्लै राज्य बनेपछि व्यवस्थापिका, मन्त्रीमण्डल, प्रशासनयन्त्र वा अन्य कामहरुका लागि कैयौं खर्चहरु बढेर जानेछन् । कुनै राज्यको स्रोत र साधनको ठूलो अंश त्यसमा खर्च हुनेछ । त्यसबाट बेग्लाबेग्लै राज्यहरुको विकासको कार्य झन् कठीन हुन जानेछ (सिंह, (•) ।

आरक्षणः सीमान्तकृत समूहहरुलाई विधायिका तथा कार्यकारिणीका पदहरुमा यथेष्ट प्रतिनिधित्व सुनिश्चित गर्न सकारात्मक विभेदसम्बन्धी प्रक्रिया । भारतमा आरक्षणले लक्षित समूहहरुका निम्ति संसद वा प्रशासनमा सिट आरक्षण गर्ने कुरालाई जनाउँछ ।

जातिहरुलाई आत्मनिर्णयको अधिकार शोषित जातिबाट मुक्ति दिलाउनको निम्ति व्यवस्थित गरिएको अधिकार भन्ने नै बुझाउँछ । फेरि छुट्टै राज्य बनाउने अधिकार आवश्यकतामा भर पर्छ । आत्मनिर्णयको अधिकार उत्पीडन विरुद्धको सैद्धान्तिक मान्यता हो र यो परिस्थितिजन्य हुन्छ । यो निरपेक्ष पृथकतावादी सिद्धान्तको अधिकार होइन । आत्मनिर्णयको अधिकार दिदैमा छुट्टै राज्यको निर्माण भइहाल्ने पनि होइन र नदिदैमा यो माग नउठ्ने पनि होइन । छिमेकी मुलुक भारतमा यो अधिकार छैन तर त्यहाँ छुट्टै राज्यको माग लिएर थुप्रै जातीय संगठनहरुले हतियार उठाएको

उदाहरण छ । यसैगरी श्रीलङ्कामा पनि आत्मनिर्णयको अधिकार छैन तर त्यहाँ लिट्टेले छुट्टै राज्यको माग गरेर हतियार उठाएको छ (न्यौपाने, गोविन्द, २०००) ।

संसारमा सकारात्मक विभेदका विभिन्न स्वरुप प्रयोग गरिएको पाइन्छ । तर नेपालमा सकारात्मक विभेद वा आरक्षण अधिकारको चर्चा गर्दा भारतमा अभ्यास गरिएको आरक्षणको नीतिलाई सकारात्मक दृष्टान्तका रुपमा अगाडि सार्ने गरिन्छ । भारतीय समाज पनि नेपाली समाजजस्तै हिन्दू सामन्तवादी संरचनामा आधारित भएकाले त्यहाँको सकारात्मक अभ्यासलाई ग्रहण गर्नु सान्दर्भिक हुन सक्छ । तर भारतमा लागू गरिएको आरक्षण नीतिले सकारात्मक परिणाम भन्दा नकारात्मक समस्या बढी उब्जाएकाले हामी त्यसको अनुसरण गर्न सक्दैनौं (

वास्तवमा वर्ण व्यवस्थामा आधारित श्रमविभाजन शोषित तथा उत्पीडनकारी व्यवस्थै थियो । किनभने त्यसले श्रमक्षेत्र वा पेशा छनौट गर्ने अधिकारबाट मूलतः शुद्ध तथा वैश्यलाई वञ्चित गर्दथ्यो । यसरी के बुझ्न सकिन्छ भने वर्ण व्यवस्थाका रुपमा भारतीय समाजमा वर्गीय समाज (Class Society) विकसित भएको थियो तर वर्ण व्यवस्थामा आधारमा श्रम क्षेत्रलाई अनुल्लङ्घनीय बनाइँदा पनि त्यसभित्र करिब एक वर्षसम्म छुवाछुत प्रथा मिसाइएको थिएन । वास्तवमा शुद्र र वैश्य वर्णमा जन्मिएका प्रतिभालाई छुवाछुत प्रथा वर्ण व्यवस्थामा नलादिँदासम्म मात्र अन्य वर्णमा रुपान्तरण गरिएको थियो । वर्णव्यवस्था छुवाछुत समेत लादिएपछि शुद्र वंशका विशेष प्रतिभालाई पनि अन्य वर्णमा लगिएको उदाहरण शास्त्रमा समेत पाइदैन (आहुति, २०६७) ।

हिन्दू सामन्तवादको यस्तो चरित्रकै कारण हिन्दू सामन्तवादी समाज नै सबैभन्दा वेसी फुटग्रस्त छ र सभ्यताको पनि पुछारमा छ । विश्वका अन्य सामन्ती वा पूँजिवादी समाजमा पनि वंशगत जाति छन् र तिनलाई मोटो अर्थमा जातीय समस्याकै रुपमा बुझ्ने पनि गरिन्छ । यस्ता फरक-फरक जाति तथा समुदायबीच द्वेष, कटुतताको स्तर अत्यन्त घात समेत छ । तिनले पनि केही हदसम्म वर्गीय एकतामा भाँजो हाल्दछन् । तर तिनमा हिन्दू सामन्तवादी संरचनाको स्तरमा स्वजाति र स्ववर्गभित्र एवं सहयात्री वर्गबीच फुट पार्ने समस्या भने छैन । धार्मिक, वंशगत वा

सांस्कृतिक रुपमा चरम अन्तरविरोध झेलिरहेका यस्ता जातीय समस्या वास्तवमा धार्मिक, वंशगत वा सांस्कृतिक रुपमा रहेका मानव समूहबीच रहेका छन् । तर उनीहरु आफै बीचमा मूलतः सांस्कृतिक विभेद छैन । त्यस्ता जाति वा समुदायबीच पनि फरक-फरक वर्ग छन् र उनीहरुबीच शोसणमूलक प्रणाली पनि छ । तर उनीहरुबीच स्व-वर्गभित्र र सहयात्री वर्गबीच नै फुट पार्ने समस्या भने छैन । यस्तो विशिष्ट चरित्र हिन्दू सामन्तवादी समाजमा मात्रै छ ।

हिन्दू सामन्तवादको छुवाछुतयुक्त वर्णव्यवस्थाको सारतत्वका कारण हिन्दू समाज तथा हिन्दू सामन्तवादद्वारा शोषित बन्न पुगेको समाज अनन्त फुटको समाज बन्न पुग्छ । त्यसबाट समाजको पिंधमा पर्ने दलित नै सबैभन्दा शोषित-पीडित हुन्छन् । दलितबीच पनि तहगत भेदभाव सिर्जना भई उनीहरुको विरोध कमजोर हुने भएकाले उनीहरुको मुक्ति पनि पछि पर्दैजान्छ । त्यतिमात्र होइन छुवाछुत, भेदभावयुक्त वर्णव्यवस्था भएको हिन्दू सामन्तवाद अन्तर्गत कथित माथिल्लो वर्गमा रहे पनि सामाजिक, आर्थिक प्रक्रियामा शोषित बन्न पुगेका ब्राह्मण तथा क्षेत्रीय वर्गका मानिसहरुको मुक्तिमा समेत गम्भीर प्रश्न उब्जिन्छ । त्यस्तै छुवाछुत नगरिने तर आर्थिक, राजनैतिक, सामाजिक र सांस्कृतिक शोषण-उत्पीडनमा परेका वैश्य वर्णअन्तर्गत राखिएको जातीय समुदायका मानिसहरुको मुक्तिमा समेत एउटा गम्भीर समस्या उत्पन्न हुन पुग्दछ (आहुति, २०६७) ।

नेपालको कटू यथार्थ के हो भने सबैभन्दा धेरैले बोल्ने नेपाली अर्थात् खस भाषा पनि केवल ४८.६ प्रतिशत बोल्दछन् । त्यसैले नेपाली भाषा पनि बहुमतको भाषा होइन । नेपालको दोस्रो ठूलो मैथली हो जो १२.३ प्रतिशत बोल्दछन् । तेस्रो ठूलो भाषा भोजपुरी बोल्नेहरु ७.५ प्रतिशत छन् । अन्य ठूला भाषाहरुमा थारु ५.८ प्रतिशत, तामाङ ५.१९ प्रतिशत, नेवार ३.६३ प्रतिशत, मगर ३.३९ प्रतिशत र अवधि २.४७ प्रतिशत, बान्तवा राई १.६ प्रतिशत, गुरुङ र लिम्बू १.५ प्रतिशतले बोल्ने भाषाहरु हुन् । यस हिसाबले नेपाल भाषिक तवरले पनि अल्पसंख्यकहरुको मुलुक हो (श्रेष्ठ, (ड्ड) ।

नेपाल एउटा बहुजातीय, बहुभाषिक, बहुचर्चित, बहुसांस्कृतिक र बहुक्षेत्रीय देश हुँदाहुँदै पनि शाषक वर्ग र शाषक गतिविधिहरुले त्यो तथ्यप्रति आँखा चिम्लने काम मात्र गरेनन् बरु उनीहरुको पहिचानप्रति सचेत नजरअन्दाज गर्ने काम गरे । एकातिर नेपालभित्रै विभिन्न कालखण्डहरुमा चल्दै आएका राजनीतिक र सामाजिक आन्दोलनहरुका कारण आदिवासी/जनजाती, दलित, महिला, तराई, मधेसका समुदायहरुमा आफ्ना हक-अधिकारका बारेमा चेतना वृद्धि हुँदै गइरहेको थियो भने अर्कोतिर आजको विश्वमा सबै शोषित, पीडित, उत्पीडित र पछाडि पारिएको वर्ग र समुदायहरुले आफ्नो पहिचानका लागि सशक्त आवाज र आन्दोलन उठाइरहेका छन् । त्यसैले पहिचान सहितको राजनीति वर्तमान विश्वको मुख्य परिघटना हुन पुगेको छ । यसरी जातीय, भाषिक, सांस्कृतिक, धार्मिक र क्षेत्रीय पहिचानहरुलाई निमिट्यान्न पार्ने मात्र होइन, अन्ततः निमोठ्ननै खोज्ने केन्द्रिकृत र एकात्मक राज्यप्रणालीको सट्टा स्वायत्तता सहितको संघात्मक राज्यप्रणालीलाई विकल्पका रुपमा आत्मसात गर्नु उनीहरुका लागि आवश्यकता र बाध्यता दुवै थियो (थापा(ड्ड)।

नेपाल एउटा बहुजातीय, बहुभाषिक, बहुसांस्कृतिक, बहुधार्मिक र भौगोलिक विविधताले युक्त मुलुक हो । यहाँ आर्य, मंगोल, थाविट्रक र दविड लगायत सबै प्रमुख मानव नइलका जातजाति/जनजाती समूहहरुको बसोवास रहँदै आएको छ र हिन्दू, वौद्ध, इस्लाम, जैन, अरब, इसाई लगायत सबै प्रमुख धर्महरुको उपस्थिति रहेको छ । नेपाली समाज १०३ समिश्रणबाट बनेको छ । हाम्रो समाजमा इन्द्रेण्नमयढ-सप्तरंगी शतरंगी । तर समाजको यो बहुलवादी र सद्भावपूर्ण चरित्र यहाँको राज्यसंरचनामा भने प्रतिविम्वित भएको छैन । हाम्रो राज्य एकरंगी र एकात्मक छ ।नेपालमा खास जाति या भाषा विशेषले राज्यबाट विशेष सुविध प्राप्त गरे । एउटा धर्मलाई राज्यधर्म घोषित गरिँदा अन्य धर्मावलम्बीहरुको भावनामा आँच पुग्यो, जसको नकारात्मक असर राज्यलाई धर्मनिरपेक्ष घोषणा गरे पनि आजसम्म कायमै छ (ज्ञवाली, (ड्ड)) ।

यति धेरै भाषा भएकाले कुन-कुन भाषा व्यवहारमा प्रयोग ल्याउनु यो समस्या हुन्छ भन्दै एकधार मानिसहरु नेपाली भाषालाई मात्र सरकारी कामकाजको भाषा बनाउनु पर्ने तर्क गर्छन् ।

पश्चिमका केही इतिहासकार र मानवशास्त्रीहरुले नेपालको इतिहास हिन्दू खसहरुले अरु जाति-जनजातीहरुलाई गरेको शोषणको इतिहास हो भनेर लेखिरहे ।

धर्मकै कुरा गर्दा आजका कुनै पनि धर्मको इतिहास तिन हजार वर्षभन्दा बढी छैन । हरेक धर्मको प्रभाव र आस्था समयक्रममा बदलिदै गएको छ । हिजोको जंगली मानिस आजको आधुनिक मानिस बन्ने क्रममा उनीहरुका बीच वस्तु, विचार, भावना, ज्ञान, विज्ञान, प्रविधिको विनिमय हुँदै गयो र त्यसले उनीहरुलाई निरन्तर विकसित र सभ्य बनाउँदै गयो (भुसाल,, २०६८) ।

२०४७ सालको संविधानले दिएको अधिकारलाई पनि कुल्चेर मुलुकमा आदिवासी, जनजातीहरुको भाषा, धर्म, संस्कृतिको अपहेलना गरेको पुष्टि हुन आउँछ । यसले गर्दा मुलुक हिन्दूहरुको रजाइँले अन्यौलग्रस्त र दिनप्रतिदिन राष्ट्रले विकृति, विसङ्गति र असमानताको घेरामा चुर्लुम्म डुब्दै गएको प्रमाणित भएको प्रष्ट हुन आउँछ । यसले गर्दा मुलुक हिन्दूहरुको रजाइँले अन्यौलग्रस्त र दिनप्रतिदिन राष्ट्रले विकृति, विसङ्गति र असमानताको घेरामा चुर्लुम्म डुब्दै गएको प्रमाणित भएको स्पष्त रुपमा भन्न कुनै संकोच मान्नुपर्ने अहिलेको अवस्थामा देखा पर्दैन । तसर्थ भाषा, धर्म र संस्कृतिमा भइरहेको हिन्दू एकाधिनायकवादको विरुद्ध संगठित हुनु नै मुलुकको हितार्थ सिद्ध हुनेछ ।

जहाँसम्म मधेश आन्दोलनलाई संघीयताको श्रेय दिने कुरो छ त्यो चाँही अज्ञानताको पराकाष्ठा मात्र हो । २०५३/०५४ सालमा मधेश आन्दोलनको भ्रुण समेत थिएन संघीयता, नेपाल र नेपालीको माग नभएको हुनाले नै जतातत्तैबाट अखण्ड प्रदेशको नारा उठिरहेको छ यतिबेला । आफ्नो इच्छामा नागरिकलाई दल्ने राजनीतिक दलहरुको चेपाइका कारण संघीयताका नारामा विस्कुन भएका जनता यतिबेला आफ्नो अधिकारको आवाज उठाइरहेका छन् । अखण्डता र संघीयता सम्पूर्णताकै विरोधी चरित्र हुन् समयका रात र दिनजस्तै । रङ्मा सेतो र कालो जस्तै । संघीयता नेपालको माग होइन । त्यो जनआन्दोलनको माग पनि होइन (नेपाल, २०६८) ।

युरोपको सन्दर्भमा र खासगरी सोभियत संघमा प्रयोग भएको जातीय आत्मनिर्णयको अधिकार र स्वायत्तताका कुराहरु अहिले नेपालमा पनि राज्य पुनः संरचनाका सन्दर्भमा आएका छन् । न उत्तर तथा दक्षिण अमेरिका, न अफ्रिका न अस्ट्रेलिया र न एसियामा नै जातीय आत्मनिर्णयको अधिकारको आधारमा राज्यहरु छुट्टिएका छन् । सोभियतसंघ, युगोस्लाविया, चेकोस्लोवाकिया आदिको विभाजन र संघीय संरचनामा परिवर्तनको वावजुद पनि विभाजनको विन्दुमा पुगेका स्पेन र बेल्जियमको तीतो अनुभवबाट सिक्नु पर्नेमा त्यसो भइरहेको छैन । आम नेपालको वृहत्तर हितभन्दा पनि निश्चित स्वार्थ बोकेकाहरुको हितको सन्दर्भमा राज्य पुनः संरचनाको व्याख्या भइरहेको छ । पुनः संरचनाको उद्देश्य सम्पूर्ण नेपालीलाई मूलधारमा ल्याउने, आर्थिक उन्नति गर्ने र राज्यको लाभ हानी बाँडचुँड गर्न सक्ने स्थितिमा पुऱ्याउने मनसाय हुनुपर्नेमा त्यसो भइरहेको छैन । कुण्ठा, हिनताबोध र महत्वकांक्षामा रुमलिएका केही प्राज्ञ नेता र पार्टीहरुले नजानिँदो तरिकाले यो देशलाई चिराचिरा बनाउने हुन् की भन्ने डर पनि देखिन थालेको छ ।

आत्मनिर्णयको अधिकारको सम्बन्धमा के भन्न सकिने भयो भने यो त्यस्तो डम्फु हो जसलाई जसरी चाहियो त्यसरिनै बजाउन सकिन्छ । लेलिन र स्टालिन आत्मनिर्णयको अधिकार भनेको राष्ट्रहरुले छुट्टिन पाउने अधिकार हो भन्छन् भने रोजालक्जेम्वर्ग  यसको विरोध गर्छिन् । विड्रो विल्सन राष्ट्रहरुको नभएर राज्यहरुको आत्मनिर्णयको अधिकारको कुरा गर्छन् । जबकि संयुक्त राष्ट्रसंघ एकातिर आदिवासी जनजातीहरुलाई आत्मनिर्णयको अधिकार दिएको भनेर उक्साउने काम गर्छ भने अर्कोतर्फ आफ्ना सदस्य राष्ट्रहरुको विभाजनलाई स्वीकार गर्न सकिन्न पनि भन्दछ । फेरि संयुक्त राष्ट्रस.घको दस्तावेजमा हरेक व्यक्तिलाई आत्मनिर्णयको अधिकार दिइएकोले विश्वमा छ अर्ब वा सोभन्दा बढी राज्य बनाउने नियम अवश्य नहोला भन्न सकिन्न ।

हरेक जातले आ-आफ्नो राज्य र स्थानीय निकाय माग गर्ने सन्दर्भमा एक जाति र अर्को जातिको बीचमा विवाद बढ्ने र त्यसैले युद्ध निम्त्याउने निश्चित छ ।

जातीय विभाजन अत्यन्त भयंकर हुन्छ । त्यहाँ कुनै पनि जातिको की जित की हारको स्थिति आउँछ । अर्थात् जित्ने जातिले आफ्नो एकाधिकार कायम गर्न र अर्को जाति उपर जातीय आधारमा हैकम थुपार्न थाल्छ भने बाँकी जातिको लागि की आत्मसमर्पण की पलायन वा की युद्धको परिस्थिति आउँछ । प्रष्ट छ यी तीनवटै परिस्थितिले देशलाई माथि लैजादैन ।

मार्क्सवादी हिसाबले पनि जातीय राज्यको कुरा विल्कुल गलत छ । यसले वर्गीय युद्धलाई पूर्णतया तिलाञ्जली दिन्छ र जातिजातिको बीचको युद्ध चर्काउँछ । आर्थिक कुरा ओझेलमा पर्दछ । यसको अर्थ जुनसुकै जातिको राज्य भएता पनि त्यहाँका ठालुहरुको रजाइँ चल्ने स्थिति आउँछ । त्यसले वर्गीय समस्या समाधानमा कुनै सहयोग गर्दैन । बरु वर्गीय असमानता अझ बढाउँछ । किनभने त्यतिबेला केन्द्रिय सत्ताले त्यहाँ हस्तक्षेप पनि गर्न सक्दैन । संयुक्त राष्ट्रसंघको मानव विकास सुचाङ्कको आधारमा गर्ने विभाजनलाई पनि यसले मान्दैन । किनभने यसमा शिक्षा, स्वास्थ्य र आयको कुनै हिसाब हुँदैन बरु  जातको (कंडेल, पुष्प, २०६८, पे. १५२) ।

अहिले नेपालमा आत्मनिर्णयको अधिकारको आधारमा संघीय व्यवस्थामा जानुपर्ने कुराहरु आएका छन् । तर संघीय व्यवस्था र आत्मनिर्णयको अधिकार एउटै होइनन् । आत्मनिर्णयको अधिकार भन्ने शव्दलाई विभिन्न हिसाबले परिभाषित गरेको देखिन्छ । कसैको विचारमा यो अलग हुन पाउने अधिकार हो भने कसैको विचारमा स्वशासन गर्न पाउने अधिकार हो । अझ कसैले त यसलाई मानव अधिकारको रुपमा मात्र पनि लिएका छन् । संयुक्त राष्ट्रसंघको घोषणापत्रले पनि यही आधारमा आत्मनिर्णयको अधिकारलाई स्वीकारेको छ । यही आधारमा आदिवासीहरुलाई पनि आत्मनिर्णयको अधिकारको अधिकार दिइएको छ । अहिलेको विश्व प्रवृति अनुसार के भन्न सकिन्छ भने आत्मनिर्णयको अधिकारले संघात्मक संरचना माग गर्दैन । आत्मनिर्णयको अधिकार भनेको राष्ट्र विभाजन गर्ने अधिकार पनि होइन । लेलिनले वकालत गरेको राष्ट्रहरुको आत्मनिर्णयको अधिकार हो जातिहरुको होइन । जाति र राष्ट्र एउटै होइनन् । सोभियत संघ, चेकोस्लोनभाकिया आदिको असफलताले

राष्ट्रहरुलाई छुट्टिने अधिकार दिएमा अलग हुँदैनन् भन्ने सिद्धान्त झुठो सावित भइसकेको छ (कंडेल, २०६३, पृ. २२९) ।

## २.२ निष्कर्ष (Conclusion)

आदिवासी जनजातीहरुले उठाएका मुद्दाहरु धर्मनिरपेक्षता, आत्मनिर्णयको अधिकार, संघीयता र आरक्षण जस्ता बिषयहरुमा आदिवासी जनजाती र गैर आदिवासी जनजाती प्राज्ञ,बुद्धिजीबि, राजनीतिकर्मी, सञ्चारकर्मी तथा बिद्यार्थी बीचको एक आपसमा तर्कहरु बाझिएका छन । आदिवासी जनजातीहरु बिगतका राज्य सत्ताले जातीय, धार्मिक, राजनैतिक, सामाजिक, आर्थिक, भाषिक र सास्कृतिक आधारमा आदिवासी जनजातीहरुलाई बिभेद तथा शोषण गरेको बिषय उठाएका छन् । बिगतका राज्यसत्ताले केन्द्रिकृत शासनप्रणली, हिन्दुअधिराज्य, खस भाषलाई राष्ट्रिय भाषा, दौरासुरुवाल तथा गुन्यूचोलोलाई राष्ट्रिय पोशाक रुपमा लिएका कारण नेपालको बहुजातीय, बहुधार्मीक, बहुसास्कृतिक पहिचानलाई समेट्न नसकेको, जसका कारण आदिवासी जनजाती दोस्रो दर्जाका नागरिकको रुपमा ब्यबहार गरियो । यस्ता सबै प्रकारका बिभेद र शोषणको अन्त्यका लागि तथा देशको वास्तविक नागरिकको पहिचान र समृद्धिका लागि जनजातीहरुले उठाएका मुद्दा धर्मनिरपेक्षता, संघीयता, आत्मनिर्णयको अधिकार र आंरक्षण अनिवार्य सर्तरहेको छ ।

गैर आदिवासी जनजाती प्राज्ञ, बुद्धिजीवि, राजनीतिकर्मी तथा सञ्चारकर्मीहरुको तर्क आदिवासी जनजातीहरु एक हिसाबले उत्पीडनमा परेको भएतापनि सबै मुद्दालाई एउटै टोकरीमा राखेर हेर्न हुदैन । आदिवासी जनजाती भित्र पनि स्रभ्रान्त बर्ग भएका, सबै आदिवासी जनजातीका स्तर समान नभएकाले वर्गीय रुपमा हेरिनु पर्छ । आदिवासी जनजातीहरुको मुद्दालाई समाज बिकासको एउटा प्रक्रियामा हेरिनुपर्दछ । जातीयता भन्ने बिषय समाज बिकासको क्रममा भत्किने र पुन नयाँ बन्ने निरन्तर प्रक्रिया भएकाले जातीयताको आधारमा मुद्दालाई हेर्नु गलत हुन्छ । जातको आधारमा समस्या समाधान गर्न खोजिदा नेपाल जस्तो बहुजाति भएको र कुनै पनि जातको

बाहुल्यता र सघन बसाई नभएकाले जातीय द्धन्द निम्तिने खतरा हुन्छ । आत्मनिर्णयको अधिकार, तथा जातीयताको आधारमा संघीय राज्यनिर्माण नेपालीको हितमा छैन ।

आदिवासी जनजाती तथा गैर जनजातीहरुको तर्कलाई बिश्लेषण गर्दा आदिवासी जनजातीहरुले उठाएका मुद्दालाई हेर्ने दृष्टिकोण र समस्याको समाधान गर्ने बिधी तथा प्रक्रियाहरु फरक•फरक देखिन्छ । बिभिन्न प्राज्ञ, बुद्धिजीवि, अधिकरकर्मी,राजनीतिकर्मी तथा पेशाकर्मीहरुले आदिवासी जनजातीले उठाएका मुद्दामा भिन्न भिन्न धारणा र बुझाई रहेको छ । यस मुद्दाले राषिय राजनीतिमा बिबाद र बहसको बिषय हुदै आएको र भईरहने देखिन्छ ।

# अध्याय तीन (Unit-Three)

# अनुसन्धान विधि (Methodology)

## ३.१ अध्ययन क्षेत्र छनौटको औचित्य (Rational of the Study Area)

मेरो अध्ययन जनजाती आन्दोलनका सवालसँग सम्वन्धित भएको र आदिवासी जनजाती सम्बन्धी सघन बुझाई राजनीतिक दलको प्रतिनिधी, बुद्धिजीबि, प्रध्यापक, सञ्चार कर्मी, बिद्यार्थीसंग हुने भएको र उनीहरुको स्थायी वा अस्थायी बसाई राजधानीमा भएको हुदा काठमाडौं क्षेत्र लाई नै उचित देखेको हुदा यो क्षेत्र मेरो अध्ययन क्षेत्र वन्न गएको हो । यहाँ विभिन्न संघ संस्था, पार्टी कार्यालय, वृद्धिजीवि वर्गको बसाई भएको र मलाई उनिहरु सँग अन्तवार्ता लिनको लागि भौगोलिक हिसाबले सजिलो हुने भएकाले यस क्षेत्रलाई छानिएको हो ।

काठमाण्डौ जिल्ला मेरो अध्ययन क्षेत्र छनौट गर्नुका निम्न तार्किकता रहेका छन्

- अध्ययनको उद्देश्य अनुसार अध्ययनको लागि सम्वन्धित संघ संस्था, राजनितिक कर्मी, सञ्चार कर्मी, प्रध्यापक तथा वुद्धिजिविहरुको सहज उपलब्धता हुने भएकाले ।
- आदिवासी जनजातीको पक्ष वा बिपक्षमा हुने आन्दोलन राजधानी केन्द्रित हुने भएकाले तथा ती आन्दोननमा प्रत्यक्ष सहभागी हुन पाईने  भएकाले
- आदिवासी जनजातीले उठाएका केहि मुद्दा नेपालको सर्न्दभमा नयाँ भएकाले यस सम्बन्धी सघन बुझाई ती ब्यक्तिमा हुने भएकाले ।

## ३.२ अनुसन्धान ढाँचा (Research Design)

प्रस्तुत अध्ययन आदिवासी जनजाती आन्दोलनले उठाएका सवालमा गैर जनजाती (बाहुन/क्षेत्री) को धारणा बुझ्न गरिएको हो । यस अध्ययनको उद्देश्य अनुसार बिभिन्न आदिवासी जनजाती आन्दोलन कर्मी तथा बाहुन क्षेत्रीको धारणा

बुझ्ने र उनीहरुको धारणालाई ब्याख्या तथा बिश्लेषण गरिने हुदा बर्णात्मक तथा बिश्लेणात्मक ढाँचाको अबलम्बन गरिएको छ ।

## ३.३ अध्ययनको प्रकृति र स्रोत (Nature and Sources of Data)

प्रस्तुत अनुसन्धानको प्रकृति गुणात्मक किसीमको छ । आदिवासी जनजातीहरुले उनीहरुको अधिकारको लागि  उठाएको सवालहरुमा गैर जनजातीको धारणा बुझ्नका लागि थोरै उत्तरदाता लिएर गरिएको अनुसन्धान हुनाले यसको प्रकृति गुणात्मक किसिमको छ ।

अनुसन्धानको प्रकृति अनुसार मुख्य रुपमा तथ्यांक संकलनको मुख्य स्रोतको रुपमा प्राथमिक बिधीको प्रयोग गरिएको छ । प्राथमिक स्रोतका लागि अन्तरबार्ता तथा समूह केन्द्रित छलफल गरिएको थियो । अन्तरवार्ताका लागि १६ वटा  प्रश्नावली तयार पारिएको थियो । ती सबै प्रश्नहरु असंरचित तथा अर्धसंरचित किसिमका थिए । जनजाती आन्दोलनको शुरुवातदेखिजनजाती आन्दोलनको भावि दिशा सम्बन्धी प्रश्नहरु समाबेश गरिएका थिए  ।

त्यस्तै गरी तथ्यांक संकलनका लागि द्धितिय स्रोतको पनि प्रयोग गरिएको छ । द्धितिय तथ्याकं संकलनका आदिवासी जनजाती सम्बन्धी पुस्तक,जर्नल, दैनिक पत्रपत्रिका, इन्टरनेट तथा आन्दोलन सँग सम्वन्धित साहित्य रचना प्रकाशित एवं अप्रकाशित लेख, रचना, साथै शोधपत्र यस अनुसन्धानमा प्रयोग गरिएको छ ।

## ३.४ नमुन छनौट विधि (Sampling Method)

यो अनुसन्धानका लागि उद्देश्य मुलक नमुना छनौट विधिको प्रयोग गरिएको छ । जसमा जनजाती आन्दोलनका  विज्ञ, अगुवा, जनजाती संघ संस्थामा आवद्ध व्याक्ति, तथा गैर जनजाती तर्फ, राजनितिकर्मी, सञ्चारकर्मी, राजनितिक विश्लेषक, प्रध्यापक, विद्यार्थी लगायत समावेश गरि अन्तरवार्ता लिइएको थियो । जसमा चेक लिस्ट तयार परि प्रश्नहरु शोधिएको थियो,  जसमा ४२ जना फरक-फरक विचारधारा भएका व्याक्तिहरुसँग जनजाती आन्दोलनका बारेमा अन्तरर्वाता लिएको थियो ।

अन्तरवार्ताको लागि छनौट गरिएका उत्तरदाताहरु

| क. स | राजनैतिकर्मी/ पेशाकर्मी | आदिवासी/जनजाती | | गैरजनजाती ( बाहुन/क्षेत्री) | |
|---|---|---|---|---|---|
| | | महिला | पुरुष | महिला | पुरुष |
| १ | ने.क. पा एमाले | १ | • | • | ४ |
| २ | नेपाली काँग्रेस | • | • | • | २ |
| ३ | एनेकपा माओबादी | १ | • | १ | १ |
| ४ | राष्रिय जनमोर्चा | • | • | | १ |
| ५ | राजनैतिक बिश्लेषक | • | • | • | २ |
| ६ | प्राध्यापक | • | • | • | १ |
| ७ | सञ्चारकर्मी | • | • | १ | ४ |
| ८ | खस क्षेत्री समाज | • | • | २ | ७ |
| ९ | जनजाती अधिकारकर्मा | ४ | ६ | • | • |
| १० | बिद्यार्थी | १ | १ | १ | १ |
| जम्मा | | ७ | ७ | ५ | २३ |

## ३.५ सुचनाहरुको संकलन विधि (Technique of Data Collection)

तथ्यांक संकलन गर्नका लागि बिशेषत अर्न्तबार्ताबाट  सुचना संक**लन** गरिएको छ । अध्ययनको उद्देश्य अनुसार बिभिन्न राजनैतिक दलका ब्यक्ति, बुद्धिजिबि, पत्रकार, पेशाकर्मी, बिभिन्न आनदोलन कर्मी तथा बिद्यार्थीसंग अन्तरबार्ता लिइएको थियो । अर्न्तबार्ताका साथसाथै खस क्षेत्री समाज र जनजाती आन्दोलन कर्मीहरुलाई सहभागी गराई समूह केन्द्रित छलफल गरिएको थियो ।

### ३.५.१ अन्तरवार्ता (Interview)

यस अनुसन्धानका लागि अवश्यक पर्ने तथ्याङ्क तथा सुचनाहरु धेरैजसो अर्न्तवार्तावाट लिइएको छ । जसमा १६ वटा प्रश्नावली सहितको चेकलिस्ट प्रयोग गरिएको छ । अन्तरवार्ताको लागि अर्धसंरचित तथा असंरचित प्रश्नावली प्रयोग गरिएको छ । मैले अनुसन्धानको क्रममा धेरैजसो व्यक्तिगत अन्तरवार्ता लिएको थिए । जसमा जनजाती आन्दोलनका सवालहरु लगायत जनजाती आन्दोलनको भावि दिशा, संघीयता, आरक्षण धर्म निरपेक्षता र आत्म निर्णयको अधिकारसँग सम्वन्धित खालका थिए ।

### ३.५.२ समूह केन्द्रित छलफल (Focus group discussion)

अनुसन्धानको क्रममा मैले समूहगत छलफल पनि लिएको थिए । समूहगत छलफल क्षेत्रि समाज आन्दोलनको क्रममा नयाँ बानेश्वर चोकमा भएको थियो । यसमा ९ जना आन्दोलनकर्मी सहभागि गराएर मैले छलफल गरेको थिए । जसमा २ जना महिला र ७ जना पुरुष सहभागि थिए । मेरो समूहगत छलफल निकै राम्रोसँग सम्पन्न भएको थियो ।

दोस्रो समूहगत छलफल जनजाती महासंघका अध्यक्ष लगायत अरु जनजाती संघ संस्थामा आवद्ध व्यक्तिहरुसँग नयाँ वानेश्वर स्थित जनजाती इमपावर प्रोजेक्टको भवनमा लिएको थियो । जनजातीका साथिहरुलाई गैर जनजातीलाई भन्दा अलि फरक खालको प्रश्न सोधिएको थियो ।

## ३.६ तथ्याङ्कको व्याख्या तथा विश्लेषण (Data Analysis)

अध्ययनको प्रकृति अनुसार आदिवासी जनजाती आन्दोलनले उठाएका सवालप्रति आदिवासी जनजाती तथा गैर जनजाती आ-आफ्नो धारणालाई भिन्न भिन्न अध्यायमा प्रस्तुत गरिएको छ । आदिवासी जनजातीहरुले उठाएका सवालमा, सवाल उठान गर्नुका पछाडिका रहेका तर्कहरु प्रस्तुत गरिएको छ र आएका तर्कहरुलाई

ब्याख्या तथा बिश्लेष्ण गरिएको छ । त्यस्तैगरि गैर आदिवासी जनजातीहरुको ती सवालप्रति पक्ष वा बिपक्षमा रहेका तर्कहरु समाबेस गरिएको छ । दुईवटै धारणालाई आधारमा बनाई अनुसन्धानको निष्कर्ष निकालिएको छ ।

## ३.७ अध्ययनको सिमा (Limitation of the Study)

जुनसुकै कार्य वा अध्ययन अनुसन्धान गर्न त्यसका सीमा तथा बाध्यताहरु हुने गर्दछन । त्यस्तैगरि मेरो अध्ययन अनुसन्धानका क्रममा देखिएका सीमाहरु निम्न बमोजिम छनः

- प्रस्तुत अध्ययन स्नातकोत्तर तह समाजशास्त्र पुरा गर्नका लागि गरिएको अध्ययन अनुसन्धान हो । त्यसकारण बिषयवस्तु प्रति गहनता तथा ब्याख्या बिश्लेषण कम हुन सक्छ ।
- मेरो अध्ययन मुख्य गरि जनजाती आन्दोलनले उठाएका सवालहरु प्रति केन्द्रीत रहेको छ । जनजाती आन्दोलनले उठाएका सवालहरु धेरै छन् तर मेरो समय र आर्थिक कारणले गर्दा केहि मुख्य मख्य सवालहरु धर्मनिरपेक्षता, संघीयता, आरक्षण र आत्मनिर्णयको अधिकारमा मात्र केन्द्रित भई यो अनुसन्धान गरेको छु ।
- राजनीतिक दलका ब्यक्ति, प्राध्यापक, सञ्चारकर्मी तथा अधिकारकर्मीहरुका ब्यस्तताले समय दिन नसक्ने तथा उनीहरुको समय अनुसार समय लिदा धेरै समय खर्च गर्नु परेकाले उत्तरदाताको संख्या सानो छ ।
- आदिवासी जनजाती अधिकार बारे गैर जनजातीको धारणको बारेमा प्राज्ञिक हिसाबले अध्ययन अनुसन्धान कम भएकाले सन्दर्भ सामाग्रीको अभाव रह्यो ।
- प्रस्तुत अध्ययनमा सैद्धान्तिक ढाँचा भन्दा पनि गैर जनजातीको धारणा बुझ्ने प्रयास गरिएको छ ।

## ३.८ अनुसन्धानका क्रममा मैले भोगेको अनुभव

अनुसन्धानको क्रममा मैले विभिन्न खालका जटिलताका बावजुत यो अध्ययन पुरा गरेको  छु । यो अध्ययनका क्रममा मैले विभिन्न संघसस्था, राजनैतिक दल, साञ्चारकर्मी, आन्दोलनकर्मी, राजनितिक विश्लेषक, प्राध्यापक, विद्यार्थी लगाएत जनजाती समूहसँग अन्तर्वाता लिनुपर्ने हुदा मेरो स्थलगत अध्ययनको लागि धेरै समय लागेको थियो । मेरो स्थलगत अध्ययन २०६७/११ बाट शुरु गरी २०६८/४ मा सकिएको थियो, त्यतिवेला प्रचण्ड गर्मी मौसम । मेरो अध्ययनको समस्या अलि पृथक खालको भएको हुदा पनि मलाई स्थलगत अध्ययन पुरा गर्न धेरै समय लागेको थियो । शोधपत्र कुन विषयमा गर्ने, कसरी गर्ने, कसलाई आफ्नो सुपरिबेक्षक लिने भन्ने कौतुहलता जुनसुकै विद्यार्थीमा पनि हुन्छ । त्यस्तै कौतुहलता म मा पनि थियो । धेरै समय पछिको कौतुहलता पछि मैले मेरो शोधपत्रको लागि विषय पनि छाने जुन विषय जनजाती आन्दोलनले उठाएका सवालहरुप्रति केन्द्रित थियो । त्यस्तै प्रकारले मेरो शोधपत्रको लागि सुपरिबेक्षका रुपमा डा. कृष्ण बहादुर भट्टचन सरलाई अगि सारे । कसैले त मलाई भट्टचन सरसँग शोधपत्र लेखेको भएर जनजातीको बारेमा शोधपत्र लेखेकि पनि भने र कतिले त जनजाती आन्दोलनमा शोधपत्र लेख्नभन्दा महिला भएको कारणले महिला आन्दोलनमा शोधपत्र लेख्नुपर्ने मेरा सहपाठी साथीहरुको सुझाव थियो । मैले मेरो अध्ययनको लागि जो सँग अन्तरवार्ता लिनु पर्ने थियो, उहाँहरुको नाम सुन्दा त मलाई कतिले त उहाँहरुबाट मैले अन्तरवार्ताको लागि  समय नपाउने अरुहरुको तर्क थियो । त्यति बेला मेरो हौसला मेरो गुरु डा. कृष्ण बहादुर भट्टचनले बढाइदिनु भएको थियो र भन्नुभयो *"यो समय भनेको तपाईहरुको लागि अवरस पनि हो, चुनौति पनि हो* ।" त्यसपछि मैले जुन-जुन व्यक्तित्वहरुसँग अन्तरवार्ता लिनुपर्ने हो, उहाँहरुलाई सम्पर्क गर्नको लागि सम्बन्धित राजनैतिक दलका पार्टी कार्यालय, विभिन्न संघसस्थाहरुमा आबद्व व्यक्तिहरुको सम्पर्क नम्वर लिए र उहाँहरुलाई सम्पर्क गरे । एमाले पार्टी कार्यलय बल्खु त्यहाँ म जाँदा त्यहाँका एक कर्मचारीले तपाई यहाँ किन आउनु भएको हो ? मैले मेरो अनुसन्धानका लागि आवश्यक पर्ने फोन नं. लिन आएको हु भन्दा "तपाई माओवादीका कार्यकर्ता हो भनि सोधे" फेरी त्यहि कर्मचारीले मसँग भने तपाई माओवादी पार्टी कार्यलय जानुभयो भने यहाँ जस्तो गरि सिधै आउन पाउनुहुन्न । हाम्रो कार्यलयमा भने सबै जनालाई आउन जान छुट छ । फेरी म सानेपा

कांग्रेस पार्टी कार्यलय मा सम्वन्धित व्यक्तिहरुका सम्पर्क नं. लिन जादा त्यहाका कर्मचारीहरुले पनि मलाई संकाको नजरले हेरे र सोधे तपाई एमालेको कार्यकर्ता हो ? मैले भने होइन, मेरो अनुसन्धानको लागि आवश्यक पर्ने फोन नं.हरु लिन आएको हु भन्दा उनीहरुले मलाई तपाईले हामीलाई नढाट्नु तपाई एमाले कार्यकर्ता नै हो भनि जिद्धि गरे र अन्तमा मैले पनि हो म एमाले कार्यकर्ता नै हो भने नभनुनि कसरी त्यहाबाट मैले काम लिनु थियो । अनुसन्धानकै लागि म माओवादी पार्टी कार्यलय कोटेश्वर पुगे त्यहाँ पनि फेरी मलाई प्रश्न गरे तपाई नेविसंघको विद्यार्थी हो ? किन आउनु भएको यहाँ ? मैले भने मलाई आवश्यक पर्ने फोन नं. लिन आएको हो । त्यहाँ जाँदा मैले के पाए भने जस्तो मलाई बल्खु कार्यलयका कर्मचारीले भनेका थिए त्यस्तै भयो । म गेटबाहिर नै वसिरहे । लगभग एक घण्टा पछि मात्र मैले सम्पर्क नम्वर पाए ।

शुरुमा सम्पर्क गर्दा कसैले पनि फोन उठाउनु भएन, वारम्वार सम्पर्क गरिरहे फोन सम्पर्क नभएका व्यक्तिहरुलाई एसएमएस मार्फत अन्तरवार्ताको लागि अनुरोध गरे । अनुसन्धानको कममा मैले जति पनि व्यक्तित्वहरुलाई सम्पर्क गरे उहाँहरु सबैजना म प्रति सकारात्मक देखिनुभयो र एसएमएस मार्फत सम्पर्क गरेका व्यक्तिहरुले मेरो अन्तरवार्ताको लागि कुनै उत्तर दिनुभएन फेरी मैले वारम्वार सम्पर्क गरे अन्तिममा उहाँहरु सबै जना म प्रति सकारात्मक देखिनु भयो ।

यसरी मैले आफ्नो स्थलगत अध्ययन सुरु गरे । शुरुवाति समयमा त मलाई प्रस्तुत हुन अलि असहज लाग्यो, पछि जब म एक भन्दा धेरै व्यक्तिहरुसँग अन्तरवार्ता लिदै गए त्यसपछिका दिनहरुमा मेरो असहजतापन सहजतामा परिवर्तन हुदै गयो र स्थलगत अध्ययनका कममा मेरा कमिकमजोरीहरु आफैले थाहा पाउदै गए र तिनिहरुलाई सुधारदै मेरो स्थलगत अध्ययन पुरा गर्दै गए । मेरो अध्ययनको लागि तथ्याङ्क संकलन गर्ने कममा धेरैलामे समय सम्म माओबादीका उपाध्यक्ष तथा बर्तमान प्रधानमन्त्रि डा. बाबुराम भट्टराईलाई २५ दिन पर्खनु पऱ्यो, त्यसमा पनि तोकिएको समयमा अन्तरवार्ता फेरि सऱ्यो । फेरी केहि समय पछि अन्तरवार्ता लिन म सफल भए अनुसन्धाकै कममा माओबादी नेत्री पम्फा भुसालसँग सानो बहस पनि भएको थियो । मैले उहालाई शुरुमा पाँच पटक फोन गरे तर फोन उठेन फेरी फोन उठाउनु

होला भनि एस.एम.एस. गरे र फोन उठाउनु भयो । मैले अन्तरवार्ताको लागि समय दिनु भन्दा उहाँले मलाई मसँग अहिले समय छैन संविधान बनाउन लागेका छौ । १५ दिन पछि फोन गर्न भन्नु भयो अनि मैले भने दुइ वर्ष सम्म त संविधान बनाउनु भएन अव समय गइसक्यो के बनाउनु हुन्छ बरु मलाई अन्तरवार्ताको लागि समय दिनु भन्दा उहाँले मलाई तपाई कस्तो पुर्वाग्रही तरिकाले बोल्नु भएको बहिनी भनि मेरो पुरा कुरा नै नसुनी फोन राखिदिनु भयो । त्यस पछि फेरी पनि मैले एस.एम.एस.बाट अनुरोध गरे, छ ओटा एस.एम.एस गरि सकेपछि त्यसै दिन बेलुका उहाँ आफैले मलाई अन्तरवार्ताको लागि फोन गर्नुभयो र भन्नुभयो "भोली विहान चिया मसँग चिया खाने गरि आउनु" । उहाँले मलाई "जनजाती आन्दोलनमा शोधपत्र लेख्नुको सट्टा संबिधान किन बनेको छैन, यसका बाधक कुन पार्टी हुन र संबिधान नबन्नुको के कारण हुन सक्छ, यसमा शोधपत्र लेख्नको लगि सल्लाह सुझाव दिनुभएको थियो र यो शोधपत्र लेखेमा उहाँले मलाई मद्दत गर्ने बताउनु भएको थियो । उहाँसँग मैलै अन्तरवार्ता उहाँकै निजि निवास सानेपामा लिएको थिए । त्यस्तै गरी माओबादी नेत्री हिसीला यामीसँग अन्तरवार्ता बबरमहल स्थित सडकविभागको भवनमा लिएको थिए ।

त्यस्तै गरी मेरो शोधपत्रका लागि भुतपूर्व प्रधानमन्त्रि तथा एमाले बरिष्ठ नेता माधवकुमार नेपालसँग अन्तरवार्ता उहाँकै निजि निवास कोटेश्वरमा लिइएको थियो । मैले माधव कुमार नेपाललाई सम्पर्क गर्दा फोनमा घण्टि त जान्थ्यो तर पनि फोन उठ्दैनथ्यो । एक दिन अन्तिम पटक प्रयास गर्छु भनि फोन गरे त्यतिवेला सम्पर्क भयो । मैले उहाँसँग अन्तरवार्ताको समय मागे अनि भने तपाईको फोनमा सम्पर्क हुन नसक्दा मैले अन्तरवार्ताको लागि धेरै समय पर्खिनु पऱ्यो र उहाँले एस.एम.एस गरेको भए मैले फोन सम्पर्क गर्थ्यें किन एस.एम.एस. नगरेको भन्नुभयो । उहाँले मलाई अरु उत्तरदाताहरुले भन्दा प्रयाप्त समय दिनुभएको थियो । र उहाँले मलाई मेरो अध्ययनसँग मिल्ने खालका सन्दर्भग्रन्थिहरु पनि उपलब्ध गराइदिनु भएको थियो । अरु उत्तरदाताहरुसँग भन्दा उहाँसँग अन्तरवार्ताको क्रममा केहि फरक खालका कुराकानि भएका थिए । जुन व्यक्तिगत खालका पनि थिए । अनुसन्धानका क्रममा मेरा छरपष्ट तथा असंगठित प्रश्नहरुलाई एकत्रित तथा संगठित गराउनमा एमाले महासचिव ईश्वर

पोखेलले सहयोग गर्नुको साथसाथै मेरो अध्ययनको लागि आवश्यक पर्ने सन्दर्भग्रन्थिहरु पनि प्रशस्त मात्रामा उपलब्ध गराईदिनु भएको थियो । उहाँले मेरा प्रश्नहरु पमिार्जन गर्न लैजानु भएको हुँदा केहि समयका लागि मेरो स्थलगत अध्ययन रोकिएको थियो । एमाले नेता प्रदिप ज्ञावलीसँग अन्तरवार्ता नयाँ वानेश्वर स्थित सिंहदरबारमा लिइएको थियो । त्यतिबेला उहाले दिएको समय भन्दा निकै कमसमयमा मैले आफ्नो अन्तरबार्ता पुरा गर्नु परेको थियो । कारण के थियो भने उहाले दिएको समयमा मैले फोन सम्पर्क गर्दा उहाको फोन साइलेन्समा भएर नउठ्ने तथा उहाले मलाई सम्पर्क गर्दा सिहदरबारको कोलाहालमय वातावरणमा भएको हुदा मैले फोनको आवाज नसुनिएको कारण अन्तबार्ताको लागि एकघण्टा भन्दा बढी पर्खनु पर्‍यो । भने त्यस्तै गरी एमाले नेता प्रदिप नेपालसँग पार्टी कार्यालय बल्खुमा लिइएको थियो ।

अन्तरवार्ताको लागि काङ्ग्रेस नेता डा. मिनेन्द्र रिजालसँग नयाँ वानेश्वर स्थित एपेक्स कलेजमा लिइएको थियो । उहाले अर्न्तबार्ताका लागि दिएको समयमा काम बिशेषले पार्टीको कामले मुस्ताङ जानु भएका कारण बीच बाटोबाट फोन गर्दा आधाबाटोबाट नै फर्कनु परेका थियो । त्यसको एक हप्ता पछि मात्र अन्तरवार्ता सम्भव भएको थियो । अन्तरवार्ताकै क्रममा मैले जनजाती आन्दोलनको ऐतिहासिक पृष्ठभूमि के हुन सक्छ भनि प्रश्न गर्दा *"उहाँले नेता हुदैमा सबै कुरा थाहा हुन्छ भन्ने सोच्नु गलत भएको मलाई बताउनु भयो र भन्नुभयो तपाई अनुसन्धान गर्ने मान्छे भन्दै म सँग प्रति प्रश्न गर्दै भन्नुभयो ल भन्नुस् जनजाती आन्दोलन कहिले देखि शुरु भयो ?"* र उहाँले मलाई अनुसन्धानको लागि प्रशस्त अध्ययन गर्नु पर्ने एक नेताको हैसियतले नभई एक प्राध्यापकको हैसियतले सुझाव दिएको बताउनु भयो । त्यस्तै गरी काङ्ग्रेस नेता प्रदिप गिरीसँग अन्तरवार्ता नयाँ वानेश्वर स्थित भिमसेन गोला उहाँकै निजि निवासमा लिइएको थियो । र उहाँले मलाई राजनितिमा नलाग्न भन्नुभयो । त्यसैगरी राष्ट्रिय जनमोर्चाका अध्यक्ष चित्र बहादुर के.सि. सँग अन्तरवार्ता उहाँकै पार्टी कार्यालय सङ्खमुलमा लिइएको थियो । अन्तरवार्ताका क्रममा उहाँले आफु संघीयताको विरोधि र संघीयताको कारणले नै संबिधान नबन्ने ठोकुवा गर्नु भएको थियो ।

जव म अन्तरवार्ताको लागि राजनितिक विश्लेषक प्रा. कृष्ण खनाल समक्ष पुगे उहाँले पनि मलाई तपाईले आफ्नो शोधपत्रको लागि जुन सवालहरु उठाउनुभएको छ,

यि सबै संबेदनशिल छन् । यि सवालहरुलाई केवल शोधपत्रमा मात्र सिमित गर्न नहुने यी सवालहरुले दिर्घकालिन अवस्थासम्म कस्तो असर पार्छ यसको कारण पत्ता लगाउनु पर्ने बताउनु भयो । यसै गरी अर्का राजनितिक विश्लेषक डा. सुरेन्द्र के.सि. सँग अन्तरवार्ता डिल्लि बजारमा लिइएको थियो । उहाँले म सँग मेरो सुपरिबेक्षकको नाम सोध्नु भयो जव मैले सुपरिबेक्षकको नाम भने त्यति बेला उहाँले "तपाईले यो विषय आफै छन्नु भएको हो कि तपाईको गुरुले यो विषय छानेको ।" अन्तरवार्ता सकिए पछि उहाँले मेरो अनुसन्धान विषयको शिर्षक परिमार्जन गरिदिनु भयो ।

जनजातीका सवाल र जनजातीका गतिविधिहरुलाई नजिक बाट बुझ्नको लागि मलाई यशोकान्ति भट्टचन (गौचन) म्यामले जनजातीले सञ्चालन गर्ने हरेक कार्यक्रममा सहभागी हुने अवसर दिनुभयो जहाँ मैले जनजातीका सवालहरु र गतिविधिहरुलाई नजिक बाट नियाल्ने मौका पाए । जनजातीले नै सञ्चालन गरेको एक कार्यक्रममा अर्याल कुन जनजातीमा पर्छ भनेर एक जनजातीले सोधेका थिए, उनको उत्तरमा मैले अर्याल बाहुन जनजातीमा पर्छ भनि उत्तर दिएकी थिए । मेरो अनुसन्धानका क्रममा संचारकर्मी रबिन्द्र मिश्रसँग बि.बि.सी को कार्यालय नक्सालमा अन्तरवार्ता लिइएको थियो । उहाँले त्यति बेला जनजाती आन्दोलन सँग सम्बन्धित प्रश्नहरु हामिसँग गर्नु भन्दा निति निर्माणका सम्बन्धित पक्षसँग अन्तरवार्ता लिदा राम्रो हुने बताउनुभयो । अरु उत्तरदाताहरुसँग अन्तरवार्ता नागरीक पब्लिकेशन, क्षेत्रि आन्दोलनकर्मीसँग अन्तरवार्ता नयाँ वानेश्वरमा आन्दोलनकै क्रममा लिइएको थियो भने जनजाती समूहसँग अन्तरवार्ता जनजाती इम्पावर प्रोजेक्टको भवन नयाँ बानेश्वरमा लिइएको थियो । त्यसै गरी विद्यार्थीसँग अन्तरवार्ता किर्तिपुरमा लिइएको थियो ।

## अध्याय चार (Chapter Four)

## आदिवासी जनजाती आन्दोलनले उठाएका सवालहरु

नेपालमा मात्र नभएर बिश्वमा नै सबै आदिवासी जनजातीहरुको कथा र व्यथाको सार एउटै र रुप भने फरक देखिन सक्छ । सारमा भन्नुपर्दा आदिवासी जनजातीको पृथक पहिचान, सामूहिक जीवन पद्धति मा आफ्नो स्वामित्व र नियन्त्रण

र प्रकृतिसंग दिगो आत्मीय र आध्यात्मिक सम्बन्ध हो । सारमा आदिवासी जनजातीको जीवन पद्धति ध्वस्त बनाउने कारक तत्वहरुमा बन्दुक, सन्धी र धर्मशास्त्र हुन (भट्टचन, २०६७) । बिश्वमा नै आदिवासी जनजातीहरुलाई शक्तिहिन, पिछडिएको र गरिब बनाउने राज्य द्धारा उनीहरुप्रति लिइने बिभेदकारी नीति र शासकहरु नै हुन ।

नेपालमा आदिवासी जनजाती आन्दोलनले उठाएका सवालहरु उल्लेख गर्दै डा. कृष्ण ब. भट्टचन लेख्छन् :

(१) धर्म निरपेक्षता

(२) आरक्षण वा सकारात्मक विभेद

(३) आत्मनिर्णयको अधिकार सहितको स्वायत शासन

(४) व्यवहारमा मातृभाषाको प्रयोग

लोकतन्त्र स्थापनाका लागि अत्मनिर्णयको अधिकार र जातीय प्रादेशिक स्वशासनको आधारमा संघीय गणतन्त्र राज्यको स्थापनाको मुद्दालाई चर्को रुपमा उठाए । यसका अतिरिक्त धर्मनिरपेक्ष राज्यको घोषणा, भाषिक समानता र स्वतन्त्रता, शिक्षा तथा सरकारी सेवामा जनजातीका लागि आरक्षण तथा मातृभाषामा शिक्षा जस्ता मागहरु पनि जनजाती आन्दोलनले उठाएको छ (गरुङ, २०६७, पृ.१९)।

अहिले संसारमा आदिवासीहरुले बिभिन्न मुद्दाहरु उठाएका छन् । त्यस्ता मुद्दाहरुमा भुमि, प्राकृतिक साधन माथिको अधिकार, स्वायत्तता, वाताबरण क्षय रोक्ने अधिकार, समाबेशीकरण, गरिबी निवारण, स्वास्थ्य अधिकार बिभेदको अन्त्य आदि पर्दछन् (कडेल, २०६३पृ.११४) ।

नेपालमा जनजाती आन्दोलन यहीको उपज हो । नेपालमा जनजाती आन्दोलन, आरक्षण, स्वशासन र संघीय राज्यतर्फ केन्द्रित हुदैछ (अधिकारी,२०५७)।

यसरी समग्रमा हेर्दा राज्यले आदिवासी जनजातीहरुको राजनैतिक, आर्थिक, सामाजिक, धार्मिक, सास्कृतिक,भाषिक आधिकारप्रति बिभेदकारी रणनीति लिएकाले बिभिन्न कालखण्डमा आदिवासी जनजातीहरु आन्दोलन गर्दै आईरहेका छन । बर्तमान

समयसम्म आईपगुदा आदिवासी जनजातीहरुले उठाएका मुद्दाहरु निम्न बमोजिम रहेका छन्: । *जातिय राज्य सहितको संघीयता, जातीय,भाषिक र ऐतिहासिक पहिचानको आधारमा स्वायत्त प्रदेशहरुको निर्माण, धर्मनिरपेक्षता, आरक्षण, स्वशासनसहितको आत्मनिर्णयको अधिकार, मातृ भाषा सहितको शिक्षा, राज्यका सबैअंगहरुमा समानुपातिक प्रतिधित्व ।* १० बर्षे शसत्र जनयुद्ध, दोस्रो जनआन्दोलन ०६२/ ०६३ र मधेस आन्दोलन पछि निर्माण भएको संबिधानसभाले ४ बर्ष लगाएर पनि संबिधान घोषणा गर्न सकेन । संबिधानसभाले संबिधानघोषणा गर्न नसक्नुमा प्रमुखत राज्य पुनः संरचना वा संघीयतामा बिबाद भएर हो । संघीय राज्य निर्माण  गर्ने प्रमुख आधार पहिचान वा सामर्थ्य भन्ने थियो । आदिवासी जनजातीहरुले ऐतिहासिक पहिचानको आधारमा संघ निर्माण गरिनु पर्ने र यसो गरिदा संघहरुको संख्या केहि बढी भएपनि आदिवासी जनजाती तथा पिछडिएको बर्गको  हक अधिकार स्थापित गर्न सहयोग पुर्‍याउछ । जनजातीहरुले उठाएका प्राथमिक मुद्दाहरु धर्मनिरपेक्षता, आत्मनिर्णयको अधिकार, आरक्षण र संघीयताको बारेमा आदिवासी जनजातीहरुको अबधारणा तल प्रस्तुत गरिएको छ ।

### ४.१ धर्म निरपेक्षता

संघीयता सम्वन्धी अग्रेजी-नेपाली शब्दावलीमा धर्म निरपेक्षता भन्नाले त्यस्तो बिचारधारा जस अनुसार धर्म वा धार्मिक बिश्वासहरुलाई, खास मानबिय क्रियाकलाप तथा निर्णयबाट, बिशेष गरेर सार्बजनिक तथा राजनीतिक मामिलाहरुबाट अलग राखिन्छ ।

धार्मिक सवालहरुमा आधिकारिक रुपले तटस्थ रही धर्म बिशेषको सर्मथन वा बिरोध नगर्ने राज्य वा देशलाई धर्म निरपेक्ष राज्य भनिन्छ । राज्यका मामिलाहरुलाई धर्मबाट स्वतन्त्र राख्ने यो बिश्वासको उदय धर्मनिरपेक्षता सम्बन्धी बिचारधाराबाट भएको हो ।

आजसम्मको एकात्मक शासन प्रणालीलाई हेर्ने हो भने खस ब्राम्हण /क्षेत्रीहरुको प्रभुत्व रहेको र नीति निर्माणका हरेक तप्कामा आफु अनुकुलका नीति निर्माण भएको पाईन्छ । १८५४ को मुलूकी ऐनलाई हेर्ने हो भने जंगबहादुरले हिन्दु धर्मलाई पश्रय दिएर गौ बध गर्नेलाई मृत्यु दण्ड दिने नियम लागू गरे भने जनजातीका धर्म सस्कृतिमा कुनै नियम बन्न सकेन । *जनजातीका धर्म सस्कृतिलाई कार्पेट मूनिको कसिङगरको रुपमा हेरियो* । राज्यले हिन्दु धर्मलाई काखा र हिन्दु बाहेकका सबै धर्मलाई राज्यले अबमुल्यन गर्‍यो । एउटा धर्मले अर्को धर्म प्रति धार्मिक सहिष्णुता कायम राख्न, म पनि यो देशको नागरिक हु, मेरो पनि धर्म छ भन्ने महशुस गर्न धर्मनिरपेक्षता आवश्यक छ । राज्यले जनजातीका धर्मलाई राष्टिय धर्मका रुपमा राज्य धर्म निरपेक्ष भएपनि ब्यवहारमा लिएको छैन । यथार्थमा भन्ने हो भने धर्म निरपेक्षताको कार्यान्वयन भएको छैन । अझै पनि राज्यले हिन्दु धर्मलाइ राष्टिय धर्मको रुपमा लिएको छ । हिन्दु धर्मले अवलम्वन गर्ने दशै, तिहार तथा अन्य चाडपर्ब (चैते दशै, फागु पुर्णिमा, नागपञ्चमी, तीज) लाई लामो समयसम्म सरकारी बिदा दिने चलन छ । गैर हिन्दु धर्मावलम्बीले अनुसरण गर्ने चाडपर्बलाई राष्टिय धर्मको रुपमा स्वीकार नगर्ने तथा राष्टिय बिदा नदिने तथा दिए पनि छोटो समय दिने गरेको छ । धार्मिक रुपमा राज्यको तर्फबाट भेदभाव भईरहेको छ । राज्यले दशै तथ तिहार जस्ता चाडपर्बमा बिश्वबिद्यलय तथा बिद्यालयमा लामो समयसम्म बिदा दिदा एकातिर बिद्यार्थीको शैक्षिक क्षेत्रमा नोक्सानी तथा हिन्दु धर्मलाई पश्रय दिने काम भईरहेको छ । राज्यको स्वामित्वमा रहेका सञ्चार तथा नीजि क्षेत्रबाट सञ्चालित सञ्चार माध्यमबाट हिन्दु धर्मसँग सम्बन्धित चाडपर्बको बारेमा मात्र बढवा दिएर प्रकाशन तथा प्रसारण भईरहेको छ । चाडपर्व शुरु हुनु भन्दा लामो समय देखि सञ्चार माध्यममा शुभकामना सन्देश तथा शुभकामना आदानप्रदान हुने गर्दछ । हिन्दु धर्मावलम्बीहरुको ठुलो चाडपर्ब दशै र तिहारमा लामो समयसम्म सरकारी कार्यालय, विद्यालय तथा विश्वबिद्यालयमा बिदा दिने चलन छ । जसले हिन्दु धर्मलाई पश्रय दिईरहेको छ । यसरी राज्यले शैक्षिक क्षेत्रमा पनि ठूलो भेदभाव गरिरहेको छ ।

धर्म निरपेक्षता किन भन्ने सम्बन्धमा धेरै उत्तर छन् । उदाहरणका लागि राज्य र धर्म अलग अलग हुन् भन्ने मान्यता अनुसार दुबैलाई अलग राख्नु पर्छ । राज्यले धर्म अवलम्बन नगरे पनि राज्यका नीतिहरुले धर्म अवलम्बन गर्न सक्ने भएकाले व्यक्ति र समूहको धर्म बीच भेदभाव हटाउनका लागि तथा प्रजातन्त्र को जग समानता र स्वतन्त्रता भएकाले धर्महरु बीच समानता र धार्मिक स्वतन्त्रताका लागि धर्म निरपेक्षता जरुरी छ । मौलिक हक भएकाले बिभिन्न धर्मावलम्बी बीच समझदारी र सौहार्दता बढाउन, आधुनिक लोकतन्त्र र समान नागरिकता जोडिएकाले निरंकुशता हटाउन, धर्मका आधारमा हुने घृणा हटाउन, धार्मिक अतिबादलाई हटाउन, अल्पसङ्ख्यक धर्मावलम्बी सुरक्षा र संरक्षण दिन तथा धर्मका आधारमा हुने हिंसा-प्रतिहिंसालाई रोक्न धर्मनिरपेक्षता आवश्यक छ (भट्टचन, २०६६) ।

धर्म मानिसहरुको व्यक्तिगत आस्था एवं बिश्वासका कुरा हुन् । यसको राज्यसंग कुनै सम्बन्ध हुनुहुदैन । राज्य कुनै पनि धर्मको पक्ष अथवा बिपक्षमा रहनु हुदैन । धर्म सम्बन्धी मामिला र राज्यसंग सम्बन्धी मामिला बिलकुलै भिन्न भिन्न बिषय हुन् । मानब अधिकार एवं लोकत्रन्त्रका लागि पुर्ण धार्मिक स्वतन्त्रता हुनुपर्छ । नेपाल बहुधार्मिक मुलूक हो । तसर्थ नेपाललाई हिन्दू राज्य हैन धर्म निरपेक्ष राज्य घोक्षणाका साथै धर्मलाई समान स्वतन्त्रता दिईनु पर्दछ । राज्य कुनै पनि धर्मका पक्ष वा बिपक्षमा नरही धार्मिक गतिबिधी र मामिलाका सम्बन्धमा तटस्थ रहनु पर्छ ( गुप्ता,२०६३)।

## ४.२ आात्मनिर्णयको अधिकार

प्राकृतिक स्रोत साधन सहित जनजातीहरुले छुट्टै राज्यको माग गरेको खण्डमा छुट्टै राज्य सहितको अधिकार दिनुपर्ने । आदिवासी जनजाती प्राकृतिक स्रोत साधन जल, भूमि, वनजंगलबाट जोडिएको भने तापनि हामीहरुको अधिकार यी स्रोत साधन माथि छैन । जनजातीहरुका आफ्ना पुर्खौली र परम्परागत पेशाहरु बिस्तापित हुदै गएका छन् । जनजातीहरुको परम्परागत पेशाा, प्राकृतिक स्रोत साधन माथिको अधिकारलाई सुनिश्चित वनाउन र उत्पीडित जातीले चाहेको खण्डमा छुट्टै राज्यसहितको आत्मनिर्णयको अधिकार पाउनु पर्छ । समुदायमा आत्मनिर्णयको

अधिकार दिदा पनि शुरुको समयदेखि  एकै थाकथलोमा बस्दै आएका जातजातीलाइ आत्मनिर्णयको अधिकार दिनुपर्छ । जून जनजातीको अधिकारलाई अन्तराष्रिय स्तरबाट नै आई एल ओ १६९ ले पारित गरेको छ ।  जनजातीहरुले प्रयोग गर्दै आएका स्रोतसाधन माथि  स्वबिवेकले उपभोग पाउनु पर्छ । सदियौदेखि वस्दै आएका स्थानिय आदिवासी जनजातीलाई राज्य पक्ष वा शक्ति सम्पन्न ब्यक्तिले बिकास निर्माणका कार्यक्रम सञ्चालन गर्दा सरोकार नराख्ने र गैर जनजातीहरुले आफ्नो हिसाबले प्रयोग गर्दै आएका छन् । आदिवासी जनजातीको वरिपरि रहेका प्राकृतिक स्रोतसाधन जल जंगल, जमिनमा सरकारी स्वामित्व रहेको छ । आफ्ना वरिपरि रहेका स्रोत साधनहरुको उपभोग गर्न पनि सरकारको स्वीकृती लिनुर्पछ । बिकास निर्माणका कार्यक्रमहरु सञ्चालन गर्दा स्थानिय आदिवासी जनजातीलाइ सरोकारवालाको रुपमा स्वीकार नगर्ने, ती बिकास निर्माणका कामले स्थानिय आदिवासी जनजातीको जीबन निबार्हको आधार धरापमा पारेको छ । यस्ता कार्यक्रम सञ्चालन गर्दा हुने हानी नोक्सानीको  क्षतिपूति सोझासाझा जनजातीले नपाएको अवस्था छ । तराईमा बस्ने औलो रोगसंग प्रतिरोध गर्न सक्ने थारु जातिलाई पहाडियाहरुले शोषण गरि भुमिहिन तथा कमैया बनाएका उदाहरण प्रस्सत छन ।

प्राकृतिक स्रोतसाधन माथि जनजातीको अधिकार सुनिश्चित बनाउन, बिकास निर्माणको कार्यक्रमहरु जनजातीका राय सल्लाह बमोजिम हुनुपर्ने, बाहिरी हस्तक्षेप रोक्नका लागी आत्मनिर्णयको अधिकार आवश्यक छ । आदिवासीहरुको पहिचान,इतिहास, सस्कृति जीवन पद्धति र अवस्था उनीहरुको भूमिसंग जोडिएको हुन्छ । पहिलो बासिन्दा भएको नाताले पुर्खौली प्रदेशमा उनहिरुको अग्राधिकार हुन्छ । यो अधिकारलाई नागरिकहरुको आफ्नो देशमा भएको बिशेष अधिकार जस्तै मान्न सकिन्छ । तसर्थ आदिवासीहरको पुख्यौली जग्गा माथिको आधिकारिक र सबैधानिक रुपमा स्वीकार्नु पर्दछ ।  पुख्यौली जग्गासंग गासिएको खनिज, जंगल, खोलानाला आदिको उपयोग गर्दा उनीहरुको सहमति लिईनु पर्दछ । साथै आदिवासीहरुको पुख्यौली ज्ञानमा उनीहरुको हकको रक्षा गरिनु पर्दछ (लावती, २०६२)।

आदिवासी जनजातीहरुका अधिकार सम्बन्धी संयुक्त राष्ट्रसङ्घको घोषणा-पत्रको धारा ३ र ४ मा आत्मनिर्णयको अधिकारबारे उल्लेख गरिएको छ । धारा ३ मा आदिवासीहरुलाई आत्मनिर्णयको अधिकार छ । उक्त अधिकारका कारण उनीहरु आफ्ना राजनैतिक स्थितिबारे स्वतन्त्र रुपमा निर्णय गर्ने अधिकार छ । उनीहरुको आर्थिक, सामाजिक तथा सास्कृतिक बिकासका लागि प्रयास गर्ने अधिकार छ ।

धारा ४ मा आदिवासीहरुलाई उनीहरुको आत्मनिर्णय सम्बन्धी अधिकार उपभोग गर्ने क्रममा उनीहरुका आन्तरिक तथा स्थानिय मामिला सम्बन्धी कुराहरुका साथै स्वायत्त कार्यहरुका लागि आर्थिक स्रोत जुटाउने सन्दर्भमा स्वायत्तता वा स्वशासनको अधिकार उल्लेख गरिएको छ ।

## ४.३ संघीयता

निश्चित जातजातिलाई जातीय आधारमा संघीयता दिदा त्यहाका जनता बिकास निर्माणका कार्यमा संलग्न हुने मौका पाउने, स्थानीय स्रोतसाधनको प्रयोग हुने, शक्तिको बिकेन्द्रीकरण हुने हुदा जो सदियौ देखि उत्पीडनमन पर्दै आएका छन । जसका कारण उनहिरु बिकासको मुलधारमा आउछन् । आज सम्मको राजयसत्तालाई हेर्ने हो भने एकात्मक शासन पद्धति नै स्थापित रहेको देखिन्छ। यस्तो पद्धतिले नीति निर्माण गर्दा समग्र देशको बिकास हुन सकेको छैन । भएका बिकास निर्माणमा जो पहिल्यै देखि हालीमुहाली भएको समूह थियो, अझै पनि उही समूहको बर्चस्व रहेको छ । समूदायका जनताहरु अधिकार बिमुख भए, जबसम्म जनताहरु अधिकार सम्पन्न हुदैनन तबसम्म न जनताको जीबनस्तर बृद्धि हुन्छ न, देशको उन्नति नै हुन्छ । उत्पीडित जातजाति, बर्ग, लिङग, क्षेत्र, स्थानिय निकायलाई अधिकार सम्पन्नशाली बनाउनका लागि संघीयताको आवश्यकता परेको हो । त्यसमा पनि जातीय पहिचान सहितको संघीय राज्यको निर्माण गर्नु पर्छ । यसले जातीय सद्भाव ल्याउछ । अहिले के सुनिएको छ भने जातीय राज्य दिदा यसले जातीय सद्भाव बिथोल्छ , नेपालमा कुनै जातजाति पनि बहुसंख्यक छैनन, सबै जातजाति अल्पसंख्यक छन । जनजातीको मान्यता के हो भने जो पिछडिएको छ , जो राज्यको मुलधारमा आउन सकेको छैन,

त्यस्ता जातिहरुलाई अधिकार सम्पन्नशाली बनाउनु पर्‍यो । पछि परेको जातजातिहरु पछाडि  नै रहे जसको जीवनस्तरमा सुधार आउन सकेन । जातीय भेदभावलाई अन्त्य गर्नका लागि, बिपन्न बर्गलाई अधिकार सम्पन्न बनाउनका लागि जनजातीले जातीय संघीयताको माग गरेको हो ।संघीयताबाट अब पछाडि जान मिलदैन, संघीय राज्यहरुको निर्माण गर्दा सबै जातजातिका पहिचानलाई समेट्नु पर्छ । प्रत्येक राज्यहरुमा जातीय स्वशासन र आत्मनिर्णयका अधिकार दिइनु पर्दछ ।

## ४.४ आरक्षण

संघीयता सम्वन्धी अग्रेजी•नेपाली शब्दावलीमा आरक्षण भन्नाले सीमान्तकृत समूहरुलाइ बिधायिका तथा कार्यकारिणीका पदहरुमा यथेष्ट प्रतिनिधित्व सुनिश्चित गर्ने सकारात्मक बिभेद सम्बन्धि प्रक्रिया ।

जनजातीलाई आरक्षण किन दिने भन्दा अहिले पनि राज्यको कर्मचारीतन्त्रमा, प्रशासनमा हेर्ने हो भने जनजातीहरुको प्रतिनिधित्व एकदमै कम मात्रामा देखिन्छ । प्रतिनिधित्व भएका ठाउँमा पनि उनीहरुको निर्णय प्रक्रियामा कुनै भुमिका देखिदैन । संबिधानसभामा जनजाती सभासद्हरुको प्रतिनिधित्व एकदम कम छ । त्यसमा पनि जनजाती महिला सभासद्हरुको प्रतिधित्व न्यून मात्रामा रहेको छ । पिछडिएका र उत्पीडनमा परेका जनजातीहरु राज्यले सञ्चालन गरेका कुनै पनि संकायमा छैनन । सबै  क्षेत्रमा खस क्षेत्री/बाहुनको प्रतिधित्व छ । जनजातीहरु अझै पनि बिभेदमा परेका छन् । जातीय बिभेद हटाउन जनजातीहरुलाई राज्यको मुलधारमा ल्याउनका लागि आरक्षणको आवश्यकता छ । आरक्षण दिदा शिक्षा, कर्मचारी प्रशासन, सैनिक, प्रहरी तथा राज्यका उच्च निकायमा उचित प्रतिनिधित्व हुने गरि आरक्षणको व्यवस्था गरिनु पर्दछ । जनजातीलाई आरक्षण दिदा जातीय आधारमा दिनुपर्दछ । जातीय समस्या र बर्गीय समस्या फरक फरक कुरा हुन् । यी समस्यालाई एकै ठाँउमा राखेर हेर्न मिल्दैन । जबसम्म जातीय समस्या समाधान हुदैन तबसम्म सीमान्तकृत समुदाय झन् सिमान्तकृत बन्दै जाने र उत्पीडित जातजाति झन् उत्पीडित हुदै जाने हुन्छ । त्यकारण जातीय समस्या सबैभन्दा पहिला जातीय ढंगले समाधान गरिसकेपछि मात्र

बर्गीय समस्या समाधान गर्नु पर्दछ । सबैकलाई बराबरी अधिकार होस भन्ने जनजाती चाहान्छ । तर अहिलेको बिद्यमान अबस्थामा ऐतिहासिक जातिमा बिभेद गरिएको छ त्यसलाई समान स्तरमा ल्याउनका लागि केहि समयका लागि अधिकार, बिशेष व्यवस्था आवश्यक हुन्छ । यो बिभेदलाई हटाउनका लागि नै जनजातीले आरक्षणको माग गरेको हो ।

### ४.५ निष्कर्ष

आदिवासी जनजातीहरु प्रति राज्यबाट बिभेदकारी नीति अवलम्वन गरियो । ऐतिहासिक कालखण्डदेखि हेर्ने हो भने पृथ्वीनारायण शाहको पाला दखि नै जातीय राज्यको स्थापना भएको देखिन्छ । पृथ्वीनारायण शाहको सोच जातीय राज्य सञ्चालन गर्ने नभए तापनि उनले दिएको दिब्य उपदेश “नेपाल चार जात छत्तीस बर्णको साझा फुलबारी हो” बाट नेपाल जातीय राज्य थियो भन्ने स्पस्ट हुन्छ । पृथ्वीनारायण शाहले एकीकरण प्रयास गर्दा नेवार जातिको नाक ,कान काट्न्, देश निकाला गर्ने तथा थापा, पाण्डे र कुँवरहरुलाई मात्र बिश्वासिलो पात्रको रुपमा जिम्मेवारी दिए । बंशीय शासन व्यवस्था भएको कारण ती भारदार र भारदारका नजिक नातेदारले राज्यसत्ताको महत्वपूर्ण स्थान ओगट्न सफल भए । फलस्वरुप त्यसको असर बर्तमान समयसम्म पनि रहिरहेको देखिन्छ । हालसम्म पनि त्यस्ता जातिले राज्यको महत्वपुर्ण पद ओगट्न सफल भईरहेका छन् । शाहबंशको निरन्तरतासंगै एक भाषा, एक धर्म लिएको नीतिले अन्य धर्मलाई बहिस्करणमा पारेको छ ।

राज्यसत्ताको केन्द्रबिन्दुमा उच्च जातको प्रतिनिधित्व भईरहन र ती ब्यक्तिको नियन्त्रण, निर्णयमा मुलुक सञ्चालन भएकाले राज्यत्ताको दुरुपयोग भयो । ती शासकहरुले आफ्नो हितमा स्रोत साधनको उपयोग गरे । फलस्वरुप आदिवासी जनजाती तथा सीमान्तकृत वर्ग समुदायले राज्य तथा स्थानीय स्रोतसाधनको आफ्नो हक र हितमा उपयोग गर्न पाएनन् । परिणामत आदिवासी जनजाती सीमान्तकृत समुदाय आर्थीक, राजनैतिक, सामाजिक, सास्कृतिक, धार्मिक हिसावले कमजोर र झन् गरिव बन्दै गए । यसरी राज्यको शक्ती संरचनामा फेरबदल गर्न, आदिवासी जनजाती,

मधेसी, महिला, मुश्लिम र सिमान्तकृत समुदायलाई राज्यको निर्णायक तहमा पुर्‍याउन, सामाजिक, आर्थिक, धार्मिक, सास्कृतिक, लैङ्गिक र क्षेत्रिय बिभेद र द्धन्द समाधान गर्नुका साथै सामाजिक न्याय स्थापना गर्नका निमित्त नेपालमा धर्मनिरपेक्षता, संघीयता, आरक्षण र आत्मनिर्णयको अधिकार आवश्यक छ ।

## अध्याय पाँच (Unit-Five)

## आदिवासी जनजातीले उठाएका सवालप्रति गैर जनजातीको धारणा

आदिवासी जनजाती आन्दोलनले उठाएका कतिपय मुद्दाहरुमा गैर जनजातीहरु पनि सहमत छन । राज्यले अवलम्वन गरेका कतिपय नीतिनियमहरु आदिवासी जनजातीको बिपक्षमा देखिन्छ । बिशेष गरि केन्द्रिकृत शासन व्यवस्था, भेषभुष , धर्मसस्कृति, शिक्षा, रोजगारी, लैङ्गिक र क्षेत्रिय रुपमा उत्पीडनमा पार्‍यो । गैर जनजातीहरु पनि आदिवासी जनजातीको राजनैतिक, सामाजिक, आर्थिक, सास्कृतिक अधिकार प्रत्यायोजन गर्न साथासाथै उनीहरुको जविनस्तर उकास्ने अनिबार्य कुरा मान्छन । तरपनि यस्ता सवालहररुको समाधान गर्ने सम्बन्धमा र केहि मुद्दामा सैद्धान्तिक दृष्टिकोण फरक फरक रहेको छ । जस्तो धर्म निरपेक्षताको सवालमा सहमत छन् भने संघीयता र अत्मनिर्णय अधिकारको बिषयमा सैद्धान्तिक रुपमा फरक बुझाई रहेको छ भने आरक्षणको सबालमा सहमत भएपनि जातीय आधारमा नभई बर्गीय रुपमा आरक्षण दिईनुपर्दछ भन्ने गैर जनजातीहरुको धारणा रहेको छ ।

### ५.१ धर्म निरपेक्षता

संघीयता सम्वन्धी अग्रेजी-नेपाली शब्दावलीमा धर्मनिरपेक्षता त्यस्तो बिचारधारा जस अनुसार धर्म वा धार्मिक बिश्वासहरुलाई, खास मानबिय क्रियाकलाप तथा निर्णयबाट, बिशेष गरेर सार्बजनिक तथा राजनीतिक मामिलाहरुबाट अलग राखिन्छ ।

धर्म निरपेक्ष राज्य,धार्मिक सवालहरुमा आधिकारिक रुपले तटस्थ रही धर्म बिशेषको सर्मथन वा बिरोध नगर्ने राज्य वा देशलाई धर्म निरपेक्ष राज्य भनिन्छ । राज्यका मामिलाहरुलाई धर्मबाट स्वतन्त्र राख्ने यो बिश्वासको उदय धर्मनिरपेक्षता सम्बन्धी बिचारधाराबाट भएको हो ।

धर्म प्रत्येक व्यक्तिको नीजि आस्था र विश्वासको कुरा हो । इतिहासका विभिन्न कालखण्डमा विभिन्न धर्महरुले सकारात्मक भूमिका खेलेको भए पनि मध्यकालमा ( केही अपवादमा अहिले पनि) धर्मको आधारमा राज्य सञ्चालन गरिएको भएता पनि

लोकतन्त्रमा कुनै पनि राज्यले निश्चित धर्मलाई राज्य धर्मको अवलम्बन गर्न सक्दैन । राज्य धर्मको मामलामा तटस्थ रहनुपर्छ र प्रत्येक नागरिकको धार्मिक स्वतन्त्रताको संरक्षण र सम्मान गर्नुपर्छ । जनआन्दोलनको बलमा पुनःस्थापित प्रतिनिधिसभाले धर्मनिरपेक्षताको घोषणा गरेको भए पनि यसलाई व्यवहारमा कार्यान्वय गर्नुपर्ने कामहरु बाँकी छन् । राज्यको पुनःसंरचनाभित्र यो प्रश्नलाई पनि सहि ढंगले सम्बोधन गरिनु पर्छ (ज्ञवाली, प्रदीप) ।

धर्म निरपेक्षता सम्वन्धि प्रश्नमा जनजातीहरु राज्य धर्म निरपेक्ष हुनु पर्ने राज्यले कुनै पनि धर्मलाई काखा र पाखा गर्न नहुने बताए र उनिहरु धर्म निरपेक्ष राज्य भएकोमा सहमत रहेको वताए भने यहि प्रश्नमा गैर जनजातीहरु पनि धर्म निरपेक्षतामा सहमत भएको तर कतिपय जनजातीहरुले धर्म निरपेक्षतलाई हिन्दु धर्म को विरोध गर्नु अनि गौ बध गरेर खानु गलत वुझेको वताए भने यसै सन्दर्भमा एक जना राजनितिककर्मीले "*नेपालमा धर्म निरपेक्षताको सही परिभाषा नआएकोले गर्दा एउटाले एउटा धर्म ठुलो र अर्को ले अर्को धर्म सानो भन्ने हुँदा धार्मिक द्वन्द हुन सक्ने बताए*" । जनजाती लगाएत सबै गैर जनजाती धर्म निरपेक्षतामा सहमत देखिए तर कुन रुपले धर्म निरपेक्षताई अपनाउने र धार्मिक सहिष्णुता कसरी कायम राख्नेमा राज्य जिम्मेवार नहुने, व्यक्ति स्वयम जिम्मेवार हुने एक राजनितिककर्मीले वताए ।

जनजातीहरु आफ्नो धर्म संस्कृति रितिरिवाज सदियौ वर्षदेखि छाँयामा पर्दै आएको र अहिले सम्म राज्यले एक शासन व्यवस्थामा हिन्दुधर्मलाई मात्र प्रसय दिएको वताए भने एक जना संचारकर्मीले मुट्ठीभर राजनैतिक दलका नेताहरुले नेपाललाई धर्म निरपेक्षताको घोषणा गर्नु को सट्टा जनमत संग्रह बाट यसको घोषणा गरेको भए यसले पछि पार्ने दुरगामी असर कम हुने वताए ।

धर्मनिरपेक्षता सम्बन्धि जनजाती र गैरजनजाती बिच धारणामा फरक आउनुको कारण जनजातीले आफ्नो धर्मलाई राज्यले हिन्दु धर्म सरह महत्व दिनु पर्ने र हिन्दु धर्मले गर्दा नै उनिहरुको धर्मले कुनै ठाउ नपाएको बुझाइ देखिन्छ, त्यस्तै गरि गैरजनजातीको बुझाइमा एकैचोटि राज्यलाई धर्मनिरपेक्षतामा लैजादा यसले धार्मिक

सहिष्णुतामा खलबल मच्चाई धर्म-धर्म बिच टकराब आउनसक्ने हुनाले यस्ता स्थितिलाई रोक्न र राज्यमा आफ्नो बर्चस्व राख्नको लागि पनि केहि हदसम्म धर्म निरपक्षताको विरोध देखिएको पाइन्छ । अर्को कुरा आजसम्मको राज्यसत्तामा हेर्दा जनजातीको पहुच भन्दा जो हिन्दु धर्ममा आवद्व छन् उनिहरुले नै शासन व्यवस्था चलाइरहेका छन् । यसको कारणले गर्दा पनि यी दुई बिच धर्मनिरपेक्षता सम्बन्धि धारणामा असमानता देखिन्छ।

जनजाती समूहले यदि राज्यपक्षले जनजातीहरुले भने जसरी धर्मनिरपेक्षतालाई कार्यान्वयन गरेन र यसको उचित सम्वोधन गरेन भने धार्मिक युद्ध पनि हुन सक्छ । फेरी जनजातीको माग अनुसार हिन्दु धर्म सरह जनजातीका धर्मले पनि उत्तिकै महत्व पाउने हो भने धार्मिक सहिष्णुता र जातीय सद्भाव अझ वढि गाढा हुने वताए । यसै सन्दर्भमा गैर जनजातीहरुले धर्म निरपेक्षताको परिभाषालाई सहि व्याख्या गर्दै यसलाई अपनाउने हो भने यसको प्रकिकुलता हुन सक्दैन तर एक जाति, एक धर्मको आडलिएर, अर्को जाति अर्को धर्मको विरोध गरेमा यसले दिर्घकाल सम्म धार्मिक द्वन्द हुने अधिकांश गैर जनजाती उत्तरदाताहरुले वताए ।

माथिका कुराहरुवाट के प्रष्ट हुन्छ भने धर्मनिरपेक्षतालाई एउटा धर्म अपनाई अर्को धर्मको विरोध गरियो भने यसले दुरगामी नकारात्मक असरपार्ने र वर्तमान समयमा कतिपय संघ संस्था धार्मिक विस्तारवादमा लागेको पनि देखिन्छ । धर्म आस्था र विश्वास सँग मात्र जोडिएको हुदैन धर्म मानिसको भावनासँग पनि जोडिन्छ । धेरै समय देखि रहदै आएको संरचना प्रणालिलाई एकै पटकमा तोड्दा यसले नकारात्मक असर पनि दिन सक्छ । यसैले धर्म निरपेक्षता सम्वन्धि फरक फरक दृष्टिकोण आउनुका विभिन्न राजनैतिक पार्टि सँग आवद्ध सँघ संस्था राजनैतिक नेतृत्वको फरक विचार धारा र अहिले वर्तमान समयमा वढ्दै गएको जात जाति बिचको मनमुनाव र विश्वतहमा देखिएको धार्मिक दन्द्व हो ।

केहि समय अगाडी सम्म को, कुन जातिको, कुन धर्म ठुलो र कुन धर्म सानो भन्ने धारणाको विकास भएको थिएन जव २०६२/२०६३ पछिको युगान्तकारि

परिवर्तनले जनतामा आफ्नो जात जाति र पहिचानको कुरालाई उठाइदियो, यसै समय देखि नै धर्म निरपेक्षता सम्बन्धी सवाल घनिभत रुपमा उठेको  पाइन्छ । धर्म निरपेक्षताको आडमा कतिपय ठाउँमा गौ वधका प्रसंगहरु उठेका छन् जसलाई जो हिन्दु धर्म मान्छन् । उनिहरुले यसलाई धर्म निरपेक्षेताको नकारात्मक पक्षको रुपमा पनि लिएको देखिन्छ । यसले के देखाउछ भने धर्म निरपेक्षताको अवधारणा राम्रो भएता पनि यसले एउटा धर्मलाई समर्थन गर्नु र एउटा धर्मलाई विरोध गर्ने देखाएको छ ।

४२ जना उत्तरदाताहरु मध्ये अधिकांश जनजाती तथा गैर जनाजाति उत्तरदाताहरुले नेपालमा धर्म निरपेक्षता सान्दर्भिक रहेको वताएका थिए र नेपाल बहुभाषिक, बहुजातीय र वहुधार्मिक भएको हुदा यसको सान्दर्भिकता रहने दुवै पक्षले वताए ।

## ५.२ आत्मनिर्णयको अधिकार

आधुनिक अन्तराष्ट्रिय कानुनमा आत्मनिर्णयको अधिकारलाई समुदाय बिशेषका स्वशासनको अबधारणाका रुपमा ब्याख्या गर्ने गरिन्छ । यस अबधारणाको अर्थ छुट्टै राष्ट्रको हैसियत भन्ने नभए तापनि कम्तीमा समुदायको भावना र सस्कृतिको संरक्षण भने सुनिश्चित गरिएको हुन्छ ।

राष्ट्रसंघीय बडापत्र तथा अन्तराष्टिय श्रम संगठनको कन्भेन्सन सन १९६९ ले यस सम्बन्धी सर्तहरु सबिस्तार ब्याख्या गरेको छ । जस अर्न्तगत समूह बिशेषका जनताले राजनीतिक दृष्टिले स्वायत्त हुने केहि अधिकार प्राप्त गर्न सक्छन् जहाँ अन्यथा उक्त अधिकारहरु वर्जित हुन्थे ।

अनुसन्धानको क्रममा ४२जना उत्तरदाताहरुलाई आत्मनिर्णयको अधिकार सम्बन्धि धारणा /तपाइको बुझाइ के छ ? यसमा तपाइ सहमत/असहमत भन्ने प्रश्नमा ४२जना मध्ये जनजाती समूहका सवै उत्तरदाताहरु यस मुद्दामा सहमत भएको र गैर जनजाती नेपालमा आत्मनिर्णयको अधिकारको परिभाषा स्पष्ट नभएको बताए भने २८जना मध्ये ३ जना उत्तरदाताले समुदायलाई आत्मनिर्णयको अधिकार दिईनु पर्ने

तर जुन रुपमा राजनैतिक पृष्ठभूमिलाई जोडिएर आत्मनिर्णयको अधिकार आएको छ जो गलत छ । समुदाय, जाति, भाषा, धर्म, संस्कृति, प्राकृतिक स्रोत साधन माथिको आत्मनिर्णयको अधिकारमा गैर जनजातीहरु सहमत भएको तर जुन रुपमा वर्तमान समयमा उठेको छुट्टै राज्य सहितको आत्मनिर्णयको अधिकारमा सहमत नभएको, नेपाल कुनै पनि राज्यवाट शासित मुलुक नभएको हुँदा यो माग औचित्यहिन भएको वताए ।

आत्मनिर्णयको अधिकारको सम्वन्धमा एक उत्तरदाताले उपनिवेश लागु भएका मुलुकमा आत्मनिर्णयको अधिकारको माग जायज हुन सक्ने तर *"हाम्रो देश नेपाल न कहिल्यै उपनिवेशवाद थियो नत कसैले राज्य गरेका थिए, नेपालको सन्दर्भमा आत्मनिर्णयको अधिकार सहित छुट्टै राज्य वनाउने जनजातीको माग जायज नभएको र यसले राज्यलाई जातीय विखण्डन तिर लैजाने अधिकांश गैर जनजातीले बताए ।*

४२ जना उत्तरदाता मध्ये १५ जनाले नेपालमा आत्मनिर्णयको कुरा सिमित व्यक्तिवाट उठेको, यो वास्तविक जनजाती बाट नउठेको वताए ।

यी दुई समूह बीच फरक धारणा आउनुमा विभिन्न राजनैतिक दलमा आवद्ध भएका कारणले पनि एक हो । यदि जनजातीले आत्मनिर्णयको अधिकारलाई परम्परागत रितिरिवाज, प्राकृतिक स्रोत साधनसँग जोडेर हेरेको हो भने यसलाई सकारात्मक पक्षको रुपमा लिन सकिन्छ । लोकतान्त्रिक दृष्टिकोणबाट हेर्दा आत्मनिर्णयको अधिकार अत्यन्त आधुनिक सोच हो । यदि निश्चित समुदायले निश्चित क्षेत्रका जनताले आत्मनिर्णयको अधिकार माग गरेको खण्डमा ती जातिलाई अधिकार दिनुपर्ने हुन्छ । आत्मनिर्णयको अधिकार जाति विशेषलाई भन्दा पनि समुदायमा आत्मनिर्णयको अधिकार दिनु पर्ने र कुनैपनि समाज एक जाति विशेषको छैन मिश्रित जातिको वसोवास भएको खण्डमा, स्रोत साधान माथिको अधिकार समुदायलाई छाड्नु पर्ने बताए ।

नेपालको हकमा आत्मनिर्णयको अधिकारलाई कुन हद सम्म लैजाने स्वतन्त्र राष्ट्र त्यहाँको जनताले चाहे भने दिने कि नदिने ? आत्मनिर्णय अधिकारको स्पष्ट व्याख्या हुनु पर्‍यो । दिने हो भने अहिले देखि नै राज्य पक्ष मानसिक रुपमा तयारी

हुनपर्ने देखिन्छ ,त्यसै हुनाले आत्मनिर्णयको अधिकार कुन हदसम्म लैजाने भन्ने आत्मनिर्णयको अधिकारको व्याख्या गरिनु पर्छ । नियमित काम कारवाही आफ्नो इच्छा अनुसार काम गर्न पाउने सीमित अधिकार एउटा हुन्छ भने अर्को स्वतन्त्र राष्ट्र माग गर्न सक्ने आत्मनिर्णयको अधिकार अर्को हुन्छ । अव नेपालको परिपेक्षमा जुन किसिमको परिस्थिति छ, जुन भु राजनिति छ, जुन किसिमको राष्ट्र छ, अव त्यस किसिमको ठाउँमा आत्मनिर्णयको अधिकार कुन हदसम्म दिने भन्ने यहाँका सम्वेदनसिल निकाय तथा नीति निर्माताहरुले सोच्नु पर्ने देखिन्छ ।

नेपालमा चरम गरिबी रहेको अबस्थामा पहिले गास बास र कपासको व्यवस्था गनुपर्छ अनिमात्र आत्मनिर्णयको औचित्यपूर्ण हुन्छ । आत्मनिर्णयको अधिकार बिश्वव्यापीकरणको कारण विश्वमा संभव नभएको दृष्टान्त दिदै मिश्र लेख्छन् नेपालको सन्दर्भमा यहाँ धेरै जाति बस्छन् । कसको आत्मनिर्णय हुन्छ ? काठमाडौमा ३६ प्रतिशत नेवारको, कर्णालीमा २५ प्रतिशत मुनिका दलितको आत्मनिर्णय सम्भब छ ? अर्कातिर, आजको संसारमा आत्मनिर्णय भन्ने नै कहि छैन । अमेरिकाले त आत्मनिर्णय गर्न सक्दैन । चीनले के गर्छ,के गर्छ भन्ने आधारमा उसका नीति बन्छन । बिश्वब्यापीकरणले सबैका आत्मनिर्णयमा रोक लगाई सक्यो । युरोपेली युनियनले ग्रीसलाई आफ्नो नागरिकलाई कति बर्षमा अबकाश दिने भन्ने निर्णय गर्न दिएन । यहाँ एउटा ब्यक्तिले त आत्मनिर्णय गर्न सम्भब छैन भने जातिको कसरी सम्भब छ ? त्यसैले सुन्दा आनन्द आए पनि यसको सार्न्दभिकता छैन । यो सब फजुल कुरा हो - मिश्र, २०६८) ।

आत्मनिर्णयको अधिकार सम्बन्धमा आदबासी जनजातीहरुले आत्मनिर्णयको अधिकार माग गरेतापनि कुन कुन बिषयमा आत्मनिर्णयको अधिकार माग गरेको स्पस्ट छैन । राजनैतिक हिसाबले हेर्दा आदिवासी जनजातीलाई स्थानीय स्रोत साधनको उपभोग गर्ने सम्बन्धमा आत्मनिर्णय प्रदान गर्न सकिन्छ । राज्यले बिकास निर्माण कार्य तथा प्राकृतिक स्रोतसाधनको उपभोग गर्दा स्थानीय आदिवासीलाई निर्णय प्रकियमा समाबेस गराएन । फलस्वरुप स्थानीयस्तरमा आदिवासी जनजातीहरुको राजनैतिक, सामाजिक, सास्कृतिक, बिकास हुन सकेन । राज्यले स्थानीय स्रोतसाधनको उपभोग

गर्ने सम्बन्धमा तथा आन्तरिक राजनैतिक निर्णय स्वयमलाई गर्न दिदा फरक पर्दैन । आत्मनिर्णयको अधिकारलाई बिषेसगरि बिश्वको ऐतिहासिक पृष्ठभूमिको आधारमा हेर्ने हो भने उपनिबेस भएका मुलुकहरु असन्तुस्ट भएको अवस्थामा छुट्टै राज्यको माग गर्ने अधिकारको रुपमा प्रयोग भएको छ । यसरी हेर्दा नेपाल राजनैतिक रुपमा कसैको उपनिबेस नभएको अवस्थामा आत्मनिर्णयको अधिकारमा छुट्टै राज्यको त्यति सार्न्दभिक देखिदैन ।

आदिवासी जनजातीहरुका अधिकार सम्बन्धी संयुक्त राषसङ्घको घोषणा-पत्रको धारा ३ र ४ मा आत्मनिर्णयको अधिकारबारे उल्लेख गरिएतापनि छुट्टै राज्यको माग गर्न सक्ने अधिकार स्पष्ट देखिएको छैन । उक्त धाराले आदिवासी जनजातीरुले स्थानिय स्रोत साधनको उपभोग गर्न तथा आन्तरिक राजनैतिक स्वतन्त्रता उपभोग गर्न पाउने व्यवस्था गरिएको छ ।

बर्तमान सर्न्दभमा बिश्व व्यवस्था वा बिश्व पुँजीबादी अर्थत्रन्त्रले लपेटिरहेको अबस्थामा राष, नै राषिय मुद्दामा आत्मनिर्णय गर्न सक्ने अबस्थामा छैन । स्थानीय स्रोत साधनलाई पनि बिश्व व्यवस्थासंग नजोडिदा अपुरो हुन्छ । आत्मनिर्यायको अधिकारलाई सापेक्षिक रुपमा हेर्नु पर्दछ । भिन्न भिन्न भौगोलिक अबस्थामा कुनै पनि आदिवासी जनजातीहरुको एकल तथा सघन बस्ती नरहेको कारणले एउटा समुदायलाई आत्मनिर्णयको अधिकार दिदा उही भौगोलिक स्थानमा बस्ने अन्य जातजातिको अधिकार कुण्ठित हुन्छ ।

## ५.३. संघीयता

संघीय राज्य भनेको केन्द्रिय र प्रादेशिक राज्यहरुबीच शक्तिको समझदारी हो । संघीय राज्यमा केन्दीय सरकार साझा शासनको आधारमा सञ्चालन हुन्छ भने प्रादेशिक सरकार स्वशासनको आधारमा सञ्चालन भईरहेको हुन्छ । विश्वमा संघीय राज्यको सुरुवात इतिहासको एउटा कालखण्डमा छुट्टाछुट्टै भईरहेका देशहरु सामुहिक सुरक्षा र बृहत बजारबाट फाइदा लिनका लागि एउटै शासनभित्र रहने सन्धी गरेर भएको हो । एउटै जातीय पहिचान भएका छुट्टै देशहरु यही मान्यता अनुसार एउटै

भएको इतिहास पाईन्छ । आजकाल एउटै केन्द्रिकृत राज्य भित्र जातीय, भाषिक तथा क्षेत्रिय उत्पीडनका कारणले उत्पन्न द्वन्द समाधान गर्नका लागि बिभिन्न समुदायलाई सामुहिक अधिकार अनुसार स्वायतता दिएर सहमतिको आधारमा शासनसत्ता सञ्चालन गर्ने सुरुवात भएको छ (श्रेष्ठ, २०६६) ।

४२ जना मध्ये १४जना जनजातील संघियतमा जादा जातीय आधारमा संघियातमा जानुपर्ने वताए भने बाकि २८ जनाले जातीय आधारमा संघीयतामा जान नहुने बताए भने बाँकि २ जना संघीयताका सम्बन्धमा कट्र विरोधी रहेको पाइयो भने एक जना उत्तरदाता संघीयताका सम्वन्धमा आफ्नो धारण राख्न चाहेनन् ।

## ५.३.१ जातीय आधारमा संघीयतामा जादा पार्ने प्रभाव

नेपाल मिश्रित जनजाती भएको वहुजातीय राष्ट्र हो यहाँ कुनै पनि जातिको वाहुल्यता नभएको हुँदा जातीय राज्यमा जान नहुने गैर जनजातीहरुले वताए भने जनजाती उत्तरदाताले यदि जातीय आधारमा राज्यको पुन संरचना हुने हो भने दबिएका उत्पीडित, शोषित जाति राज्यको मुलधारमा आउने र छोटो समयमा जनजातीको धेरै विकास हुन सक्ने बताए ।

नेपाल संघिय राज्यमा निर्माण भइसके पछि नेपालले सोचे जस्तो विकास गर्न सक्छ ।४२ जना मध्ये२८ जना उत्तरदाताहरुले कतिपय संघिय राज्य भएका देशहरु असफल पनि भएका छन् र संघिय राज्य नभएका देशहरु सफल पनि भएका छन् तर नेपालको सन्दर्भमा कस्तो राज्य अपनाउने भन्ने नितिमा भर पर्छ । नेपालको सन्दर्भमा हेर्दा जातीय आधारमा संघिय राज्य निर्माण गर्न नहुने वताए ।

अधिकाशं उत्तरदाताहरु संघीयतामा सहमत रहेको देखियो तर जनजाती समूह जातीय राज्यको पक्षमा रहेको र गैरजनजाती पक्ष जातीय राज्यको पक्षमा नरहेको दखियो । यसरि यि दुई विचारधारावाट के वुभिन्छ भने संघीयतामा जानपर्छ यसको कुनै विकल्प छैन, मुलुक धेरै अघि वढिसकेको छ र सघिंयताबाट पछाडि हट्न सकिदैन । संघीयता दिदा धेरै पक्षको विचार गरेर दिनुपर्छ । जस्तैः भौगोलिक आधारमा जाने की जातीय आधारमा जाने भन्ने कुरा सम्वन्धित निकायले सोच्नु पर्ने देखिन्छ । संघीयतामा

जादा जातिको वसोवासको आधार सांस्कृतिक सम्वेदनशिलताको अवस्था कस्तो छ ? त्यसै गरि त्यहाँ प्रशासन सुगमनताको आधारमा कस्तो छ बुझ्नुपर्ने देखिन्छ ।

नेपालमा १०३ जातजातिहरु छन् र नेपालको जातीय संरचना वहु जातीय छ । विभिन्न जातिहरु देशभरी छरिएर रहेका छन् दलित जनजाती, बाहुन क्षेत्रि विभिन्न कुराहरुलाई संघीय राज्य निर्माण गर्दा ध्यान दिनुपर्ने देखिन्छ । नेपालमा संघीयताको अनुभव र अभ्यास कम देखिएको छ र यो बढी भावनावाट पनि प्रेरित जस्तो देखिन्छ । जुन देशमा विविधता छ । त्यो विविधता लाई व्यवस्थापन गर्न संघीयता स्विकारनु पर्छ ।

केवल गैर जनजातीका २८जना उत्तरदाताहरुलाई मात्र सोधिएको थियो । जसमा २८ जना उत्तरदाताहरुको लगभग एउटै धारणा आएको थियो ।जसमा उनीहरुले राज्यको विभाजन गर्दा भौगोलिक सुगमता, सांस्कृतिक वनावट स्रोत साधनको उपलब्धता, ऐतिहासिक विशिष्टताका आधारमा संघीय राज्यको नामाकरण हुनुपर्दछ ।

### ५.३.२ संघीय राज्यको तह

धेरै राज्य नेपालको आर्थिक अवस्थाले गर्दा धान्न सक्दैन र कति राज्य भन्दा पनि अधिकार महत्वपुर्ण  हुन जान्छ । जब सम्म अधिकारको बाँडफाड हुदैन राज्यको केहि अर्थ नहुने बताए । जातिका आधारमा राज्यको निर्माण भएपनि त्याहाँ अधिकार दिदैन भने त्यसको अर्थ नहुने बताए ।

कति राज्य भन्दा पनि कति अधिकार कहाँ दिने भन्ने कुरा महत्वपूर्ण हुन जान्छ । राज्य भएर मात्र हुदैन, राज्यले कुन - कुन अधिकार प्रयोग गर्न पाउने, केन्द्रमा कति र राज्यमा कति अधिकार भन्ने कुरा प्रष्ट हुनु पर्छ । राज्य र केन्द्रको झगडा भयो भने कसले फैसला गर्ने राज्य सँग कति अधिकार हुने भन्ने यस्ता अधिकारको स्पष्ट धारण हुनुपर्ने देखिन्छ ।

संघीय राज्य निर्माण गर्दा कतिवटा र नाम के राख्ने मुद्दा भन्दा पनि केन्द्रमा रहेको अधिकार कति र कसरी बाडफाँड हुन्छ भन्ने महत्वपूर्ण हुन्छ । राज्य निर्माण

गर्दा संख्या धैरै हुने तथा नाम पनि स्थानीय जनताले माग गरे अनुसार भएपनि त्यस उत्पीडनमा परेका तथा स्थानीय समस्या समाधान हुन सक्दैन । राज्यको निर्माण गर्दा स्थानीय तहमा बढी भन्दा बढी अधिकार प्रत्यायोजन गर्ने गरि संघको निर्माण गरिनुपर्दछ ।

### ५.३.३ नेपालमा संघीयता सम्बन्धि वास्तविकता र भ्रम

४२ जना उत्तरदाताहरु मध्ये १४जना जनजातीले देश संघीयताका जादा टुक्रिन्छन भन्ने भ्रम रहेको बताए भने २ जना उत्तरदाताले नेपालमा संघीयता भ्रम रहेको र संघीयता र यसमा पनि जातीय संघीयता असम्भव रहेको वताए भने २३ जना उत्तरदाताले संघीयतालाई जनजाती सँग मात्र जोडेर हेरेको र संघीयता जनजातीको मात्र मुद्दा रहेको भन्ने बुझाई रहेको बताए ।

पहिचानका मुद्दालाई त संघीयता ले उठाउन सक्छ  तर जनजातीका सबै समस्यालाई यसले समाधान गर्न सक्छ भन्ने होइन बहु भाषा भाषि भएको देशमा पनि संघीयता  विना देशको विकास भएको देख्न सकिन्छ । जनजातीका सबै समस्या समाधानको एक मात्र उपाय संघीयता हो भनेर विश्वका अभ्यासले पनि भन्दैन र यो भन्दैमा संघीयताबाट पछि हट्न सकिने स्थिति देखिदैन जुन देशमा जातिगत भाषगत धर्मगत विविधता छ, अन्ततः यसले द्वन्द ल्याउन सक्छ यस प्रकारको द्वन्द व्यवस्थापनको रुपमा लिन सकिन्छ र यहि कारणले गर्दा पनि नेपालमा संघीयता स्वीकारीएको हो । नेपालमा संघीयताका अनुभव र प्रयासहरु कम छन् र यो भावनाबाट संरचित जस्तो पनि देखिन्छ । संघीयतामा देशलाई लैजादा धेरै पक्षको ( जातिगत संरचना, भाषगत संरचना, भू-राजनिती, भौगोलिक बनावट, प्रसासन सुगमता) बिचार गरी राज्यको निर्माण गर्नु पर्ने देखिन्छ यि सबै पक्षलाहरुलाई ध्यानमा राखेर संघीयताको टुङ्गो लगाउनु पर्ने देखिन्छ ।

नेपालमा सय भन्दा बढी जाति वा जनजातीहरु छन । अहिले करिब एक दर्जन जातीय राज्य वा प्रदेश बन्दैमा सबै जाति वा जनजातीहरुका प्रदेशहरु बन्ने छैनन । यो स्थितिमा तीन प्रकारका परिणाम अगाडि आउने छन्: पहिलो, बहुसङ्ख्यक जातिका

आफ्ना राज्य वा प्रदेशहरु हुने छैनन । दोस्रो, थप जातिहरुले आफ्ना बेग्लैराज्य वा प्रदेशशरुका लागि संघर्ष गर्न थाल्नेछन् । तेस्रो आफ्ना कुनै जातीय राज्य भन्दा बाशिर बसोबास गर्ने सम्बन्धीत जाकि मानिसले अन्य राज्यहरुमा असहज स्थितिको सामना गर्नुपर्नेछ । चौथो अहिले बन्ने सबै जातीय राज्यहरु अल्पसङ्ख्यक जातिहरुका राज्यहरु हुने भएकाले  त्यहा बसोबास गर्नेअन्य बहुसङ्ख्यक जातिहरुका मानिसहरुले लामो समयसम्मा अल्पसङ्ख्यक जातिको शासन वा अग्राधिकारलाई स्वीकार गरेर बस्ने छैनन । त्यसले गर्दा प्रात्येक जातीय राज्यमा गम्भीर प्रकारको असन्तोस, अशान्ति वा संघर्षको अवस्था उत्पन्न हुनेछ।  जतीय आधारमा राज्यहरुको निर्माणको नीतिलाई अगाडि बढाईयो भने स्थितिले अरु गम्भीर र बिस्फोटक रुप लिदै जानेछ (सिंह २०६९)।

राष्टिय राजनीतिमा जातीय मुद्दा प्रमुख रुपमा स्थान पाइरहेको, राजनैतिक दलहरुले जातीय मुद्दालाई उठाएर बर्गीय मुद्दा ओभ्केलमा परिरहेको छ । नेपालमा संघीय राज्य बनाउँदा जातीयताको आधारमा नभई सार्मथ्यको आधारमा बनाउनु पर्दछ । जातीयता भनेको कुनै निश्चित कुरा होईन यौ इतिहास कममा बन्ने कुरा हो । फलानो जातको फलानो गुण हुन्छ भन्ने हुदैन, अर्थात बाहुनको फलानो गुण हुन्छ, राईको फलानो हुन्छ भन्ने । यो कालान्तरमा सम्बन्धको प्रकृतिले निर्माण गर्ने कुरा हो । नेपालमा खास किसिमको गुण भएको,पोशाक लगाउने वा शारीरिक बनोट भएको जनजाती हुन्छ चनने आम चलन रहेको छ । यो प्राज्ञिक समुदायमा पनि प्रबेश गरेको छ जुन गलत हो । जातीयता भनेको बन्दै बिग्रदै र फेरि बन्दै जाने कुरा हो ।

मिश्र भन्छन नेपालको सबै बाहुन सम्पन्न छैनन्,र सबै जनजाती पनि पिछडिएका छैनन् । हिमाली तथा पहाडी क्षेत्रमा बस्ने बाहुन पनि पिछडिएको छन । खास शहरी क्षेत्रमा बस्ने बाहुनले फाईदा लिएका हुन । सबै बाहुनक्षेत्री तथा जनजातीलाई समग्रतामा हेरिनु हुदैन । राज्यले अनिबार्य रुपमा नामको पछाडि जात वा थर लेख्न लगाएर जातीयतालाइ बढवा दिईरहेको तथा बिभिन्न समूहमा बिभक्त हुन उत्प्रेरित गरिरहेको छ (मिश्र, २०६८)

नेपालमा संघीयता बिषयले ब्यापक चर्चा पाएको छ । दुई बर्षै कार्यकाल भएको संबिधानसभाको अर्को दुई वर्ष थपेर ४ बर्षै कार्यकालमा पनि संबिधान घोषणा हुन सकेन । ४ बर्षमा पनि घोषणा हुन नसक्नु प्रमुखा कारण थियो । संघीयता निर्माण गर्दा उेतिहासिक पहिचान वा सामार्थ्य केलाई आधार बनाउने । गैर आदिवासी जनजातीहरुको मुख्य आधार पहिचान भन्दा सामार्थ्यलाई मुख्य आधार बनाउन तथा संघीय राज्यको संख्या कम बनाउन । यदि राज्यको संख्या बढी बनाउदा प्रशासनिक तथा सामान्य खर्च बढी हुने र अबिकसीत राषको आर्थिक अबस्थाले धान्न सक्दैन । नेपालको भौगोलिक, जातीय अबस्थालाई हेर्दा पहिचान भन्दा सामर्थ्यलाई प्रमुख मुद्दा बनाउनु पर्दछ । नेपालमा जातीय हिसाबमा सयभन्दा बढी जातजातिको बसोबास रहेकाले, कुनै पनि स्थानमा बिशेस जातजातिको सघन बसोबास नभएको तथा बसोबास संयुक्त रुपमा भउकाले जातीय आधारमा संघीय राज्य निर्माण गर्नु तर्कयुक्त छैन अर्को यथार्थ के पनि हो भने जात भन्ने स्थायी प्रकृतिको बस्तु नभएको तथा समाज र सस्कृति बिकास वा निर्माणमा बन्ने, भत्किने तथा पुन बन्ने प्रक्रिया भएकाले जातीय आधारमा राज्य निर्माण गर्रिनु हुदैन । अथवा जात भन्ने अस्थागी प्रकृतिको बिषय भएकाले अस्थायी बिषयलाई संघीय राज्यको आधार बनाउनु हदैन ।

**५.४ आरक्षण (सकारात्मक विभेद** )

सीमान्तकृत समूहरुलाई बिधायिका तथा कार्यकारिणीका पदहरुमा यथेष्ट प्रतिनिधित्व सुनिश्चित गर्ने सकारात्मक बिभेद सम्बन्धि प्रक्रिया । अनुसन्धानकर्ताको आरक्षण सम्वन्धि प्रश्नमा जनजाती तथा गैर जनजाती दुवै समूह सहमत भएको तर जनजातीले आरक्षण दिदा जातीय

आधारमा दिनुपर्ने वताए भने गैर जनजातीले जनजातीका सबै समस्याहरु जातीय नभइ वर्गिय हिसावले पुरा गर्नु पर्ने बताए । जनजातीहरुले सदियौ देखि आफुहरु एकात्मक शासन व्यवस्था र त्यसमा पनि वाहुन क्षेत्रीको हालि मुहालिका कारणले उनीहरुको थिचोमिचो भएको तर जातीय कुरालाई बर्गिय हिसाबले हेर्न नहुने वताए ।

जनजातीले आफ्ना सबै समस्यालाई जातीय पक्षबाट र गैर जनजातीले जनजातीका समस्यालाई वर्गिय हिसाब वाट हेर्नुपर्ने र समस्याको समाधान गर्नु पर्ने वताए । यि दुई बिचार विच फरक देखिनुमा जनजातीहरुमा पनि सबै जनजाती वाहुन, क्षेत्रिबाट शोषित छैनन् । कतिपय कुराले वर्गिय कुरालाई ओजेलमा पारेको देखिन्छ । बाहुन जनजातीबाट पनि शोषित छ र जनजाती वाहुन वाट पनि शोषित भएको देखिन्छ । जनजाती पक्षका ८ जनाले आरक्षण दिदा जातीय आधारमा दिनुपर्ने बताए भने बाँकि ३४ जना गैर जनजातीले जनजातीलाई आरक्षण दिदा वर्गिय हिसाबले र त्यसमा पनि आम्दानीको स्तर हेरेर दिनु पर्ने बताए । एकै परिवारमा पनि आरक्षण दिदा समान तहमा दिन नसकिने गैर जनजातीको तर्क थियो । यसरी जनजाती समूहले जातीय आधारमा आफ्ना सबै समस्या समाधान गर्न खोज्छन्  भने अर्को तिर गैर जनजाती बर्गिय हिसाबले खोज्छन् ।

दुई विचको धारणामा समानता नदेखिनुमा अहिले वढ्दै गएको जातीय मुद्दा जसले वर्गिय मुद्दालाई ओभ्फेलमा पारेको छ । शासनसत्तामा जनजाती पनि छन् तर यि जनजातीहरु पनि शासन वा राज्यसत्ताका व्यक्तिहरु जोडिएका भए पनि जातीय समस्यालाई समाधान गर्नुको साटो आफ्नो राजनैतिक ठाउँ सुरक्षित बनाउदै लगेको देखिन्छ । जनजातीमा सबै जनजाती उही रुपमा शोषित छैनन् । जस्तै काठमाडौको नेवार र सुदुर पश्चिमको नेवारमा धेरै फरक देखिन्छ, यसरी आरक्षण दिदा वास्तविक जनजातीलाई पहिचान गरि आरक्षण दिनु पर्ने देखिन्छ ।

एक जना उत्तरदाता आफु आरक्षण सम्बन्धि धारणामा असमत भएको बताए *"आरक्षणले जनजातीलाई भ्फन कमजोर वनाउने र प्रतिस्पर्धावाट पाखा लगाउने, यसले सिमान्तकृत्तलाई भ्फन सिमान्तकृत बनाउने बताए ।"*

जब जनजाती वा अन्य कुनै पनि समुदायलाई लगातार आरक्षण, (सकारात्मक विभेद) दिइन्छ, यसले गुणस्तरलाई पाखा लगाइ दिन्छ तर आरक्षण दिँदा कुन हदसम्म दिने भन्ने निति निर्माणमा भर पर्छ जनजातीहरुले पनि आफ्नो सबै मद्दाहरुलाई जातीय हिसाबले समाधान गर्न खोज्नुको कारण उनिहरुमा *"हामी दविएका जाति हौं र*

*राज्यपक्षबाट दिने सुविधा बाट हामी बन्चित छौ । बाहुन क्षेत्री हाम्रा शासक वर्ग हुन र यिनिहरुले हामिलाई शोषण गर्दै आएका हुन* भन्ने मानसिकता उनिहरुको मनमा हुदाँ जनजातीले आफ्ना सबै समस्यालाई जातीय हिसाबले हेरेका हुन सक्छन् । फेरी गैर जनजातीले जनजातीका समस्यालाई बर्गिय हिसावले समाधान गर्न खोज्नुमा आरक्षण दिदा पनि अझ सम्म बास्तविक जनजाती त्यस अवसरवाट बन्चित भएको र उक्त आरक्षणवाट अरु कसैले फाइदा लिएको हुन सक्छ र सहि व्यक्ति सहि ठाउँमा नआएको पनि हुन सक्छ । यसले गर्दा यी दुई धारणा बीच फरक देखिन्छ ।

### ५.४.१ आरक्षणका समय सीमा तथा बिधिहरु

आदिवासी जनजाती तथा गैर जनजाती सबैले आरक्षण केहि समयका लागि दिनुपर्ने बताए, तर आरक्षण सम्बन्धि नीति नियम बनाउदा आरक्षण कसका लागि, कुन वर्ग, लिगं र समय अवधि स्पष्ट हुनु पर्ने सबैले बताए । गैर जजाति राजनितिक विश्लेषकले आरक्षण एक पटक सुरु गरेपछि हत्तपत्त यसको अन्त्य गर्न नसकिने बताए । यसो भन्नुमा जुन समुदायलाई कुनै बस्तु विशेषको अधिकार बिना निति नियम बनाएर दिइन्छ, त्यसलाई उसले आफ्नो अधिकार सम्भिmन्छ र त्यसलाई त्याग्न सक्दैन, र यसले सिधै गुणत्मक र प्रतिशप्रधालाई असर पुऱ्याउछ । भारतको आरक्षणलाई हेर्दा एकपटक सुरु गरेपछि यसको हतपत्त अन्त्य गर्न यसको सम्भावना देखिएको छैन । यसबाट फाइदा लिने एउटा तप्काको निर्माण हुन्छ र लामो समय सम्म आरक्षण दिदा उक्त समूह त्यसवाट अलगिन चाहादैन, र सवै जनजाती उही तहमा सिमान्तकृत पनि छैनन् ।

जनजातीले आरक्षणलाई आफ्नो समस्या समाधानको रुपमा हेर्दै जातीय आधारमा आरक्षण दिनुपर्ने तर्क छ, भने गैर जनजातीहरुले जनजाती भित्र वर्गिकरण गरेर आरक्षण दिनुपर्ने तर्क राख्छन् । यदि आरक्षण दिने हो भने वर्गिय हिसाबमा दिनुपर्ने देखिन्छ । जातीयताका आधारमा आरक्षण दिदा केही सिमित परिवारले यसको फाइदा लिन सक्छन् भन्ने धारणा गैर जनजातीको देखिन्छ ।

आदिवासी जनजाती तथा गैर आदिवासी जनजातीहरु नेपालको लागि आरक्षण दिदा १०-१५ वर्षको लागि दिनुपर्ने, त्यसपछि ती समूहलाई आरक्षण दिन नहुने बताए। आरक्षणका मापन के-के हुन सक्छन् भन्ने प्रश्नमा जनजातीले जातीय मुद्दालाई नै अघि सारे भने गैर जनजातीले मानव विकास सुचाङ्क र त्यसमा पनि प्रतिव्यक्ति आम्दानी हुनु पर्ने वताए।

आदिवासी जनजाती तथा पिछडिएका बर्गलाई आरक्षण दिदा निम्न बिषयहरुलाई ध्यान दिन जरुरी छः

- वास्तविक रुपमा सबै भन्दा पछाडि परेको समुदाय कुन हो, त्यसको पहिचान (जनजाती /मधेशि /पिछडिएका र सीमान्तकृत) समुदाय कुन हो त्यसको पहिचान गर्नुपर्छ।
- त्यो पिछडिएका र सीमान्तकृत समुदाय भित्र पनि विपन्न बर्ग छुट्टयाउनु पर्दछ। सीमान्तकृत भित्र पनि उनीहरुको प्रति व्यक्ति आ, /मानव विकास सुचाङ्कका आधारमा मापन गरि अति पिछडिएको निम्न गबर्गलाई मात्र आरक्षण दिइनु पर्दछ। आदिवासी जनजातीको नाममा आदिवासी जनजातीको उच्च बर्गलाई आरक्षण दिइनु हुदैन।
- आरक्षण दिदा छोटो समयको लागि दिईनु पर्दछ। सीमान्तकृत समुदाय अन्य समुदाय सरह विकासीत भईसकेपछि आरक्षण कोटा रोक्का गरिनुपर्दछ। यदि लामो समयसम्म आरक्षण दिईरहने हो भने जातीय द्धन्द निम्तिन सक्छ।

सकारात्मक विभेद केही समयका लागि निश्चित जातजातिका लागि उपयुक्त भए पनि दिर्घकालिनसम्म यसलाई राखिराख्न उपयूक्त हुदैन। यसले प्रतिसप्रधात्मक क्षमतालाई ह्रास गराउँछ। हाल नेपालमा सरकारी सेवा र अन्य क्षेत्रमा जनजाती, दलित, महिला, मधेशी आदिको लागि आरक्षणको व्यवस्था राज्यले गरेको छ। यो अभ्यासले के देखाएको छ भने आदिवासी जनजाती भित्रका विपन्न तथा सिमान्तकृतहरुले भन्दा पनि त्यहाँ भित्रका बोलवालाहरुले नै फाइदा लिएको पाइन्छ।

आदिवासी जनजाती भित्रको अति बिपन्न तथा सीमान्तकृतलाई आरक्षणले ॅसमेट्न नसक्ने हो भने आरक्षण दिनुको केहि अर्थ रहदैन ।

गैर जनजाती समूहले आरक्षण दिदा मानव विकास सुचाङ्कमा र वर्गियताका आधारमा आरक्षणको व्यवस्था हुनुपर्ने र जनजातीमा पनि वर्गिकरणको अवश्यकता रहेको र सबै जनजाती एकै किसिमले शोषित नभएको बताए र उनीहरुले विपन्नता, भौगोलिक विकटता, अपाङ्गताका आधारमा केहि समयको लागि आरक्षणको व्यवस्था हुनु पर्ने बताए भने जनजाती समूहले जातीय आधारमा नै आरक्षणको व्यवस्था हुनुपर्ने किनकी उनीहरु एकल शासन पद्धति र बाहुन /क्षेत्री उच्च पदवाट शोषित हुदै आएको र राज्य सत्तामा उनीहरुको कुनै प्रतिनिधित्व नभएको ठहर उनीहरुको देखिन्छ ।

जनजाती समूहले जनजातीका सबै समस्यालाई जातिगत हिसाबले मात्र हरेको देखिन्छ, र आरक्षण पनि जनजातीसँग मात्रै जोडिएको उनीहरुको वुझाइ छ र आरक्षणबाट नै उनीहरुका समास्या समाधान हुने उनीहरुको विचार देखिन्छ तर गैर जनजातीले वर्गलाई प्राथमिकतामा राख्दै मानव विकास सुचाङ्कका हिसाबले आरक्षण दिनु पर्ने वताउछन्, उनीहरुले यसो भन्नुको पछाडि अझ सम्म पनि लक्षित समुदाय आरक्षण भित्र नआएका हुन सक्छन् । र त्यही भित्रका हालिमुहालि भएका सम्भ्रान्त जनजातीवर्गले फाइदा लिन पुग्ने हुँदा वर्गियताको आधारमा आरक्षणको कुरा उठ्न सक्छ । तर आरक्षण दिदा राज्यका संवेदनशिल क्षेत्रमा दिन नहुने एक उत्तरदाताले यसले गर्दा गलत व्यक्ति अघि आउन सक्ने जसले गुणस्तरमा ह्रास आउने बताए ।

आरक्षणको नाममा केहि जनजातीलाई देखाएर राज्य पक्षका शक्तिशालि व्यक्तिहरुले आरक्षणको फाइदा लिएको पनि देखिन्छ । आरक्षण शुरु गरेपछि कसरी त्यसको व्यवस्थापन गर्ने भन्ने कुरा व्यवस्थापनमा भर पर्छ । नेपाल जस्तो ठाउँमा आरक्षणको व्यवस्था गर्नु भनेको पिछडिएको समुदाय, जाति, वर्ग, लिगं को हिसाबले ठिक हो र आरक्षण पनि त्यस्तो समुदायलाई फलदायी देखिन्छ । यसो गर्दा उनीहरुलाई जो राज्यवाट विभेद भएका छन्, उनीहरुले आफ्नो हक अधिकारको पनि प्रयोग गर्न पाउँछन् र पिछडिएका जात-जतिहरुका लागि अवसरका बाटाहरु पनि खुकुलो हुदै

जान्छ । आरक्षणको समस्या  कहाँनिर हुन जान्छ भने निश्चित जातिले जव त्यसलाई आफ्नो नैसर्गिक अधिकार सम्झन पुग्छ, र त्यसपछि त्यसलाई सकारात्मक विभेदको रुपमा हेर्न थालिन्छ । एउटा जातिलाई माथि उठाउन भन्दा अर्को जाति समाजका अवसवाट बन्चित हुनपुग्छ । त्यसो हुनाले भारतमा पनि त्यो कुराको समस्या नभएको होइन तर पनि नेपाल जस्तो ठाउँमा यसलाई अलिकति विचार गरेर अभ्यास गर्ने हो भने आरक्षणले सम्भवतः सकारात्मक नै नतिजा ल्याएर आउँछ होला ।

राज्यले आदिवासी जनजाती, मधेसी तथा अतिसीमान्तकृतहरलाई गरिएको व्यवस्थाले गैर जनजाती युवाहरुमा लोकसेवा आयोग तथा अन्य सेवाको क्षेत्रमा नैरस्यता छाईरहेको छ । गैर जनजातीको पनि बिगतका शासन ब्यबस्थमा राज्यबाट सेवा सुबिधा लिनबाट बञ्चित गैर जनजाती भएर जन्मनु आफुलाई दोषको रुपमा लिन थालेका छन् । आदिवासी जनजातीहरुको संख्यात्मक हिसाबले गैर जनजाती बढी हुने तर मीमित संख्यमा भिड्नु पर्ने भएको छ । एक हिसाबले हेर्दा गर जनजातीहरु सेवमा क्षेत्रमा प्रबेस गर्न नसक्नु आदिवासी जनजातीहरुलाई दोष पनि देखाई रहेको बवस्था छ । आरक्षणले गर्दा पनि जातीय बिभेद तथा जातीय तुसहरु बिजारापण गरिरहेको छ । एक पक्षलाई आरक्षण बिनाकारण अरुको अधिकार कुण्ठित बनाईरहेको त छैन भन्ने प्रश्नलाई आरक्षणले सतहमा ल्याएको छ ।

बिपन्न जातजाति, बर्ग, क्षेत्र र लिङ्गलाई उनीहरुको जीवनस्तर उकास्न तथा राज्यको पहुचमा पुर्‍याउनका निमित्त सकारात्मक बिभेदको नेपालमा आवश्यकता छ । जात, धर्म, क्षेत्र र लिङ्गको आधारमा राज्यले गरेको भेदभावको अन्त्य गर्नै उउटा माध्यम आरक्षण हो । आरक्षण दिदा राज्यले सीमान्तकृत समुदायसम्म पुगेको छ कि छैन भनेर अनुगमन गर्नु आवश्यक छ, नकि संभ्रान्त बर्गले यसको फाईदा उठाउन सकोस । आरक्षण एउटा अल्पकालिन व्यवस्था भएकाले यसको साथसाथै त्यस्ता समुदायको आधारभुत सेवा सुबिधामा बिशेस ब्यवस्था गरिनुका साथसाथै क्षमता अभिबृद्धिकरणमा ध्यान दिनुपर्दछ । जसका कारण त्यस्ता समुदायले प्रतिस्पर्धा गर्दा कुनै पनि आरक्षण वा बिशेस ब्यवस्थाको सिर्जना गर्न नपरोस ।

**५.५ जनजातीका मुद्दामा सहमत/असहमत ?**

यो प्रश्न ४२ जना मध्य जनजनति समूहका १४जनालाई छोडेर २८जना गैर जनजाती उत्तरदाताहरुलाई मात्र संघिएको थियो । जसमा २८ जना मध्य २ जना संघीयताको पक्षमा र त्यसका पनि जातीय राज्यका कट्टर बिरोधि रहेको बताए भने २६ जना सबै मुद्दामा सहमत नभएको तर आत्मनिर्णको अधिकारका पनि छुट्टै राज्यको माग सँग उठेको मुद्दामा असहमत रहेको बताए ।

**५.५.१ राष्ट्रिय एकताका लागि बर्तमान समयमा जनजातीले उठाएका माग कत्तिको साधक हुन सक्छन्** ? २८ जना मध्ये २ जनाले संघीयता र आत्मनिर्णयको अधिकारलाई छोडेर अरु मुद्दाले राष्ट्रिय एकतालाई सघाउ पुऱ्याउने बताए, भने बाँकी २३ जनाले जातिगत आधारमा मुद्दा मात्र नहेरी वर्गीय आधारमा हेर्ने हो भने त्यसले जातिए एकता मजवुत पार्ने देखिने बताए ।

सबै जनजाती र सबै जातजातिका समस्यालाई समाधान गर्ने हो भने जातिगत आधार बाट थोरै माथि उठेर समस्याको मुल जडमा पुग्न सकिएमा सबै जातजाति बिच जातीय एकता र जातीय संद्भाव कायम रहने देखिन्छ ।

**५.५.२. जनजाती आन्दोलनका कारक तत्व के-के हुन सक्छन्** ? ४२ जना उत्तरदाताहरुमा जनजाती समुदायका र १४ जना उत्तरदाताले एकात्मक शासन प्रणालि खास क्षेत्रीको शासन व्यवस्थामा प्रभुत्व हिन्दु राज्य व्यवस्था र २०४६, २०६२/०६३ को जनआन्दोलन आदि कारक तत्व रहेको बताए भने २८जना उत्तरदाताहरुले भने अलि फरक ढंगवाट जनजाती आन्दोलनका कारक तत्वहरु बताएका थिए । जसमा एकल शासन पद्दती जाति व्यवस्था राज्यका उच्च पदमा रहेका ब्रह्मण क्षेत्रि र जनजाती । र जनजातीमा म को हो ? मलाई राज्यले के दियो ? भन्ने जनजातीमा चेतनाको विकासका कारणले भएको बताए ।

**५.५.३ के जनजाती उत्पिडन र शोषणमा पर्नु खस व्राहमण क्षेत्री न हुन त** ? भन्ने प्रश्नमा ४२ जना मध्ये १४जना जनजाती समूहलाई छाडेर गैर जनजातीलाई मात्र सोधिएको थियो जसमा उनीहरुले जनजातीहरु उत्पीडनमा पर्नु शोषणमा पर्नु यसको कारक तत्व वाहुन क्षेत्री मान्नु सतहि विश्लेषण रहेको वताएका छन् र राज्यका सबै

ठाउँमा वाहुन क्षेत्रीले मात्र उत्पीडन र शोषण गरेका छैनन् । राज्यका उच्च पदमा जनजाती पनि छन् । यसको विश्लेषण जनजातीले गर्नुपर्ने बताए । वाहुन वाहुन वाट क्षेत्री क्षेत्री वाट जनजाती वाट वाहुन र वाहुन क्षेत्री वाट शोषित रहेको कुरालाई जनजातीले वुझ्न पर्ने वताए र जनजातीले आफ्ना सबै समय जनतिगत हिसावले राखेको कुरा गलत भएको पनि वताए ।

माथिको तथ्याकंले के बताउँछ भने सबै जातजाती उहि रुपमा शोषित र पिडित छैनन् । जनजाती वाहुन क्षेत्री वाट मात्र पिडित नहुन सक्छन् र वाहुन क्षेत्री पनि जनजातीवाट शोषित हुन सक्छन् ।

**५.५.४. जनजाती आन्दोलनले उठाएका मुद्दाहरु पूर्णरुपमा सम्बोधन भएका कुन छन् र सम्वोधनको क्रममा  कुन मुद्धा छन्** ? २८ जना उत्तरदाताहरुमा १५ जनाले संघीयता वाहेक सबै जनजातीका मुद्दा सम्वोधन भइसकेको बताए भने वाँकी ११ जनाले पूर्ण जानकारी नभएको र २ जनाले छुट्टै आत्मनिर्णयको अधिकार सम्वोधान हुन नसक्ने बताए ।

**५.५.५ जनजाती आन्दालनको भावि दिशा कस्तो हुन पर्छ** ? गैर जनजातीका २८ जनालाई सोधिएको थियो, जसमा सबै उत्तरदाताहरुले जनजातीहरुले आफ्ना मुद्दालाई संयमित रुपमा उठाउनु पर्छ, आफ्नो अधिकार माग्दा अरुको अधिकार हनन् नहुने तरिकाले अधिकारको माग गर्नुपर्ने र अन्तर जातीय संवाद सहित शान्तिपूर्ण वातावरणमा बहुपक्षिय बहस गर्नु पर्ने बताए ।

**५.६. निष्कर्ष**

कुनै पनि जातजातिले उठाएका मुद्दाहरुले राष्ट्रिय एकतामा कुनै पनि नकारात्मक असर पार्दैन किनभने राष्ट्रियता बिभिन्न जातजातीको एकताले गर्दा बलियो हुन्छ । जातजातीका माग उठे भन्दैमा राज्य तर्सिनु पर्दैन तर उचित समयमा त्यसको व्यवस्थापन गनुपर्दछ । देशका सबै जातजति भाषाभाषी एकै ठाउमा उभिदा राष्ट्रियता बलियो हुन्छ । पुरानो शासन पद्वतिले अहिलेका समस्या र चुनौतिलाई

सम्बोधन गर्न नसकेको अवस्थाका जनजातीका मागहरु चर्को रुपमा सतहमा देखिएको छ ।

जातीय समस्या पनि एक प्रकारको वर्गिय समस्या हो । जातीय, वर्गिय, क्षेत्रिय, लैँङ्गिक सबैलाई समष्टिगत रुपमा हल गर्नु पर्ने देखिन्छ र एउटा पाटोलाई मात्र लिएर कुनै पनि जातजातिका समस्या समाधान नहुने यि भिन्न भिन्न धारणा वाट पनि प्रष्ट हुन्छ । सबै जातजातिका समस्यालाई समाधान गर्न तथा उनिहरुका मुद्दाहरुको सम्बोधन गर्न विभिन्न जातजाति बिच आन्तरिक छलफल हुनु पर्ने दखिन्छ ।

# अध्याय छ (Unit-Six)

# सारांश र निष्कर्ष (Summary and conclusion)

## ६.१ सारांश (Summary)

प्रस्तुत आदिवासी जनजाती आन्दोलनले उठाएका सवालप्रति गैर जनजाती ( ब्राहम्मण तथा क्षेत्री) को धारणाले आदिवासी जनजातीहरुले उठाएका मुद्दा तथा त्यस मुद्दाभित्र रहेका तार्किकता प्रस्तुत गरिएको छ भने ती मुद्दाहरुमा गैरजनजातीको दृष्टिकोण बुझ्ने प्रयास भएको छ । यस शोधपत्रलाई छ अध्यायमा विभाजन गरिएको छ । अध्याय एक मा अध्ययन परिचय, समस्याको कथन, अध्ययनको उद्देश्य, अध्ययनको महत्व समावेश गरिएको छ जसमा आदिवासी जनजाती सम्बन्धी परिभाषा, जातीय संरचना सहित जनजाती आन्दोलनका सम्वन्धित पक्षको बारेमा यस अध्ययनमा उल्लेख गरिएको छ ।

अनुसन्धानका क्रममा आवश्यक पर्ने र अनुसन्धानको विषयवस्तुसँग सम्वन्धित साहित्य पुनरावालोकन लाई अध्याय दुई मा राखिएको छ । यसमा आदिबसी जनजाती आन्दोलन र यसले उठाएका मुद्दा सँग सम्वन्धित तथा ती बिषयबस्तुप्रति गैर जनजातीहरुले उठाएका तर्कहरु बिभिन्न पुस्तक, पत्रपत्रिको लेख रचनाहरु साहित्यको पुनरावलोकन गरिएको छ ।

अध्याय तीनमा अनुसन्धान बिधीलाई राखिएको छ । यस अध्यायमा अनुसन्धानको प्रकृति, नमुना छनौटको बिधी, तथ्यांक संकलन गर्ने तकनिकी, बिश्लेषण बिधी र अनुसन्धानकर्ताले अनुसन्धानका क्रममा भोगेका अनुभवहरुलाई लिपीबद्ध गरिएको छ ।

अध्याय चारमा आदिवासी जनजातीहरुको हक र अधिकारका मुद्दालाई जनजातीहरुको आफ्नै भनाई तथा धारणालाई समेटिएको छ । आदिवासी जनजातीहरुले उठाएका मुद्दाहरु धर्मनिरपेक्षता, संघीयता, आत्मनिर्णयको अधिकार र आरक्षणको बारेमा र ती मुद्दा उठाउनुका कारणहरु प्रस्तुत गरिएको छ ।

अध्याय पाँचमा आदिवासी जनजातीहरुले उठाएका सवालप्रति गैर जनजातीको धारणा उल्लेख गरिएको छ । बिशेषत आदिवासी जनजाती तथा गैर जनजाती बीचमा मतभेदहरुलाई उठान गरिएको छ । वास्तवमा जनजातीले उठाएका धर्मनिरपेक्षता, संघीयता, आत्मनिर्णयको अधिकार र आरक्षण जस्ता मुद्दामा व्यक्तिगत वा सामुहिक धारणा बुझ्नुका साथसाथै ती मुद्दाहरुप्रति आलोचनात्मक तार्किकता प्रस्तुत गरिएको छ ।

अध्याय छ मा अनुसन्धानमा समेटिएको बिषयबस्तुहरुको सांरस तथा अध्ययनको निष्कर्ष उल्लेख गरिएको छ । अभ्ययनको निष्कर्षमा आदिवासी जनजातीहरुले उठाएका मुद्दाप्रति केहि मुद्दामा सहमत देखिएको, केहि मुद्दाको अन्तरबस्तुमा फरक रहेको तथा केहि बिषयमा सैद्धान्तिक बुझाई नै फरक रहेको छ । आदिवासी जनजातीले उठाएका मुद्दामा सबै बिषयवस्तुलाई जातीयताको हिसावले हेरिनु हुदैन तथा ती सबै मुद्दाहरुलाई जातीयताका आधारमा मात्र समाधान गर्न सकिदैन । जातीय र बर्गीय मुद्दा एकआपसमा अन्तरघुलित पनि हुन् ।

## ६.२ निष्कर्ष (Conclusion)

आदिबासी जनजातीहरुले उठाएका सवाल प्रति दुवैको धारणा बुझ्दा आ आफ्नै किसिमका मतमतान्तर र तार्किकताहरु छन । विगतका राज्य सत्ताले आदिवासी जनजातीहरुलाई आर्थिक, सामाजिक, राजनैतिक, सास्कृतिक, धार्मिक र भाषीक रुपमा उत्पीडनमा पारेकै हुन । तर बर्तमान समयमा त्यस्ता बिषयलाई फगत जातीयताको आँखाबाट मात्र हेरिनु हुदैन ।

मेरो अध्ययनले के देखाएको छ भने वर्तमान समयमा जनजातीका समस्याहरु जातिगत आधारमा मात्रै उठेको देखिन्छ, यसले वर्गिय समस्यालाई ओझेलमा पारिदिएको देखिन्छ । विभिन्न जात जातिका आ-आफ्नै समस्या हुन सक्छन् तर यसलाई वर्गिय रुपमा पनि हेर्न पर्ने देखिन्छ ।

संसारमा एकात्मक राज्य प्रणाली भएका देशहरुले पनि र एकात्मक शासन प्रणाली नभएका देशहरुले पनि प्रगति गरेको देखिन्छ । उदाहरणको लागि हाम्रो

दक्षिणमा भारत छ, उत्तरमा चिन छ, एक किसिमको राज्य व्यवस्था छ ति सबै देशले आ-आफ्नै ढंगले प्रगति गरेको देखिन्छ तर यहाँ चाहि राज्य व्यवस्था नै हुनुपर्ने संघीयता, धर्म निरपेक्षता वा हिन्दु राज्य वा आत्मनिर्णयको अधिकार सहितको छुट्टै राज्य हुनु पर्ने केवल सैद्धान्तिक वहस मात्र देखिएको छ । एक जाति शोषणमा पर्ने अर्को जाति लाई देखाउन खोजिएको छ । जातीय मुद्दाले वर्गिय मुद्दालाई ओझेलमा पारेको देखिन्छ ।

यो अध्ययनले के पनि देखाएको छ भन्दा आरक्षण आत्मनिर्णयको अधिकार, धर्म निरपेक्षता र संघीयता कुन हद सम्म लैजाने र यसको व्यवस्थापन कसरी गर्न सकिन्छ भन्ने निति निर्माण मा आवद्ध  संघ संस्थाले यसको जिम्मेवारी लिनुपर्ने हुन्छ ।

अहिलेको बुझाइमा के देखिएको छ भने संघीयता आरक्षण आत्मनिर्णयको अधिकार र धर्म निरपेक्षता यी सबै जनजातीका मुद्दाहरु मात्र हुन जुन बुझाइ गलत भएको यो अनुसन्धानले देखाउँछ। र अर्को कुरा जनजातीहरु उत्पिडनमा पर्नु  उच्च पदका बाहुन/क्षेत्री यसका कारक तत्व हुन यसलाई पनि यो अध्ययनले केहि मात्रामा विश्लेषण गरेको छ । जनजातीहरु उतपिडनमा शोषणमा पर्नु केहि हद सम्म उच्च पदका बाहुन/क्षेत्री (गैर जनजाती) हुन सक्छन् र त्यहि समयमा जनजातीका हालिमुहाली भएका व्यक्तिहरु राज्य सत्तामा जोडिएको देखिन्छ यसको विश्लेषण पनि जनजातीहरुले पनि गर्नु पर्ने देखिन्छ । जनजाती भित्रपनि धनि गरिब र बाहुन तथा क्षेत्रि भित्र धनि गरिब छुट्याउने पर्ने देखिन्छ ।

आरक्षण पनि कसलाई दिने भन्ने स्पष्ट नीतिनियम बनाउनु आवश्यक देखिन्छ । स्पष्ट निति नियमको अभावमा त्यही भित्रका हालि मुहालि वर्गले फाइदा लिन पुग्दछन् । जनजातीका सवै समस्या वर्गिय रुपले समाधान गर्न नसके पनि वर्गिय रुपमा रहेको विभेदलाई नकार्न सकिदैन । जातीय रुपमा मात्रै विभेदको अन्त्य गर्न खोजिएमा समाज जस्ता को तस्तै रहन्छ फेरी दङ्गा फसाद हुन जान्छ । जातीय, लिंगिय, क्षेत्रिय विभेद पनि रहेको हुन्छ र तर सँग सगै रहेको वर्गिय विभेदलाई हामिले वेवास्ता गर्न सकिदैन ।

सवैको विचमा सन्तुलन मिलाइर जुनसुकै रुपमा देखा परेको विभेद किन नहोस् यसको अन्त्यका लागि लाग्नु सबै जातजातिको हितमा देखिन्छ ।

त्यस्तै आरक्षणको कुरा गर्दा कुन समूह लक्षित हो कुन समूहको लागि आरक्षण कति वर्षको लागि दिने भन्ने कुरा निति निर्धारण तय गर्नु पर्ने देखिन्छ । जनजाती ले आफ्ना मागहरु उठाउदा अरु जातजातिको पनि अधिकारको ख्याल गर्नुपर्ने देखिन्छ, र जनजाती सँग आवद्ध संघ संस्थाले भावि आन्दोलनलाई संयमित ढंगवाट अन्तरक्रियाहरु गर्दै अगाडि वढ्नु पर्ने हुन्छ जसले गर्दा राष्ट्रिय एकतामा कुनै खलबल नपुगोस ।

संसारमा जुन परिवर्तनहरु क्रन्तिकारी ढंगवाट आए अचानक सम्पूर्ण संरचनामा परिवर्तन भए र व्यवस्थापन नभएका संरचनाले कहि पनि राम्रो परिवर्तन ल्याएको देखिदैन । माथि उल्लेखित जन जातिका मुद्दाहरुलाई सरोकारवालाहरुले योजनावद्ध ढंगले सम्वोधन वा यसको कार्यान्वायन गर्न सकेनन् भने यसले दुरगामि नकारात्मक असर (दंगा फसाद, जातीय सद्भाव विथल्ने खालका क्रियाकलाप ) देखापर्न जान्छ । वर्तमान समयका विभिन्न प्रकारका आन्दोलन -जातीय आन्दोलन, क्षेत्रीय आन्दोलन, राजनैतिक आन्दोलनहरुले के देखाएको छ भन्दा यसले मानिसमा चेतना भन्दा वढि उत्तेजना फैलाएको छ, आन्दोलन वाट उत्पन्न हुने सबै प्रकारका दंगा फसाद र विभिन्न जातजातिमा देखिएको उत्तेजनालाई व्यवस्थापन गर्न को लागि समयमानै जनजाती आन्दोलनले उठाएका मुद्दाहरुको समाधान हुनुपर्ने देखिन्छ ।

जनजातीहरुले आफु उत्पीडनमा पर्नु, राज्यका अंगले जनजातीका भाषा, संस्कार, धर्मलाई बेवास्ता गऱ्यो र ऐतिहासिक काल खण्ड देखिनै एकात्मक शासन र त्यस व्यवस्था भित्रका उच्च पदस्थ खस वाहुन क्षेत्री का कारण उनीहरु शोषणमा पर्नुको कारण केहि हद सम्म स्वकारर्न सकिन्छ तर जनजाती माथि उल्लेखित सबै कारणवाट शोषणमा पर्नु एउटा पक्ष हुन जान्छ भने अर्को पक्ष धनि वाहुन वाट गरिब वाहुन, धनि जनजातीवाट गरिब जनजाती र धनि वाहुन क्षेत्रिबाट गरिव जनजाती शोषण र उत्पिडनमा परेको तथ्यलाई छाड्न मिल्दैन र जनजातीले यि कुराहरुको पनि

विश्लेषण गर्नु पर्ने देखिन्छ । यदि जनजातीहरुले आफु शोषणमा र उतपिडनका पर्नुको कारण खस व्रहमाण क्षेत्री हो भन्नु सतहि विश्लेषण हुन जान्छ। जनजाती उत्पीडित र शोषणमा पर्नु सांस्कृतिक भिन्नता, धार्मिक भिन्नता, जातीय भिन्नता सामाजिक संरचनागत कारणले पनि जनजाती उत्पीडन र शोषणमा परेको यि कुराहरुलाई जनजातीले स्विकार्नु पर्ने देखिन्छ ।

कुनै पनि जातजातिले आफ्ना मुद्दाहरुलाई सहि ढंगवाट उठाउछन् भने ति मुद्दाहरुले राष्ट्रिय एकतामा कुनै खलवल पुऱ्याउदैन, किनभने राष्ट्रिय एकता के गर्दा मजवद्ध हुन्छ भन्दा जव विभिन्न जातजाति विभिन्न भाषाभाषि विभिन्न सांस्कृति भएका मानिसहरु जव एकै ठाउमा उभिन पुग्छन् । सबै जातजातिका मुद्दाहरुलाई सम्वन्धीत पक्षले सहि ढंगले व्यवस्थापन गर्दै लैजानु पर्छ । उचित मागहरुको सम्वोन्धन भए देखि जनजातीको पनि विकास हुन सक्छ । जातीय विभेद सगै बर्गिय विभेदलाई पनि हटाउदै लानु पर्ने देखिन्छ । जातीय विभेद लिंगिय विभेद, सांस्कृतिक धार्मिक सगै जोडिएको वर्गिय विभेदलाई वेवास्ता गर्न सकिदैन । सबै जातजातिका विचमा सन्तुलन मिलाएर जातीय समस्याको सन्धान गर्न सकेमा यसको नतिजा सकारात्मक हुने यस अध्ययनले देखाउछ ।

वर्तमान अवस्थामा देखिएका यी जातीय मुद्दालाई समयमा नै व्यवस्थापन गर्न सकिएन भने यसले दुरगामि नकरात्मक परिवर्तन ल्याउन सक्छ भन्ने मेरो अनुसन्धानको निष्कर्ष देखिएको छ

## सन्दर्भ सामाग्री


अधिकारी, निलमसेखर (२०५७), *नेपालमा जातीय आन्दोलन, आरक्षण स्वसान र संघीयराज्य तर्फ,* श्री कृपासुर ।

आचार्य, भीमाजुन (•), *संघीय राज्य व्यवस्था । संघीय राज्यको नया संरचना,* काठमाडौः बिबेक सिर्जनशील प्रा.लि ।

आहुति (२०६७), *नेपालमा वर्णव्यवस्था र बर्ग-सङ्घर्ष,* पुल्चोक ललितपुरः समता बुक्स ।

कडेल, पुष्पराज (२०६३), *राज्यको पुनःसंरचना अर्थराजनैतिक सन्दर्भ र संघीयताको प्रश्न,* बागबजार काठमाडौ : एसिया पब्लिकेसन प्रा लि ।

गुरुङ, ओम (२०६७), *नेपालमा आदिवासी जनजाती आन्दोलनको इतिहास ।* जसपाल किरात, सं *आदिवासी जनजाती* अ, ३ मङ्सीर पृ. १३"२८, काठमाडौः आदिवासी जनजाती उत्थान राष्िय प्रतिष्ठान ।

तामाङ, पर्शुराम (२०६४), *लोकत्रन्त्र र राज्यको पुनःसंरचना : आवश्यकता, अबधारणा र प्रारुप* सिताराम तामाङ स. नेपालको सन्दर्भमा राज्यको पुनःसंरचना, बागबजारः सामना प्रकाशन ।

थापा परी (•), *नेपालमा संघीय शाषन प्रणालीः किन र कसरी । संघीय राज्यको नया संरचना।,* काठमाडौः बिबेक सिर्जनशील प्रा.लि ।

नेपाल, प्रदीप (२०६८), अखण्ड नेपाली संघीयता । कान्तिपुर, २१ फाल्गुन २०६८ कान्तिपुर पब्लिकेसन प्रा.लि ।

न्यौपाने, गोविन्द (२०००), *जातीय प्रश्न, सामाजिक बनोट र साझेदारीको सम्भावना,* सेन्टर फर डेभलपमेन्ट स्टडिज, थापाथली, काठमाडौं, नेपाल ।

भट्टचन, कृष्णबहादुर (२०६६) धर्मरिपेक्षताको राजनीति । *नयाँ पत्रिका* बैसाख १६ ।

भट्टचन, कृष्णबहादुर (२०६७), बिश्वको आदिवासी जनजाती आन्दोलनको संक्षिप्त इतिहास । जसपाल किरात, सं *आदिवासी जनजाती* अ, ३, मङ्सीर, काठमाडौः आदिवासी जनजाती उत्थान राष्िय प्रतिष्ठान ।

भुसाल, घनश्याम (२०६८), राज्य मान्छेको कि जातको । *कान्तिपुर* १८ फाल्गुन २०६८ः कान्तिपुर पब्लिकेसन प्रा.लि ।

मिश्र, चैतन्य (२०६८), आत्मनिर्णयको कुरा फजुल हो । *कान्तिपुर* १५ वैसाख २०६८ः कान्तिपुर पब्लिकेसन प्रा.लि ।

मिश्र, चैतन्य (२०६८), जातीयतावाद अर्थात नयाँ दक्षिणपन्थी भड्काव । *नेपाल* २४ पुष २०६८, कान्तिपुर पब्लिकेसन प्रा.लि ।

यादब, उपेन्द (•), *स्वायत मधेश प्रदेश । संघीय राज्यको नया संरचना,* काठमाडौः बिबेक सिर्जनशील प्रा.लि ।

सिंह, मोहनबिक्रम (•), *के नेपालको लागि संघीय शाषन व्यवस्था उचित हुन सक्दछ ? संघीय राज्यको नया संरचना,* काठमाडौः बिबेक सिर्जनशील प्रा.लि ।

श्रेष्ठ, राजेन्द्र (२०६६), *बिश्वका संघीय राज्यहरु, संबिधानसभा र नेपालको बाटो ।* भोटाहिटी काठमाडौः सेन्टर फर फेडरल स्टडीज, नेपाल ।

श्रेष्ट, श्याम (•), *नेपालमा संघीय रान्य प्रणालीको संभाबित स्वरुप र संरचना । संघीय राज्यको नया संरचना,* काठमाडौः बिबेक सिर्जनशील प्रा.लि ।

ज्ञवाली, प्रदीप (•), *राज्यको पुनःसंरचना र समाबेशीकरणका सवाल । संघीय राज्यको नया संरचना,* काठमाडौः बिबेक सिर्जनशील प्रा.लि ।

## आदिवासी जनजाती आन्दोलनका मुख्य-मुख्य घटनाक्रम

| समय | घटना विवरण |
|---|---|
| सन् १७७८ | पल्लो किरातका लिम्बुहरुको भाषिक आन्दोलन |
| सन् १७९३ | नुवाकोटका तामाङहरुले गरेका स्वशासनसम्वन्धी आन्दोलन |
| सन् १८०८ | भोजपुरका राईहरुको भुमिसम्वन्धी आन्दोलन |
| सन् १८५५ | लमजुङका सुकदेव गुरुङले गरेको स्वशासनसम्बन्धी आन्दोलन |
| सन् १८७६ | गोर्खाका लखन थापाले राणाशासन विरुद्ध गरेको विद्रोह |
| सन् १८७७ | गोर्खाकै सुपति गुरुङले राणाशासन विरुद्ध गरेको विद्रोह |
| सन् १८८५ | नेपालका शासकहरुले बौद्ध धर्मग्रन्थ नष्ट गरेको विरुद्ध विद्रोह |
| सन् १९२४ | काठमाडौंका नेवारहरुले भाषिका थिचोमिचो भएको विरुद्ध गरेको विद्रोह |
| सन् १९६४ | किपट उन्मुलन विरुद्धको किरात विद्रोह |
| सन् १९६५ | काठमाडामौंमा नेवारहरुको भाषा आन्दोलन |
| सन् १९७५ | चेपाङहरुको किसान आन्दोलन |
| सन् १९६० | नुवाकोट र धादिङका तामाङहरुको जातीय आन्दोलन |
| सन् १९८० | जनमत संग्रहपछि काठमाडौंका नेवारहरुले सुरु गरेको भिन्नता आन्दोलन |
| सन् १९८८ | विभिन्न राजनितिक विचार बोकेका जनजाती संगठनहरुको विकास |
| सन् १९९१ | नेपाल आदिवासी जनजाती महासंघको स्थापना |

सन् १९९१ नेपालका आदिवासी जनजातीहरुले सुरु गरेको जातीय पहिचानसम्वन्धि आन्दोलन -भाषा, धर्म, संस्कृतिको विकास, संरक्षण र सम्वर्द्धन गर्न धर्मनिरपेक्ष राज्य घोषणा गर्न तथा सरकारी कामकाज र शिक्षामा मातृभाषाको प्रयोग गर्न)

सन् १९९३ नेपालमा पनि सन् १९९३ लाई विश्व आदिवासी वर्ष र सन् ११९५-२००४ लाई विश्व आदिवासी पहिलो र सन् २००५-१५ सम्मलाई दास्रो विश्व आदिवासी दसक तथा अगष्ट ९ लाई विश्व आदिवासी दिवस जनजाती अधिकारमुखी आन्दोलनको रुपमा मनाउन सुरु

सन् १९९४ लप्सीफेदी सम्मेलनद्वारा आदिवासी जनजातीलाई परिभाषित गर्ने काम सम्पन्न

सन् १९९५ गाई मार्न नपाइने कानुनी व्यवस्थाका विरुद्ध तत्कालीन स्वास्थ्यमन्त्री पद्मरत्न तुलाधरद्वारा सार्वजनिक रुपमा विरोध

सन् १९९६ प्रा.सन्तबहादुर गुरुङको संयोजकत्वमा आदिवासी जनजाती उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन तयार गर्ने कार्यदल गठन

सन् १९९७ राष्ट्रिय जनजाती विकास समिति गठन (गठन आदेस मार्फत)

सन् १९९९ काठमाडौं महानगरपालिकाले सरकारी कामकाजमा नेपाल भाषा, धनुषा जिविस तथा राजविराज नगरपालिकाले मैथली भाषा प्रयोग गर्न सुरु गरेकोमा सर्वोच्च अदालतले सरकारी कामकाजमा नेपाली भाषाबाहेक अन्य कुनै पनि स्थानिय मातृभाषा प्रयोग नगर्न-नगराउन भनि गरेको निर्णयविरुद्ध सुरु गरेको भाषिक आन्दोलन

सन् २००२ आदिवासी जनजाती उत्थान राष्ट्रिय प्रतिष्ठान स्थापना

सन् २००३ सुचिकरणमा परेका राई समुदायभित्रका कुलुङ, चामलिङ, नाछिरिङ, वाहिङ, लोहरुङ, याम्फु, बान्तवा लगायतका किरात समुदायद्वारा

आफुहरुलाई छुट्टै आदिवासी जनजातीको रुपमा सूचीकरण गरियोस भनी सुरु गरेको आन्दोलन र ती आन्दोलनमा पछि गुरुङ समुदायभित्र परेका घले, थारु समुदायभित्र परेका राना थारु, मगर समुदायभित्र परेका पुन, नेवार समुदायभित्र परेका ज्यापु, द्यःला, बलामी र मुगाल समुदायभित्र परेका कार्मरोङले पनि छुट्टै सुचीकरण हुनुपर्ने माग सुरु गर्दै सुरु गरेको आन्दोलन

सन् २००३ नेपालका आदिवासी जनजातीहरुले विश्व आदिवासी वर्षलाई आदिवासी जनजाती आन्दोलन वर्षको रुपमा मनाउन सुरु गरेको

सन् २००४ सुचीकृत आदिवासी जनजातीहरुको वर्गीकरण

सन् २००४ राजा ज्ञानेन्द्रको प्रतिगामी कदमविरुद्धको आन्दोलन

सन् २००५ राजा ज्ञानेन्द्रको प्रत्यक्ष शासन विरुद्धको आन्दोलन

सन् २००६ समावेशी संघिय लोकतान्त्रिक गणतन्त्रको पक्षमा र राजतन्त्रको विरुद्धमा राजनीतिक दलहरुद्वारा गरिएको आन्दोलनमा नेपालका आदिवासी जनजातीहरुको सक्रिय सहभागिता

सन् २००६ निरकुंश राजतन्त्रको अवसान तथा प्रतिनिधिसभाको पुनःस्थापना र पुनःस्थापित प्रतिनिधी सभाको पहिलो बैठकद्वारा नेपाललाई धर्मनिरपेक्ष राज्य घोषणा

सन् २००७ नेपालको अन्तरिम संविधान जारी

सन् २००७ अन्तरिम संविधानमा आदिवासी जनजातीहरुको हक अधिकार विपरीतका धाराहरु खारेजीको माग गर्दै सुरु गरेका आन्दोलनहरु

सन् २००७ नेपाल सरकारको तर्फबाट तत्कालीन प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाद्वारा नेपालमा संघिय शासन प्रणालीको घोषणा

सन् २००७ संविधानसभाको निर्वाचनमा पुर्ण समानुपातिक निर्वाचन प्रणलाी अपनाउन तथा संविधानसभाको निर्वाचन निर्धारित समयमा सम्पन्न गर्न सुरु गरेको आन्दोलन

सन् २००७ नेपाल सरकार र आदिवासी जनजातीहरुबीच २० बुँदे सम्झौतापत्रमा हस्ताक्षर

सन् २००७ नेपाल सरकारद्वारा अन्तराष्ट्रिय श्रम संगठन महासन्धी १६९ पारित तथा संयुक्त राष्टसंघको ६१औं साधारण सभामा आदिवासी जनजातीहरुको अधिकारसम्वन्धि संयुक्त राष्ट्रसंघिय घोषणापत्रको पक्षमा मतदान

सन् २००८ आसन्न संविधानसभाको निर्वाचनमा समावेशी र समानुपातिक ढंगबाट आदिवासी जनजातीका उम्मेद्वारहरु मनोनयन गर्न राजनीतिक दलहरुलाई सशक्त दबाबमुलक कार्यक्रम तथा आदिवासी जनजाती उम्मेद्वारहरुलाई जिताउन देहव्यापी अभियान

सन् २००८ संविधानसभाको निर्वाचन सम्पन्न तथा संविधानसभा विभिन्न राजनीतिक दलहरुबाट २१९ आदिवासी जनजातीहरु निर्वाचित

सन्२००९ नेपाल सरकारद्वारा प्रा.डा. ओम गुरुङको संयोजकत्वमा आदिवासी जनजाती सुचि पमिार्जन उच्चस्तरीय कार्यदल गठन

सन् २०१० आदिवासी जनजाती सूची परिमार्जन कार्यदलद्वारा सरकारलाई सूची परिमार्जन प्रतिवेदन (गरुङ, २०६७)